## विषय प्रवेश

बझाङ जिल्लाको थली-नौबिस क्षेत्रमा हिन्दूपरम्परा अनुसार विभिन्न देव-देवीको पूजा गरिनुका साथै विभिन्न सांस्कृतिक कार्यहरु पनि गरिन्छन् । ती कार्यहरु गर्दा खेरि सोही बमोजिम मागलको गायन पनि गरिने गरिन्छ । थली-नौबिस क्षेत्रमा रहेका स्थानीय कुलदेवताहरु - बाठपाला, महालिङ्ग, ईश्वर, मष्टा तथा सुर्मा र दुर्गादेवी लगायत र राजा गोपीचन्न र होमको पूजा आजा र कर्म गर्दा पनि मागल गाउने गरिन्छ । सांस्कारिक कार्यहरु :-छैट तथा खैटीपूजा, न्वारन, विवाह, चूडाकर्म, कन्यादान, अन्नप्रसान गर्दा खेरी पनि शुभ-कार्यको सफलताको लागि मागल गाउने गरिएको पाइन्छ । त्यहाँ गाउने यी मागलहरु सुन्दाखेरि त्यो क्षेत्र नेपाली लोकसाहित्यको उर्वरभूमिका रुपमा रहेको देखिन्छ । लोकगीतको एक स्वरुपका रुपमा रहेको ती मागलहरुले नेपाली लोकसाहित्य र लोकगीतको जगलाई थप मजबुत  बनाइएको देखिन्छ ।  लोक साहित्यका  यी विधा तथा उपविधाको प्रकाशन प्रसारण, शोध, खोज तथा अनुसन्धान गरिएन भने लोप भएर जाने अवस्थामा पुग्न सक्छन् । जसले गर्दा नेपाली लोकसाहित्यमा ठूलो क्षती पुग्न जान्छ । थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरुको संरक्षण तथा सम्वर्द्धन गरेमा समग्र लोकसाहित्य क्षेत्रकै संरक्षण र सम्वर्द्धन हुने देखेर यस क्षेत्रका मागलहरुको अध्ययन आवश्यक भएको हो ।

# अध्याय-१

# शोध परिचय

## १.१ शोध-शीर्षक

यस शोधको शीर्षक 'बझाङ थली-नौबिसमा प्रचलित मागलहरूको अध्ययन' हो ।

## १.२ शोध-प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषयप्रवेश

बझाङ जिल्लाको थली-नौबिस क्षेत्रमा हिन्दूपरम्परा अनुसार विभिन्न देव-देवीको पूजा गरिनुका साथै विभिन्न सांस्कारिक कार्यहरू पनि गरिन्छन् । ती कार्यहरू गर्दा खेरि सोही बमोजिम मागलको गायन पनि गरिन्छ । थली-नौबिस क्षेत्रमा रहेका स्थानीय कुलदेवताहरू - बाठपाला, महालिङ्ग, ईश्वर, मष्टा, सुर्मा तथा दुर्गादेवी लगायत राजा गोपीचन्न र होमको पूजा आजा र कर्म गर्दा पनि मागल गाउने गरिन्छ । सांस्कारिक कार्यहरू - छैट तथा खैटीपूजा, न्वारन, विवाह, चूडाकर्म, कन्यादान, अन्नप्रासनमा पनि शुभ-कार्यको सफलताको लागि मागल गाउने गरिएको पाइन्छ । त्यहाँ गाउने यी मागलहरू सुन्दाखेरि त्यो क्षेत्र नेपाली लोकसाहित्यको उर्वरभूमिका रूपमा रहेको देखिन्छ । लोकगीतको एक स्वरूपका रूपमा रहेका ती मागलहरूले नेपाली लोकसाहित्य र लोकगीतको जगलाई थप मजबुत बनाएको देखिन्छ । लोकसाहित्यका यी विधा तथा उपविधाको प्रकाशन प्रसारण, सोधखोज तथा अनुसन्धान गरिएन भने लोप भएर जाने अवस्थामा पुग्न सक्छन् । त्यसले नेपाली लोकसाहित्यमा ठूलो क्षती पुग्न जान्छ । थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूको संरक्षण तथा सम्वर्द्धन गरेमा लोकसाहित्य क्षेत्रको संरक्षण र सम्बर्द्धनमा केही योगदान हुने भएकाले त्यस क्षेत्रका मागलहरूको अध्ययन तर्फ  अग्रसर हुन परेको हो ।

## १.४ शोध-समस्या

यस शोध-कार्यका प्रमुख समस्याहरू यस प्रकार छन् :-

क) विभिन्न मागलहरू गाइने बझाङ जिल्लाको परिवेश कुन प्रकारको छ ?

ख) लोक साहित्यमा मागलको पहिचान के हो ?

ग) बझाङ थली-नौविसमा प्रचलित मागलहरूको स्वरूप कस्तो छ ?

घ) ती मागलहरू के कति प्रकारका छन् ?

ङ) ती मागलका विशेषता के कस्ता छन् ?

## १.५ शोध-कार्यको उद्देश्य

प्रस्तुत शोध-कार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :-

क) बझाङ जिल्ला र थली-नौबिस क्षेत्रको परिचय प्रस्तुत गर्नु ।

ख) लोक साहित्यमा मागलको पहिचान स्पष्ट पार्नु ।

ग) बझाङ थली-नौबिसमा प्रचलित मागलहरूको सङ्कलन गर्नु ।

घ) यस क्षेत्रमा प्रचलित मागलहरूको वर्गीकरण गर्नु ।

ङ) यस क्षेत्रमा प्रचलित मागलहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

विभिन्न विद्धानहरूबाट मागलका विषयमा धेरथोर अध्ययन भएको पाइन्छ । लोक साहित्य तथा मागलका बारेमा अध्ययन गर्ने क्रममा देवकान्त पन्तले ***'डोटेली लोकसाहित्य एक परिचय (२०३२)'*** मा लोक साहित्यका धमारी, चैत, ढुस्को, फाग, सगुन (मागल) चाँचरी आदिका बारेमा प्रकाश पार्दै मागललाई सगुन भनेर महिलाहरूले गाउने विशेष गीतका रूपमा प्रस्तुत गरेका छन् । तर बझाङ थली-नौबिस क्षेत्रका मागलको बारेमा केही पनि उल्लेख गरेका छैनन् ।

यसै गरी पूर्णप्रकाश नेपाल 'यात्री' को 'सेती अञ्चल वर्णन र यात्रा' अन्तर्गत ***'सेतीको नालीबेली (२०३५)'*** मा सेती अञ्चलको जनजीवन र लोकसंस्कृति सम्बन्धी विशेष चर्चा गरेका छन् । त्यस क्रममा बझाङ जिल्लाको संस्कृति, सामाजिक तथा लोक

जीवनका विविध पक्षको उल्लेख गरिए पनि थली-नौबिस क्षेत्रका मागलको बारेमा केही उल्लेख गरेका छैनन् ।

उमा चन्दको *'बैतडेली साँस्कृतिक फागहरूको अध्ययन' शोधपत्र (२०४९)* मा लोक साहित्यका लोकगीत तथा फागका बारेमा विशेष चर्चा गरिए पनि मागलका बारेमा व्याख्या गरिएको छैन । यसैगरी जयराज पन्तले *'अञ्जुली भरि सगुन पोल्टा भरी फाग (२०५४)'* मा मागललाई मङ्ला:रीद्वारा गाइने गीत अर्थात जन्मेदेखि विवाह सम्मका अनुष्ठान, उपवास, पूजापाठ, व्रतआदि संस्कारमा गाइने गीत भनेर मागलको परिभाषा दिएका छन् । उनले डोटेली मागलका बारेमा व्याख्या गरे पनि बझाङमा प्रचलित मागलका बारेमा केही उल्लेख गरेका छैनन् ।

यसै क्रममा रामभक्त उपाध्यायको *'बझाङी डेउडा गीतको अध्ययन शोधपत्र (२०५७)'*, प्रेमराज जोशीको *'बझाङी धमारीको अध्ययन शोधपत्र (२०५८)'*, लगायत 'पहाडी' मानबहादुर सिंहले *'थली-नौबिसको संक्षिप्त इतिहास (फागलहरी) २०५८'* मा बझाङ जिल्लाका विभिन्न क्षेत्रमा प्रचलित लोकगीत, डेउडागीत, धमारीको बारेमा अध्ययन तथा शोधखोज गरेपनि थली-नौबिस क्षेत्रको मागलका बारेमा कुनै कुरा गरेका छैनन् । विष्णुभक्त उपाध्यायले आफ्नो *'बझाङ थलााराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण शोधपत्र (२०५८)'* मा बझाङ थलाराका प्रमुख फाग तथा लोक गाथाका बारेमा अध्ययन गरे पनि थली-नौबिस क्षेत्रको मागललाई समेट्न सकेका छैनन् ।

बझाङ जिल्लाकै लोकसाहित्य अन्तर्गत गाउँखाने कथा तथा भुओगीतको अध्ययन भएको पाइन्छ । गोकुलराज जोशीको *'बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन शोधपत्र (२०५९)'* हितराज जोशीको *'बझाङी संस्कृतिमा भुओगीतको अध्ययन शोधपत्र (२०६१)'* मा बझाङका गाउँखाने कथा, भुओगीत लगायत डेउडागीत र अन्य गीतहरूको अध्ययन भए पनि त्यहाँका मागलका बारेमा विस्तृत अध्ययन गरिएको छैन । यसै गरी जितानन्द अधिकारीको *'अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शोधपत्र (२०६४)'* मा अछामी मागलका बारेमा विस्तृत अनुसन्धान भए पनि बझाङको मागललाई छोइएको पाइँदैन ।

उपर्युक्त विवेचनाबाट के स्पष्ट हुन्छ भने बझाङ जिल्लाको थली-नौबिसलाई विशेष थलो बनाएर हालसम्म त्यहाँ प्रचलित मागलहरूको बारेमा कही कतैबाट पनि अध्ययन भएको पाइँदैन । यसैले बझाङको थली-नौबिसमा प्रचलित मागलको स्वरूपलाई चिनाउँदै यसको अध्ययनमा गहिरिन आवश्यक हुन गएको हो ।

## १.७ शोधको औचित्य

बझाङ जिल्लाको थली-नोबिस क्षेत्रमा प्रचलित 'मागल'को अध्ययनसँग सम्वन्धित नयाँ काम यस शोध कार्यले गरेको छ । त्यसका आधारमा यसको अनुसन्धानात्मक औचित्यको पुष्टि हुन्छ । यसका साथै यस कार्यबाट मागलको संरक्षण र सङ्कलन पनि हुन गएको छ । यस शोधले बझाङ थली-नौबिसमा प्रचलित मागल र यसै जिल्लाका अन्य भेग, क्षेत्र तथा अन्य जिल्ला, भेग र क्षेत्रमा प्रचलित मागलका बीचमा तुलनामत्मक अध्ययन गर्न चाहानेहरूलाई पनि केही हदसम्म सहयोग गर्ने, सघाउने र थप सामग्री उपलब्ध गराउने हुँदा यस शोधको औचित्य स्वतः सिद्ध भएको छ ।

## १.८ सामग्री-सङ्कलनविधि

यस शोधपत्रमा उल्लिखित मागलहरूको सङ्कलन क्षेत्रीय अनुसन्धान विधिबाट गरिएको छ, जस अन्तर्गत अन्तर्वार्ता, प्रश्नोत्तर, सोधपुछ, हस्तलिखित सामग्री आदिको प्रयोग गरिएको छ । यसको विश्लेषणका लागि आवश्यक सैद्धान्तिक आधारका निम्ति भने पुस्तकालीय विधिको उपयोग गरिएको छ ।

## १.९ शोध-अध्ययनविधि

बझाङ थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूलाई सङ्कलन गरि तिनको विश्लेषण र अध्ययन गर्ने क्रममा यस शोधपत्रमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.१० सीमाङ्कन

नेपाली लोकसाहित्यमा लोकगीतको क्षेत्र व्यापक र विस्तृत छ । बझाङ जिल्ला पनि यस दृष्टिले महत्वपूर्ण जिल्ला हो । प्रस्तुत अध्ययनमा बझाङ जिल्लाको थली-नौबिस क्षेत्रमा नेपाली भाषामा प्रचलित मागलहरूलाई अध्ययनको विषय बनाईएको छ । यस

क्रममा यहाँ प्रचलित प्रमुख मागलहरूको मात्र विश्लेषण, वर्गीकरण, अध्ययन र सङ्कलन गर्नु यस शोध कार्यको सीमा हो ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ :-

अध्याय - १ शोधपरिचय

अध्याय - २ बभ्फाङ जिल्लाको सामान्य परिचय

अध्याय - ३ लोकगीत र मागल

अध्याय - ४ थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूको अध्ययन

अध्याय - ५ थली-नौबिस क्षेत्रका मागलहरूको वर्गीकरण

अध्याय - ६ निष्कर्ष

# अध्याय-२

## बझाङ जिल्लाको सामान्य परिचय

### २.१ नामकरण

बझाङ जिल्लाको नामकरणबारे एक ऐतिहासिक एवम् रोचक कथन प्रचलित छ । त्यस कथन अनुसार बझाङी राजाका पूर्वजले व्यासी गा.वि.स. मा पर्ने एउटा शिखरमा कोट (दरबार) बनाउने क्रममा एउटा कालो चिल्लो दर्शनीय शिला फेला पारेछन् । त्यो शिलालाई त्यस कोटबाट तल खोलामा फ्याँक्दा बारम्बार साबिककै ठाउँमा आएर बसेको देखेपछि राजाले उक्त शिलालाई कोटमा कालभैरवको रूपमा स्थापित गरी मन्दिर बनाएर पूजा गर्ने गरेछन् । अति अग्लो उक्त कोटमा कालान्तरपछि कोट दरबारमा चट्याङ तथा वज्र परेछ तर कालभैरवको प्रभावले सो वज्र शक्तिहीन भई दरबारलाई कुनै क्षति नपुगेकाले त्यस ठाउँलाई बज्रङ भनिएछ । निकै समयको अन्तरालपछि बज्रङ भन्ने शब्द परिर्वतन भई 'बझाङ' हुन गएको हो भन्ने ऐतिहासिक मान्यता रही आएको ।[१]

### २.२ भौगोलिक अवस्था

#### २.२.१ अवस्थिति

बझाङ जिल्ला नेपालको उत्तरी भेगमा अवस्थित २९° २२' देखि ३०° ९' उत्तरी आक्षांश र ८०° ४६' पूर्वी देशान्तरदेखि ८१° ३४' पूर्वी देशान्तरसम्म रहेको भौगोलिक हिसाबले विकट जिल्ला हो ।[२] यस जिल्लाको पूर्वमा बाजुरा, पश्चिममा बैतडी र दार्चुला जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र हुम्ला जिल्ला तथा दक्षिणमा डोटी जिल्ला पर्दछन् । यस जिल्लाको  सदरमुकाम चैनपुर हो । समग्रमा यस जिल्लामा ४७ वटा गाउँ विकास समिति, ११ वटा इलाका तथा २ वटा निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल ३४२२०० हेक्टर रहेको छ । यस जिल्लामा नेपालको कुल जनसङ्ख्याको ०.७२ प्रतिशत मानिसहरू बसोबास गर्दछन् ।[३]

---

१ **जिल्ला पार्श्वचित्र**, (बझाङ : जिल्ला विकास समितिको कार्यालय, २०६०), पृ. १ ।

२ **बझाङ टेलिफोन डायरी**, (काठमाण्डौ : बझाडी समाज, २०६३), पृ. ६ ।

३ **जिल्ला पार्श्वचित्र,** पूर्ववत् , पृ. २ ।

### २.२.२ भू- क्षेत्र

समुद्री सतहबाट यस जिल्लाको सबैभन्दा तल्लो भू-भाग रायल गाउँ विकास समिति अन्तर्गत पर्ने देउरा क्षेत्र ३,००० फिटको उचाईमा अवस्थित छ भने सबैभन्दा बढी उचाईमा काँडा गाउँ विकास समिति क्षेत्र १२,००० फिटको उचाईमा रहेको छ । यस जिल्लाको उत्तरी भेगमा रहेको प्रसिद्ध साइपाल हिमाल करिब २३,००० फिटको उचाईमा रहेको छ ।

विविध भौगोलिक बनावट, असमान उचाई तथा अलग-अलग धरातलीय स्वरूप भएको कारण हावापानीमा निकै विविधता पाइन्छ । यस जिल्लाको ६० प्रतिशत भू-भाग शीत प्रदेश, ३० प्रतिशत भू-भाग समशीतोष्ण र बाँकी १० प्रतिशत भू-भाग उपोष्ण प्रदेशमा पर्दछ । भौगोलिक अवस्था अनुसार कुल क्षेत्रफलको २९.९ प्रतिशत अर्थात् १९८६५ हेक्टर क्षेत्रफल चरन क्षेत्र तथा ५३ प्रतिशत अर्थात १८२४५२ हेक्टर क्षेत्रफल पहाड, चट्टान, नदीनाला तथा भीरपाखा पर्दछन् ।[४]

### २.२.३ माटाको बनावट र उर्वरा शक्ति

बझाङ जिल्लाको माटाको बनावट क्रमशः बलौटे, दोमट, चिम्ट्याइलो, सेतो ( कमेरो), रातो, पाँगो तथा कालो किसिमको रहेको छ । जिल्लामा १०,६५७ हेक्टर झाडी क्षेत्र, ३३,२२० हेक्टर सिञ्चित क्षेत्र, १,०३६ हेक्टर अर्ध सिञ्चित क्षेत्र १२,२२८ हेक्टर असिञ्चित क्षेत्र तथा १७,५२९ हेक्टर बारी र ३,९१८ हेक्टर खेत रहेको छ । जिल्लाको औसत अन्न वाली क्षेत्र २८,४०० हेक्टर छ ।[५] यस जिल्लाको लेकाली तथा हिमाली क्षेत्रमा सेतो र रातो माटो पाइने हुनाले उब्जनी कम हुने हुँदा एक वर्षको एउटा बाली मात्रै उत्पादन गर्ने गरिन्छ भने पहाडी तथा सेती नदीको छेउछाउको भू-भागमा बलौटे, कालो, मलिलो तथा दोमट प्रकारको माटो पाइने र उब्जनी पनि बढी हुने हुनाले हिउँदे र बर्खे (वर्षे) दुइटै प्रकारको बाली उत्पादन गर्ने गरिन्छ ।

---

४ **जिल्ला पार्श्वचित्र** पूर्ववत्, पृ. २ ।

५ ऐजन ।

### २.२.४ भूक्षय सम्भावित क्षेत्र

भू-क्षयको दृष्टिकोणले नेपालमा जलाधारीय अवस्थाको आधारमा अति खराब, सीमान्त, खराब, साधारण र उत्तम गरी ५ वर्गमा विभाजन गरिएकोमा बझाङ जिल्ला खराब वर्गमा पर्दछ । प्राय:जसो हिमाली तथा पहाडी क्षेत्रले ढाकेको हुनाले पहिरो, नदीनालाहरू भू-कम्प आदिले गर्दा भू-क्षयको सम्भावित क्षेत्र बढी छ । यसको बढ्दो जनसंख्याको चापले बनजङ्गल फँडानी भई बाढी पैरो खडेरी हुने सम्भावना झन बढी छ । खास गरि सम्भावित क्षेत्रमा नदी बेसीका बस्तीहरू सेती र कालंगा नदी आसपासका क्षेत्रहरू तपोवन, ज्वालामुखी क्षेत्र आदि पर्दछन् । गाविस अनुसार काँडा, दातालो सुनीकोट, भातेखोला, मेलबिसौना, चैनपुर, हेमन्तबाडा लुयाटाँ, रिठापाठा, सुबेडा, मालुमेला, मटेला, चौधरी, कोटभैरव, पाराकाट्ने, दंगाजी, भैरवनाथ तथा रायल सेती नदी आसपासमा पर्दछन् भने कांलगा नदीमा खिरातडी दहबगर, बाज, सुनकुडा, गाविसका भू-भागहरू सम्भावित भू-क्षयका क्षेत्रमा पर्दछन् ।[६]

### २.२.५ नदीनाला

कर्णाली नदीको पश्चिमी प्रमुख आधार सेती नदी बझाङ जिल्लाको सबैभन्दा महत्वपूर्ण नदी हो । जलभण्डार वा जलस्रोतको आधारमा यस जिल्लामा पर्याप्त स्रोतहरू रहेका छन् । जलस्रोतको हिसाबले जिल्लामा ६ वटा ठूला र २४ वटा भन्दा वढी अन्य साना नदी तथा खोलाहरू छन् । सेती नदीको बहाव, करीब २२८ किलोमिटर जति छ । न्युनलो, इंगलदार, घाटगङ्गा, लिस्नीगाड आदि खोलाहरू एउटैमा मिलेपछि सेती नदीको नामले पुकारिन्छ । गनाइगाड, धरूनीगाड, तलकोटीगाड, सुनिगाड, बाहुलीगाड, जहारीगाड, देउलीगाड, धौलीगाड, थलारीगाड, जसोदा खोला लगायत कालंगा नदी बुढीगाङ्गा, कमला नदी आदि सेतीनदीका सहायक नदीहरू हुन् ।[७] यसबाहेक खतेडीगाड, तारूगाड, ठूलीगाड, बेशगाड छडिगाड, दिलगाड, सैनखोला, न्युनिगाड आदि बझाङका मुख्य-मुख्य नदी नाला भित्र पर्दछन् ।

---

६ **जिल्ला पार्श्वचित्र**, पूर्वतत्, पृ. ३ ।

७ पूर्ण प्रकाश नेपाल 'यात्री', **सेती अञ्चल दिग्दर्शन**, (विराटनगर : हिमाललय सौगात प्रकाशन, २०३५), पृ. ३४ ।

### २.२.६ जलवायु

बझाङ जिल्लाको अधिकांश भू-भाग हिमावर्त क्षेत्र रहेको पाइन्छ । यो जिल्ला उग्रशीतप्रधान जिल्ला मध्ये एक हो । औल वा बेसीका रूपमा रहेका केही ठाउँहरू पनि यहाँ पाइन्छन् । सदाबाहार समशीतोष्ण जलवायु भएकाले यस जिल्लालाई स्वथ्य जलवायु प्रधान जिल्ला पनि भन्न सुहाउँछ । यस जिल्लाको औसत तापक्रम ग्रीष्ममा २९.९ डिग्रीसेन्टीग्रेड र मध्य हेमन्तमा ४.७ डिग्रीसेन्टीग्रेड मानिन्छ । यहाँको औसत अधिकतम तापक्रम १८.५ डिग्रीसेन्टीग्रेड न्यूनतम तापक्रम ५.७ डिग्रीसेन्टीग्रेड रहन्छ ।[८]

चैतको तेस्रो हप्तादेखी जेठ तेस्रो हप्तासम्म तापक्रम वढी हुन्छ भने भाद्र तेस्रो हप्तादेखि पौषको दोस्रो हप्तासम्म चिसो हावापानी पाइन्छ । यहाँ मनसुनी हावाको प्रभाव कम तथा समुद्री वायुचाप अक्सर सोझै पर्ने हुनाले अन्य जिल्ला भन्दा जल-प्रताप स्थिति ज्यादै नाजुक पाइन्छ । यहाँ वर्षाका मौसममा एकनासको वर्षा पाइदैन, कहिले बढी र कहिले कम वर्षा हुने गरेको पाइन्छ । वर्षा ऋतुमा ४०६.० मिलिलिटर वर्षा भए पनि अरू ऋतुमा खासै वर्षा भएको पाइदैन ।[९]

### २.२.७ सामाजिक-आर्थिक अवस्था

बझाङ जिल्लाका ९७ प्रतिशत भन्दा वढी मानिसहरू हिन्दू धर्म मान्दछन् भने केही उत्तरी क्षेत्रमा बस्ने लामा, भोटे, तामाङ्ग र बोहराहरू बौद्ध धर्म पनि मान्दछन् । यस जिल्लामा सिंह, विष्ट मल्ल, धामी, थापा, रोकाया, गिरी, दौल्याल, बादी, सार्की, दमाई, पुजारा, कडायत, चौहान, गिरी, जोशी, पण्डित, खत्री, स्नेही, खड्का, खैर, धामी, जप्रेल आदि थरका मानिसहरू बसोबास गर्दछन् । नेपाली भाषाको वरपश्चिमा भाषिकाको बझाङी भेद यहाँका मानिसहरूले बोल्ने गर्दछन् ।

यस जिल्लामा उत्पदित हुने मुख्य बालीहरू धान, गहुँ, जौ, मकै, कोदो, आलु, मास्र्या आदि हुन । यस जिल्लाका बासिन्दाहरू गाई, भैसी, भेडा, बाखा, बङ्गुर आदि पशुपालन गर्नु आफ्नो दायित्व पनि सम्झन्छन् । गरिवीका कारण बिदेशिनु पर्ने बाध्यताले गर्दा यहाँका मान्छेको जीवनस्तर तल्लो दर्जाको देखिन्छ । सुख्खा मौसममा जिल्लाका आधा मानिसहरूले

---

८ **बझाङमा सामुदायिक वन विकास कार्यक्रम एक चिनारी**, (बझाङ जिल्ला वन कार्यलय, २०५६), पृ. ३ ।

९ पूर्ण प्रकाश नेपाल 'यात्री', पूर्ववत् पृ. ३४ ।

सडक यातायातको सुविधा प्राप्त गर्न सके पनि वर्षा याममा कच्ची सडक ठाउँ-ठाउमा भत्किने र विग्रिने हुँदा हवाई यातायातको सहायता लिनुपर्ने देखिन्छ । त्यसैले यहाँको यातायात सेवा त्यति भरपर्दो छैन र हवाई यातायात पनि हुने खानेहरूका लागि मात्रै प्रयोगमा आएको देखिन्छ ।

जिल्लामा २१५ वटा प्राथमिक विद्यालय, ३८ वटा निम्न माध्यमिक विद्यालय, २५ वटा माध्यामिक विद्यालय, २० वटा कोप प्राथमिक विद्यालय रहेका छन् । जम्मा साक्षरता ३८ प्रतिशत रहेको यस जिल्लामा पुरूष साक्षरता प्रतिशत ६० भएपनि महिला साक्षरता भने १६ प्रतिशत मात्रै छ ।[१०] हाल यस जिल्लामा ५ वटा क्याम्पस (निजी) र ११ वटा उच्च मावि स्थापना भएबाट यहाँको शैक्षिक स्तर सुधारोन्मुख रहेको देखिन्छ ।

जातिभेद र रूढिवादीले ग्रस्त यस जिल्लामा देशको बदलिदो राजनीतिक परिस्थितसंगै मान्छेको चेतनामा विकास भए पनि धामी, झाँक्रि प्रतिको विश्वास भने कायमै रहेको देखिन्छ । यस जिल्लामा बाहुन, ठकुरी, क्षेत्री र दलित जातिका मानिसहरू बसोबास गर्दछन् । यस जिल्लाको उत्तरी भेगमा बस्ने मानिसहरू न्यानो ऊनी भाङ्ग्राको कपडा लगाउछन् भने दक्षिण तथा अन्य भेगमा वस्ने मानिसहरू सुतीको गादो धोती, लुङ्गी, मेक्सी, गुन्य, चोलो, दौरा, सुरूवाल, टोपी, पैन्ट र कमिज लगाउने गर्दछन् । नाक, कानमा सुनका गहना र हातमा चाँदी बाला लगाउनु र चुरा पोते पैरिनु यहाँका माहिलाहरूको प्रमुख विशेषता नै हो । यहाँ बालविवाह र अनमेल विवाह तथा जारी प्रथाको अवशेष अझै विद्यमान छ ।

यस जिल्लाका मान्छेहरू धर्ममा विश्वास गर्ने हुनाले विभिन्न पर्वहरूमा देवी देवताको भव्य रूपमा पूजाआजा गर्ने गर्दछन् । बाहुनहरू बढी जसो परम्परागत साँस्कृतिक कार्यहरू गर्दछन् भने विवाह, काजक्रिया, न्वारन पास्नी सवै जातिका मानिसहरूले गर्ने गर्छन् । आफ्ना कुलदेवताको पूजाआजा गर्नाले जीवनमा सुख शान्ति मिल्छ भन्ने विश्वासका कारण केही मान्छेहरूले विभिन्न देवदेवीका मठमन्दिरमा हिंसात्मक पुजा गर्दछन् भने केहीले अहिंसात्मक पूजा गर्दछन् । यहाँका ठाउँहरूमा विभिन्न प्रकारका नामले पुकारिने कुलदेवताहरूको बासस्थान गरहेको पाइन्छ । यस जिल्लामा दुर्गादेवी, सुर्मादेवी, भगवती,

१० **जिल्ला पार्श्वचित्र**, पूर्ववत्, पृ. ५ ।

महालिङ्ग, बाठपालो, कैलाश, नवादेव, लठबाग, निमुन, केदारनाथ, बुढीमालिका, कालिका, गोइचन, डोलारी, भैरवनाथ, हुमीराज, लखमादेवी, शिलादेवी, नन्ददेवी, जाल्पादेवी, लडे, नरसिंह जस्ता देवदेतकिो पूजा गरिन्छ । यसका साथै यहाँका निवासीहरूले धोलौपुरो, दूधेमष्टो, दादेमस्टो ततोरो, खनारी, खापर, सिद्धबाबा, नानदेवता, लाडणे, धौलदेव, गणुले, जसैराज, लाटो, बज्रेश्वरी, पलाली, सुजन, कालसैन, मालिका, लवासैन, बेताल, डाणबाग, ईश्वर, बागेश्वर नासिंह कुलमादेवी, नीलकण्ठ, जोगरेश्वर आदि देवी-देवताहरूको पूजा पनि आफ्नो संस्कार अनुसार गर्दछन् ।

यस जिल्लाका बासिन्दाहरू बेलाबखत आउने चाडपर्व र मेलालाई विशेष उल्लास र रमाइलोसँग मनाउने गर्दछन् । यहाँ मनाइने प्रमुख मेला र चाडवर्पहरूमा दशै, शिवरात्री, अष्टमी, तिहार, बिसु, चैतलीमेला, गावेसंक्रान्ति, माघेसंक्रान्ति, गौरो, भूवो, वसन्तपञ्चमी, विर्सतीमेला, खप्तडमेला, सिल्देवीमेला, दसहरा र दसैनमेला आदि हुन् । यी चाडपर्व तथा मेलाहरूले सम्पूर्ण बझाङ जिल्लाको लोकसंस्कृतिलाई झुल्काएको मात्रै छैनन्, जगेर्ना पनि गरेको छन् । यस्ता विशेष प्रकारका मेला तथा चाडपर्वहरूमा राम्रो लुगा लगाउनु, मिठो खान खानु, देवी देवताको पूजा आजा गर्नु, डेउडा खेल्नु, साथीभाई तथा आफन्तसंग भेटघाट गर्नु, हाँसखेल तथा ख्यालठट्टा गर्नु यस जिल्लाका मानिसहरूको मुख्य पहिचान हो ।

लोकसाहित्यले भरिभराउ यस बझाङजिल्लामा प्रचिलत लोककथा, लोकगाथा, लोकगीत, मागल, फाग, चैत, धमारी, सवाई, हुड्केउली आदिको खोज तथा अन्वेषण नहुँदा यहाँका लोककोसेलीहरू त्यतिकै बिलाएर जाने अवस्थामा पुगेको छन् तर पनि यहाँका विभिन्न चाडपर्व, मेला, विवाह तथा अन्य संस्कारिक कार्यहरूबाट तिनको उठान र जीवन्तता रहेको पाइन्छ । अतः यस जिल्लाको लोकसाहित्य तथा अन्य विकासका लागि विभिन्न तह र तप्काका व्यक्ति, सरकारी तथा गैरसरकारी निकायहरू र समग्र जिल्लाबासीले आ-आफ्नो क्षेत्रबाट तन, मन, धन, बुद्धि र विवेकको सहि सदुपयोग गरी लागिपरेमा आधुनिक युगमा पनि लोकसाहित्य क्षेत्रको उत्थान र विकास त्यतिकै रूपमा भएको जिल्लावासी सवै जातजाति, वर्ग र क्षेत्रका मानव समुदायले महसुस गर्नेछन् । लोकसाहित्यको संरक्षण गर्नु हामी सबैको दायित्व पनि हो ।

# अध्याय-३

# लोकगीत र मागल

## ३.१ लोकसाहित्यको एक विधाका रूपमा लोकगीत

### ३.१.१ लोकसाहित्य

लोकसाहित्य 'लोक' र 'साहित्य' गरी दुईवटा शब्द मिलेर बनेको शब्द हो । लोकसाहित्यलाई नेपाली बृहत शब्दकोशमा यसरी अर्थ्याइएको छ - "सर्वसाधारण जनताको कोमल मनोभावनालाई व्यक्त गर्ने सरसभाव र सरल भाषा भएको, विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकूल गाइने, सुनाइने वा देखाइने, लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोककथा, लोक नृत्य आदिले युक्त साहित्य लोकसाहित्य, लोकवार्ता ।'[११]

वास्तवमा लोकसाहित्य भनेको समाजमा सिर्जित र जीवित साहित्य, लोक साहित्य हो । लोकका निमित्त लोकले बुझ्ने भाषामा लोकको सहज र स्वाभाविक अभिव्यक्ति भएको साहित्य लोकसाहित्य हो । यसमा अज्ञात रचनाकारद्वारा सहज रूपमा समाजका मनोभावनाहरू प्रस्तुत गरिएका हुन्छन् । लोकजीवनको हाँसो र आँसु, इच्छा र आकाङ्क्षा, अभाव र छटपटी आदि सारा जीवनक्रम लोकले सहज बुझ्न र पचाउन सक्ने गरी सहज र सरल शैलीमा प्रस्ट्याइने हुँदा नै यसलाई लोकसाहित्य भनिएको हो । यसका साथै लेकबेसी, घाँस दाउरा, मेलापात, उकालीओराली, घट्ट, दाइँ जस्ता दैनिक रूपमा गरिने व्यवाहारिक कार्यका सन्दर्भमा लोकसाहित्यले व्यक्त हुने अवसर पाउँछ । त्यसैले नै लोकसाहित्य हिमाल, पहाड, मधेस, गाउँसहर वनजङ्गल आदि सम्पूर्ण ठाउँमा अवस्थित समाजमा मौखिक रूपमा विद्यमान रहेको हुन्छ ।

लोकसाहित्य गरिब, धनी, बूढा, बच्चा, बाहुन, दमाई सबैको साझा साहित्य हो । अखण्ड मानव समाजको एकताको परिचय लोकसाहित्य भन्दा अन्यत्र पाँइदैन । "जनु रचना कुनै व्यक्ति विशेषको नामले प्रसिद्ध छैन, जो व्यक्तिविशेषको कृति नभएर पनि जनसामान्यको मान्यताको प्रतिनिधित्व गर्छ जसको भाषा सरल, सहज, स्वाभाविक एवंम्

---

[११] बालकृष्ण पोखरेल र अरू, **नेपाली बृहत् शब्दकोश** (काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ.११८९ ।

अलङकाररहित छ, त्यसैलाई लोकसाहित्य भन्न सकिन्छ ।"[१२] लोकसाहित्य वास्तवमै दुनियाँमा जे-जति प्राकृतिक छटाहरू र जीवजन्तुहरू दृश्य र अदृश्य रूपमा रहेका हुन्छन् तिनीहरूको भावना र सौन्दर्यलाई बोकेर फिजाँउने र फैलाउने सबैभन्दा पुरानो र जेठो साहित्यका रूपमा लोकमा प्रचलित रहिआएको छ । "लोकसाहित्य अपठित निरक्षर सर्वसाधारण जनसमुदायको प्राकृतिक र स्वतन्त्र भाषाको प्रयोग गरी लोकभाषा मै रचना गरिएको हुन्छ र लोकसाहित्यको स्रष्टा अज्ञात भए पनि त्यो एक पिँढीबाट अर्को पिँढी, एक टोलबाट अर्को टोल हुँदै जाने क्रममा सार्वजनिक सम्पत्तिका रूपमा आफ्नो स्थान मजबुत बनाउँदै लोकप्रियताको शिखरमा चढिसकेको हुन्छ ।"[१३]

लिखित साहित्यमा जस्तै लोक साहित्यमा पनि विभिन्न विधा छन् । लोकसाहित्यका ती विधाहरू यी हुन् - (क) लोकगीत (ख) लोकगाथा (ग) लोककथा (घ) लोकनाटक (ङ) गाउँखाने कथा (च) उखान टुक्का (छ) विविध । यी विभिन्न विधाहरूमध्ये लोकगीतसंग प्रस्तुत अध्ययन गाँसिएको छ ।

### ३.१.२ लोकगीत

'लोकगीत' लोकसंस्कृतिको महत्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो सहयोग पुऱ्याउन सक्छन् । प्राचीन आर्यहरूले पुस्तौ पुस्तासम्म सामवेद मुखाग्र पार्दै आए जस्तै लोकगीत पनि पुस्तौ पुस्तादेखि जनजिब्रोमा झुन्डिदै आएको हो । यहाँ समय समयमा थरी-थरीका लोकगीतहरू गाइन्छन् । यिनमा मागल, चुड्किला, चाचडी भारत (कर्खा) तिउडो (डेउडा) खेतीपाती र पशुपन्छीका लोकगीत मुख्य हुन् । "लोकगीतका भाका अर्थात् लयहरू त्यतिका फूर्तिला र चुड्किला खालका नभए पनि गीतका गेडा (शब्द) हरू र भावना भने निकै सरल र उच्चकोटका हुन्छन् । यस्ता गहकिला साहित्यले सिंगारिएका लोकगीतहरूले नेपाली लोकसंस्कृतिको क्षेत्रमा निकै ठूलो ठाउँ ओगटेको पाइन्छ"[१४]

---

१२ कैलाशचन्द्र अग्रवाल (५%) **बज्रलोक साहित्यमे लोकचेतना औ जीवन दर्शन,** (आगरा: चिन्मय प्रकाशन सन् १९८९), पृ १६ ।

१३ रामनाथ ओझा (५१०), र मधससूदन गिरी, **लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य, आधुनिक नेपाली, निबन्ध,** (कीर्तिपुर : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्टीव्युटर्स २०६०),

१४ प्रदीप रिमाल, **कर्णाली लो संस्कृति,** (काठमाण्डौ : नेपाल राजकीय-प्रतिष्ठान, २०२८), पृ. १ ।

लोकगीत लोकसाहित्यको व्यापक र प्रिय विधा हो । स्वच्छ र  सहज आत्माबाट प्रस्फुटित हुने कुनै पनि लोकको लयात्मक गीत नै लोकगीत भन्ने बुझ्न सकिन्छ । यसको प्रमुख विशेषता गेयता हो । खेतमा, खोलामा, पहाडमा, मैदानमा तथा घरायसी कुराका साथै संयोग-वियोग, लडाँइ, झन्झट, हाँसो, खुसीमा समेत लोकगीतको प्रयोग भएको पाइन्छ । लोकगीत नेपालीको तत्सम शब्द हो । यो 'लोकको' र 'गीत' भन्ने दुई शब्दका बीच  षष्ठी तत्पुरूष समासभई बनेको शब्द हो । यसको अर्थ नेपाली बृहत् शब्दकोशमा - 'जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत' भनेर लोकगीतको परिचय दिइएको छ ।[१५] लोकगीत शास्त्रीय छन्द्ध योजना भन्दा भिन्नै भएर पनि आकर्षित लयमा आधारित हुने भएकाले यसलाई सरलतापूर्वक गाउन सकिन्छ । लोकगीतको भाषा अत्यन्त प्रचलित सरल सहज हुन्छ । यसमा सजिला र कोमल  शब्दहरूले स्थान बढी पाएका हुन्छन् ।

लोकसाहित्यका विद्वानहरूका अनुसार-नेपाली लोकगीत लोकजीवनकै हाँसो, आँसु, पीडा, व्यथादि, अनुभव र अनुभूतिका अभिव्यक्ति हुन् । लोकजीवनकै सर्वसाधारण जनताका गीत हुन् ।  भीर, पहरा र लहराहरूमा लहरिदै घाँस काट्नेहरूका, दाउरा चिर्नेहरूका गीत र सुस्केरा हुन् । नेपाली चेली र बुहारीका बिलौना हुन् । परदेशी लाहुरे र तिनको पत्नीहरूका पर्खाइँका पट्याइँ हुन् । समग्रमा लोकगीत लोकजीवनको निकै प्रचलित र लोकप्रिय गीतका रूपमा रहेको पाइन्छ ।

नेपाली लोकगीतका विभिन्न भेदहरू छन् । तिनका बारेमा लोक साहित्य विद्हरूले व्यापक रूपमा चर्चा गर्दै आएका छन् । त्यस आधारमा नेपालीमा प्रचलित लोकगीतहरू निम्नानुसार  छन् :-

### ३.१.२.१ सामान्यगीत

कुनै खास अवसर र स्थितिमा नगाईकन जुनसुकै  वेलामा पनि गाइने  गीतहरू नै सामान्य गीत अन्तर्गत पर्दछन् । निश्चित अवसर र समयमा नगाइने गीतहरू जस्तैः- घाँसेगीत, झ्याउरे, बाह्रमासे गीतहरू सामान्य गीत अन्तर्गत पर्दछन् । यस्ता गीतहरूलाई सधैंभरि जहाँसुकै, जुनसुकै वेला पनि गाइरहन मिल्ने  हुन्छ ।

---

[१५] बालकृष्ण पोखरेल र अन्य, पूर्ववत् पृ. ११८८ ।

### ३.१.२.२ संस्कारगीत

नेपाली जनजीवनमा धर्मको महत्वपूर्ण स्थान र प्रभाव रहेको छ । वास्तवमा शुभ तथा शुद्ध कार्य गर्ने प्रक्रियालाई नै संस्कार भनिन्छ । कुनै पनि वस्तु विशेषको दोष, खराबी अदि दुस्तत्वलाई टाढा पन्छाइन्छ । जसका बदलामा असल र परिमार्जित कुरालाई समाजका सामुन्ने प्रस्तुत गरिनुलाई पनि संस्कार भनिने गरिन्छ । यस्ता संस्कार कर्महरूमा न्वारन, जन्म, विवाह, पास्नी, व्रतबन्ध जस्ता संस्कारिक कार्यहरू पर्दछन् । यिनै संस्कार कर्म सम्पन्न गर्दा लोकजीवनमा गाइने गीतहरू नै संस्कारगीत हुन् ।

### ३.१.२.३ ऋतु वा व्रतसम्बन्धी गीत

प्रकृतिको काखमा हुर्कि बढेका र रमाइरहेका नेपालीहरू प्रकृति प्रति मोहित हुदै विभिन्न ऋतु अनुसारका गीतहरू गाउने गर्दछन् । वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त, आदि ऋतुको स्वागतार्थ गाइने यस्ता गीतहरूलाई ऋतु सम्वन्धी गीत भनिन्छ । माघमा वसन्त श्रावण गर्ने र आषाढ, श्रावणमा वर्षा ऋतुका बारेमा गाएर वसन्त र वर्षा ऋतुलाई स्वागत गर्ने चलन सुदूरपश्चिमका केही जिल्लामा अझै पनि देख्न सकिन्छ । त्यसैगरी पूर्वी तराईका वासन्ती, फगुवा आदि गीतहरूलाई पनि ऋतुगीत अन्तर्गत राख्न सकिन्छ । विभिन्न पर्व र व्रतमा उपवास रहँदा निराहार वा फलाहारमा निर्भर रही ईश्वरीय चिन्तनमा लागेर एकचित्त मन लिएर बस्दा स्त्रोत-भजनका रूपमा गाइने गीतहरू यस अन्तर्गत पर्दछन् ।

### ३.१.२.४ कर्मगीत

कुनै पनि कामका समयमा गाइने रमाइला गीतहरूलाई कर्मगीत भनिन्छ । काम गर्दागर्दै आफ्ना शारीरिक थकावटलाई टाढा पन्छाउन र दिल बहलाउन आफ्ना श्रमिक साथीसंगीहरूको साथमा मिलेर यस्ता गीतहरू गाइन्छन् । रोपाइँ गर्दा, धानकाट्दा, मकै र कोदो गोड्दा, ढिंकी जाँतो गर्दा, घाँसपात गर्दा गाइने गीतहरू नै कर्म गीत हुन् । सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा यस्ता गीत गाएर रमाइलो गर्ने चलन बढी नै देखिन्छ ।

### ३.१.२.५ पर्वगीत

कुनै पनि ठाउँको कुनै पनि मान्छेहरूले आ-आफ्नै किसिमका चाडपर्वहरू मनाउने गरेको पाइन्छ । ती चाडपर्वहरूमा आ-आफ्नै भाषाका गीतहरू गाएर, हाँसखेल र रमाइलो

गर्न चलन पनि हुन्छ । यस्ता विभिन्न जात्रा, मेला, चार्ड, उत्सव, पर्व, आदिमा गाइने गीत नै पर्वगीत हुन् । तीजका गीतहरू, देउसी भैलो, मालश्री तथा होलीमा गाइने, गीतहरू खासखास चाडपर्वमा गाइने हुनाले  यिनीहरूलाई पर्वगीत भनिएको पाइन्छ ।

### ३.१.२.६ नृत्यगीत

गीतको साथै नाच्न पनि हुने लोकअभिव्यक्तिहरू नृत्यगीत अन्तर्गत पर्दछन् । "पुस्तकी बन्धनमा नपरेको धेरै सिंगारपटार नगरी प्रायः लगाएकै लुगामा जुरूक्क उठी झट्टै आफ्नो पनको स्वतन्त्र अभियानमा नाचिने नाचलाई  लोकनृत्य भनिएको छ ।"[१६] यस प्रकार नाच मिसिएको गीत अथवा गीत मिसिएको नाच अथवा भनौं नाच र गानको अन्योन्याश्रित सम्वन्ध भएको लोक अभिव्यक्तिलाई नै नृत्यगीत भन्न सकिन्छ ।

### ३.१.२.७ विविध

यस विविध अन्तर्गत माथि उल्लिखित विभाजन भित्र नपरेका छुटपुट गीतहरू जस्तै हुड्क्यौली बालगीत आदि  गीतहरू पर्दछन् ।

## ३.२ लोकगीतको एक  स्वरूप मागल

लोक साहित्यको उद्गम थलो मानिने सुदूरपश्चिममा 'मागल' शब्दले 'मङ्गल वा शुभ' भन्ने अर्थ दिन्छ । कसैकसैले 'मागल' शब्दको व्युत्पतिगत अर्थ मा-आमा, गल-गलो वा आवाज भनेर लेखेका छन् र यसको वास्तविक अर्थ आमाहरूको आवाज अर्थात् आमाहरूको समूहले गाउने गीत भन्ने कुरा व्यक्त गरेका छन् ।[१७] वास्तवमा शुभ कार्यको लागि गाइने गीत नै मागल हो ।

मागललाई लोकगीत कै एक हिस्सा वा स्वरूप मान्दै डा.रामनाथ ओझा र मघुसूदन गिरिले लेखेका छन् - "हिन्दूधर्मद्वारा अनुप्राणित नेपाली समाजका विभिन्न मङ्गलका निमित्त गाइे मङ्गल गान र त्यस्ता गीतका माङ्गलिक वा कारूणिक लय समेतलाई समाजले

---

१६ कालिभक्त पन्त, **हाम्रो संस्कृतिक इतिहास,** (काठमाण्डौः सृजना प्रिन्टर्स, प्रकाशक स्वयंम् २०२८), पृ १८ ।
१७ सिंह मान बहादुर 'पहाडी' **सनातन धर्म**, (कञ्चनपुर : जोशी पुस्तकाल, २०४८), पृ. ११ ।

लोकगीत अन्तर्गत राखेको पाइन्छ । संस्कार सम्वन्धी कुनै कार्य गर्दा त्यो सफलतापूर्वक सम्पन्न होस् भनेर गाइने गीत मागल हुन् । मागल संस्कार गीत हुन् ।" [१८]

यसैगरी मागललाई 'माहाल' नाम दिई लोकगीतकै एक स्वरूप मान्दै कालीभक्त पन्तले लेखेका छन् - 'माहाल' शब्द मंगल शब्दबाट बनेको भनि क्यै संस्कृतप्रेमी पण्डित भन्दछन् । जे होस् महालगीत हाम्रो पर्वतीय क्षेत्रमा र पूर्व दार्जिलिङ सिक्किम र भुटान तकका गोर्खाली समाज तथा कुमाउ भेगमा समेत प्रायः एकै किसिमका भाका, स्वरमा गाइन्छन् । 'माहाल' गीतहरू न्वारन, पास्नी, व्रतबन्ध विवाहमा र अन्यअन्य शुभकार्यमा नगाईकन अघि क्यै काम थालिन्नथ्यो । छिमेकमा 'माहाल' गीतहरू पर्वै पिच्छेका अलग - अलग हुरून्छन् तर ऐले लुप्त प्रायः हुँदैछन् ।[१९]

साहित्यकार विजय चालिसेले पनि मागललाई गीतकै रूपमा लिई अगाडी भनेका छन् । मागल भनेका मङ्गल गीतहरू हुन् । यिनभित्र ऐतिहासिक र धार्मिक विषयवस्तु समावेश भएको पाइन्छ । मागल संस्कार गीत हुन् ।"[२०] उनले उदाहरण स्वरूप मालिका देवीको मागललाई यसरी प्रस्तुत गरेका छन् :-

कहाँ रे माता जरमन लियो
माता कहा रे लियो रजथान
कति रे मैना माल मनेश कति रे मैना हिमाल
नउरे मैना माल मनेश चतुर मास हिमाल

मागललाई सगुनका रूप लिदै यस बारेमा जयराज पन्तले भनेका छन् - "मागल (सगुन) नारीहरूद्वारा मात्र गाइने लोक रचना हो । महिलाहरूकै यसमा समूहस्वर गुन्जिन्छ । यसको परम्पराले विशेषगरी पुत्रवती सधवा नारीको कण्ठलाई अधिक प्रश्रय दिएको अनुभव हुन्छ । शुभवचन, शुभभाव र शुभसङ्केतको निवार्ह गर्दै महिलाद्वारा रचिएको, महिला समूहका लहरीमा प्रत्येक माङ्गलिक कार्यका थालनीमा गुन्जिने नारी गीतका रूपमा पनि यसको परिचय दिन सकिन्छ ।

---

१८ रामनाथ ओझा (५१०) मघुसूदन गिरी, पूर्ववत्, प्र. ३६ ।

१९ कालीभक्त पन्त, पूर्ववत् पृ १३ ।

२० विजय-चालिसे , डोटी वर्णन र यात्रा, **डोटेली लोक संस्कृति र साहित्य,** (काठमाण्डौ, साझा प्रबकाशन ( ०३९). पृ १८२ ।

मागलका गायिकालाई मङलारी भनिन्छ । जन्मदेखि विवाहसम्मका सम्पूर्ण उपवास, अनुष्ठान, पूजापाठ र व्रत आदि कृत्यहरूमा मङला:री बोलाइन्छ । यसको उपस्थिति र गायनबिना सम्पन्न अनुष्ठानलाई अपूर्ण मानिन्छ । यस प्रकारको अपूर्णता रहन नदिने गायिका समूहलाई सगुनारी नभनेर मङला:री भनिएको पाइने हुँदा माङल अर्थात् मङ्गलगीतको सार्थकतालाई समेत यसले त्यक्तिकै सशक्तताका साथ समेटेको देखिन्छ ।[२१] यसरी जयराज पन्तले मागल अर्थात मङ्गलगीतलाई महिलाहरूको समूहले गाउने मागल गीत भनेर लोकगीतकै एक स्वरूप मानेको प्रस्ट हुन्छ ।

यसैगरी प्रदीप रिमालले मागलका बारेमा भनेका छन् - मङ्गल कार्यको बेलामा गाइने 'मागल' शब्द 'मङ्गल' शब्दको अप्रभंश हो । खास गरेर बालो (छोरो) जन्मेको खुसियालीमा, छैटीमा, न्वारनमा, व्रतबन्धमा, बिहेमा, मष्टाको स्थानमा, घरको जगहाल्दा, छाना लगाउँदा, रोपाइँ गर्दा र तीर्थ गर्न परदेश जाँदाको साइतमा मागल गाउने गरिन्छ । छोरी जन्मदा भने मागल गाइँदैन । स्वास्नी मान्छेले मात्र 'मागल' गाउने वा भन्ने गर्दछन् । यिनीहरूलाई 'मुंग्लेरी' भनिन्छ । मागलका भाकाहरू ठाडा र लामा हुन्छन् । यिनका साथमा बाजा बजाइँदैनन् ।[२२]

समय-समयमा गाइने थरीथरीका लोकगीतहरूमा चुड्किला, मागल, चाँचडी, भारत (कर्खा) दोहरी डेउडा, खेतीपाती र पशुपन्छीका लोकगीतको नाम लिएर प्रदीप रिमालले पनि मागलाई लोकगीतकै एक स्वरूप मानका छन् । माथि उल्लिखित लोकसाहित्यका अध्धेताहरूको भनाइबाट 'मागल' नारी जातिले लयबद्ध ढङ्गमा गाउने गीत भएकाले लोकगीतकै एक स्वरूप भएको प्रष्ट हुन्छ ।

### ३.३ निष्कर्ष

माथिको विवेचनाबाट के कुरा स्पष्ट हुन्छ भने लोक साहित्यको एक प्रमुख विधा लोकगीत हो, जुन मौखिक परम्परामा जीवित रहेको हुन्छ । वास्तवमा लोकगीत सरल, सहज, प्रभावकारी र लयात्मक हुनका साथै त्यसमा लोकको जीवन्त अभिव्यक्ति रहेको हुन्छ । त्यही लोकगीतको संस्कार भित्र पर्ने 'मागल' पनि लोकगीतकै एक स्वरूप हो, जुन नारीजातिको एक समूहले संस्कारिक कार्य शुभ अर्थात् मङ्गल होस् भन्ने अभिप्रायले गाउने गर्दछन् । मागल धार्मिक, सामाजिक र संस्कारिक विषयवस्तुमा आधारित हुन्छन् ।

---

२१ जयराज पन्त, **अञ्जुली भरि सगुन पोल्टा भरी फाग,** (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृ। ४ ।

२२ प्रदीप रिमाल, पूर्वपत्, पृ १ ।

# अध्याय-४

## थली-नौबिस क्षेत्रमा प्रचलित मागलको अध्ययन

### ४.१ थली-नौबिस र यसको नामकरण सम्बन्धी किंवदन्ती

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलको पहाडी जिल्ला बझाङमा थली-नौबिस क्षेत्र रहेको छ । यसको पूर्वमा बान्नीमस्टा र थलारा क्षेत्र (ब्याँसी) पश्चिममा भामचौर, उत्तरमा लामन हिमाल र दक्षिणमा सेतीनदिको माथिल्लो भाग तथा चौधरी क्षेत्र रहेका छन् । बाइसे-चौबिसे राज्यकालमा यसलाई थली-नौबिस दरा लेखिए पनि हाल थली-नौबिस मात्रै लेखिन्छ र भनिन्छ । थली-नौबिस क्षेत्र दुर्गा देवकिो विचित्र लीलाबाट सिर्जना भएको पवित्र भूमि हो । यसको वीच-भागमा थलीको ज्यूलो समतल फाँटका रूपमा रहेको छ भने बीचमानै सैन खोला र खोरीखोला बाहै महिना सलल्ल बगिरहेका हुन्छन् ।[२३]

थली-नौबिस क्षेत्रको नामकरणबारे एक रोचक धार्मिक प्रसङ्ग चर्चित रहेको छ । त्यस अनुसार दानबहरूबाट बचेका सात भाई महालिङ्गमध्ये एकला महादेवरूप (महालिङ्गदेव) पर्वतबाट र सोह्र बहिनी दुर्गा देवीका एकला भाइ मष्टालिङ्ग (कृष्णरूप) मालका थलीबाट घुम्दै जाँदा महाभारतको चुरे पर्वतमा भेट भएछ । कन्या खोज्न हिडेका महादेवलाई मष्टाले आफ्ना सोह बहिनी मालकी थलीमा चौबिणा खेलिरहेको जानकारी दिई योगीको भेषमा त्यहाँ गएर बिहेगरी ल्याउने सल्लाह दिएछन् । योगीका भेषमा आएका महादेवलाई देखि कान्छी बहिनीले भनिछन् : -"हेरहेर दिदी मेरो, जोगी धाक्रो आायो, ऐठ हो जोगी धाका बैठ सवोई ।"[२४] उनले यति भनिसकेपछि वरपीपल साक्षी राखी, महादेव र सोह्रवहिनी देवीका बीचमा जुवापासा सुरू भएछन् । अन्तमा महादेवको विजय भएछ । दुर्गामाता परापुलो धान, पाङरजडी र वेदको पाठ गोजीमा राखी आफ्नो वाचा अनुसार महादेवको साथमा लागिछन् । सोह्र वहिनी देवीका स्वामी महादेवको साथमा मालकी थलीबाट कौवानी हुँदै बाटामा आफ्नो विचित्र शक्ति देखाई डोटी जिल्लाको घटाल भई सेतीनदीको किनार पुगेछन् । त्यहाँबाट उनीहरू बझाङ थली, सैन ठूलाघरमा बसेर थली ज्युलो (खेत भएको मलिलो

---

२३ 'पहाडी' मानबहादुर सिंह, **थली-नौबिसको संप्ति इतिहास फागलहरी**, (कञ्चनपुर : चक्र. वुढा, २०५८), पृ. चिनारी ।

२४ ऐजन ।

फाँट) सिर्जना मठमा बसिछन् । थलीमा पुगेकी दुर्गा र सुर्मा दुई बहिनीको अलग-अलग विचार हुँदा सुर्माले आफ्नो भाग आधा थली र आधा पाङरजडी लिएर मृगको रूप धारण गरी ठाउँ-ठाउँ घुम्दै चौघाउको थकुनाडामा बसिछन् । मृग पानीका तालमा डुबेको सुर्मा सरोबर अझै पवित्र तीर्थको रूपमा रहेको छ । त्यस ठाउँमा प्रत्येक वर्ष रक्षा पूर्णिमाको दिन भव्य मेला लाग्दछ । दुर्गा माताको थली-नौबिस मठमा भने प्रत्येक वर्ष भाद्र १९ र २० तथा माघ १६ र फागुन १६ मा मेला  लाग्ने गर्दछ ।[२५]

## ४.२ सामाजिक तथा आर्थिक अवस्था

थली-नौबिस क्षेत्रका बासिन्दाहरू धर्मप्रति बढी विश्वास गर्ने हुनाले यहाँ महिनौपिच्छे धार्मिक पर्व तथा मेला लागेका पाइन्छन् । नव वर्ष बैशाख १ गतै बिसु पर्व, दशैं, तिहार ,तीज, आदि रमाइलो गरी मानाउने पर्व हुन् भने विर्सती, माघेसङ्क्रन्ति, लाकुणी, साइसो भकुन्डे लगायतका धार्मिक पर्व तथा मेला हुन् । यहाँका  महिलाहरू गुन्यु चोलो, गादो (भाङग्रा र सुतीबाट बनेको कपडा)  साडी, लुङगी, बलाउज, तथा नाक, कान र टाउकोमा सुनका गहना लगाउने गर्दछन् । विवाह भएपछि पनि यहाँका महिलाले सिन्दुर हाल्ने गर्दैनन् । यहाँका पुरूषहरू कोट, पैन्ट, दौरा, सुरूवाल कमिज, टोपी लगाउने गर्दछन् ।

यहाँ सिंह, दौल्याल, जप्रेल, पुजारा, बुढा, चलाउने, बोहरा, झुटेडी, चन्द धामी, कडायत, पुन, थापा कामी, दमाइ, विक, मोर रोकाया, मण्डेल, जाग्री, महता आदि थरका मानिसहरूको बसोबास रहेको छ । किंवदन्तीअनुसार थली-नौबिस क्षेत्रका मानिसहरूलाई देवीद्वारा आफ्नो कर चलाउनु आज्ञा भएछ - “जात थाम्ने कि, भात खाने?” यो वाक्यको मर्म अनुसार जात थामीरहेका जोशी, सिंह र चन्द छन् भने अरूले जनै झिकेर रीतिथिति अनुसार थर पनि बदलेका छन् ।

थली-नौविस क्षेत्रभित्र हाल एउटा उच्च माध्यमिक विद्यालय, दुई वटा माध्यमिक विद्यालय, तीनवटा निम्न माध्यमिक विद्यालय, अठार वटा प्राथमिक विद्यालय सञ्चालित छन् । महिलाहरू अझै पनि घरकै काममा बढी व्यस्त रहने भएकाले विद्यालय कमै पढछन् र उनीहरू पुरूषको तुलनामा अशिक्षित नै छन् । यसका साथै स्वास्थ्यका हिसाबले एउटा

---

[२५] ऐजन ।

स्वास्थ्य चौकी, एउटा उपस्वास्थ्य चौकी लगायत ४ वटा निजी किल्निकहरू मार्फत यहाँका बासिन्दाहरूले सामान्य उपचार गरिरहेका छन् ।

यहाँका अधिंकाश मानिसहरू खेतीपातीको काम गर्ने हुनाले कृषक नै छन् । नोकरी गर्नेहरूको संख्या धेरै कम छ । कोही शिक्षक, सरकारी अधिकारी, सैनिक तथा प्रहरी, अर्धसरकारी तथा गैह्रसरकारी संघ-संस्थामा जागिरे छन् । कोही भारत तथा अन्य देशहरूमा गएर विभिन्न रोजगारीका क्षेत्रमा पनि लागेका छन् । जे भए पनि यस क्षेत्रका वासिन्दाहरू खेतीपातीकै भरमा वाँच्ने र त्यो पनि खानलाई नपुग्ने हुनाले गरिबीको रेखामुनि नै रहेका छन् ।

सत्यता, इमान्दारिता, मिलनसारिता, उदारता, नम्रता दया र परोकार बाहेक देवदेवीको पूजा आजा मनाइरहनु, आफ्नो परम्परा अनुसार डेउडा गीत, फाग, मागल, धमारी, दुस्को,भुवो आदि खेल्न र गाउनमा बढी आनन्दित भएको महसुस गर्न थली,-नौविस क्षेत्रका बासिन्दाको प्रमुख विशेषता नै हो ।

## ४.३ स्थानीय देवदेवीहरू

थली-नौबिस क्षेत्रका अधिंकास मान्छेहरूले हिन्दूधर्म मान्दछन् र त्यही धर्म अनुसारका देवदेवीहरूको पूजापाठ र आराधना गर्ने गर्दछन् । यहाँका प्रत्येक गाउँका मान्छेले परम्परादेखि नै एउटा-एउटा देवस्थान बनाई त्यस स्थानलाई कुलदेवताको रूपमा मान्छन् । एउटै समुदाय वा व्यक्तिले एक भन्दा बढी देवी देवताको पूजा आजा गर्ने चलन पनि यहाँ चलाएको पाइन्छ । धामी भ्काँक्रीमा पनि उत्तिकै विश्वास गर्ने यहाँका मानिसहरू केही जटिल समस्या आइपर्दा धामी चलाई सोधपुछ गरेर आफ्नो मनको धोको मेटाउने गर्दछन् । यहाँका मानसिहरू बढी भन्दा बढी देवीदेवताको पूजा आजा गरेर नै आफ्नो जीवन सफल भएको ठान्ने गर्दछन । थली-नौबिसमा पुजिने प्रमुख तथा अन्य कुलदेवताहरूमा बाठपालो, दुर्गादेवी सुर्मादवी, महालिङ्ग, ईश्वर, लाडो, कालिका, मसानी, लाटो, धल्देउ, लवाचौर, गोइचनआदि हुन् । यहाँका मठमन्दिरमा पुजारीले हिंसात्मक र अहिंसात्मक दुवैखाले पूजा गर्ने गर्दछन् । आफ्नो मनको इच्छा पूरा होस् शत्रु नास होउन र अन्यायीहरूको विनाश होस् भन्ने जस्तो भाकल गरेर आफ्ना कुलदेवताको पूजा आजा समय-समयमा गर्ने काम यहाँका बासिन्दाहरूले गर्दछन् ।

## ४.४ देव तथा सांस्कारिक मागलहरू

परापूवकालेदखि देवता संस्कार तथा रीतिरिवाज माथि विश्वास गर्दै देवपूजन तथा सांस्कृतिक कार्यमा क्रियाशील हुँदै आएको नौबिसे समाजमा देव तथा सास्कारिक मागलहरूको प्राचुर्य पाइन्छ । यस क्षेत्रमा जे-जति देवीदेवताहरू पुजिन्छन र जे-जति साँस्कारिक कार्यहरू गरिन्छन् तिनमा प्रायजसो अलगअलग मागल र फाग गाउने गरिन्छ । ती मागल र फागहरू मौखिक परम्परामा आधारित रहेन हुँदा र वर्तमानमा मुख परम्पराका वाकहरूको कमि हुँदै गएकाले लोपोन्मुख अवस्थामा पुगेका छन् । मौखिक परम्परामै आधारित भएका कारण मागलको कथाको घटनाक्रममा फेबदल हुँदै गएको पनि पाइन्छ । थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरू यहाँका अमूल्य सम्पदा हुन् ।

यहाँका प्रमुख मागलहरू देवदेवी तथा सांस्कारिक कार्यहरूसंग सम्वन्धित रहेका छन् । यी मध्ये धार्मिक मागल अन्तर्गत ईश्वर देवताको मागल, मण्डप (होम) को मागल, बाठपाला देवताको मागल, महालिङ्ग (शिवजी र दुर्वादेवी) को मागल, र गोपीचन्नको मागल आदि पर्दछन् भने सांस्कारिक मागल अन्तर्गत छैट तथा खैटीपूजाको मागल, विवाहको मागल, न्वारनको मागल, अन्नप्रासनको मागल, चूडाकर्मको मागल, कन्यादानको मागल तथा वच्चा जन्मदाको मागल आदि पर्दछन् । थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूमा यस क्षेत्रको धार्मिक तथा सास्कृतिक झलक, भाषिक यथार्थता र सांस्कारिक जनवीनको प्रतिविम्ब पाइन्छ । यी मागलहरू धार्मिक आस्था र क्रियासंग वढी सम्वन्धित रहेकाले वर्तमानमा आएको सामाजिक परिर्वतन अनुरूप त्यति विश्वसनीय वन्न नसक्दा लोप भएर जाने स्थितिमा पुगको देखिन्छन् । यस स्थितिमा थली-नौबिस क्षेत्रका देव तथा सांस्कारिक मागलहरूको सङ्कलन र अध्ययनले महत्व राख्न स्वाभाविक हुन जान्छ । अतः त्यस क्षेत्रको सामाजिक, धार्मिक, भौगौलिक, साँस्कृतिक आदि विषयवस्तुबारे उल्लेखनीय ज्ञान तथा जानकारी दिने त्यहाँका मागलहरू सङ्कलन र अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ ।

## ४.५ थली -नौबिसे देव मागलको अध्ययन

थली-नौबिस क्षेत्रमा विभिन्न देवमागलहरू प्रचलित छन् । तिनमा देवदेवीको बयान पाइन्छ । त्यस्ता मागलहरूमध्ये प्रमुख मागलहरूका बारेमा विश्लेषण गर्ने प्रयत्न यहाँ गरिएको छ ।

### ४.५.१ ईश्वर देवताको मागलको  विश्लेषण

#### ४.५.१.१ ईश्वर देवताको परिचय

थली-नौबिस  क्षेत्रको  बडादेउ भन्ने अग्लो र पवित्र  ठाउँमा  बसेका देवताको नाउँ नै ईश्वर देवता हो ।  यस क्षेत्रका अन्य कुलदेवताहरू मध्ये  पवित्र र  शक्तिशाली देवताका रूपमा ईश्वर देवता रहेका छन् । यस क्षेत्रका जनताले उनलाई साँच्चीकै ईश्वरको रूपधारण गरी बसेका भन्ने ठान्छन् । एका बिहानै स्नान गरेर फूलपाती र अक्षता लिई एक्लै-एक्लै वा सामूहिक रूपमा गई एकाग्र मनले ईश्वरको प्रतिमामा ढोग गरेर आइतबार र शुक्रबार बोहक अन्य बारमा ईश्वर देवताको पूजा गरिन्छ । यसको पूजा हिंसात्मक र अंहिसात्मक दुवै तरिकाबाट गर्ने गरिएको पाइन्छ । धेरै मान्छे गएर पूजा गरेमा मन्दिर-परिसर फोहोर भई ईश्वर देवतालाई घिन लाग्ने धार्मिक मान्यताका कारण ईश्वर देवताको मन्दिरमा मेला भने लाग्दैन ।

#### ४.५.१.२ सारसङ्क्षेप

ईश्वर देवताको मागलमा ईश्वर पृथ्वीमा आएर बसोबास गरेको बयान पाइन्छ । मागल अनुसार भगवान्  ईश्वर सर्वप्रथम पृथ्वीमा देखिन्छन् र आफ्नो बस्ने ठाँउ रोप्न पुग्दछन् । त्यति बेला पृथ्वीमा जोशी बाहेक अरू मानिस नभएकाले ईश्वर भगवान मानिसलाई नभेटेपछि एउटा सुवाचरोलाई  भेट्न पुग्दछन् । आफ्नो बस्ने ठाउँ जोशी (बाहुन) विना पवित्र नहुने भएकाले बाहुनलाई बोलाउनु सुवालाई जोशीका घर जाने बाटो बताई दिन्छन् । ईश्वर देवताको निम्तो जोशीज्यूलाई दिन सुवा तयार हुन्छ । जोशीको घरको अवस्था र त्यहाँ पाइने कुरा बारे ईश्वर देवतालाई सोधेपछि ईश्वरदेवताले सुनको गेट र चाँदीको ढोका भएको जोशीज्यूको घरबारे जानकारी दिए । उनकै भनाई अनुसार जोशीलाई निम्तो दियो भने मुख सुनले र पुच्छर चाँदीले बाँधिने अनि रातमा पनि उज्यालो बनाइने भएपछि  सुवा चरो ईश्वर भगवान्को निम्तो दिन जोशीको घरतिर लाग्दछ ।

जोशीका घरतिर हिँडेको सुवाचरो धेरै टाढा पुगेपछि बाटो बिर्सिन्छ । बाटोमा गोठालालाई भेटी आफ्नो खबर जोशीज्यूलाई पुऱ्याउन अथवा जोशीज्यूका घर जाने बाटो देखाइदिन उसले आग्रह गर्छ । गोठालाले आफूले जोशीका बारेमा केही नजान्ने केवल भैंसी दुहुन र ठेकी घुमाउन मात्रै जान्ने उत्तर दिन्छ । बाटोमा हिँड्दै जाँदा सुवा चराको पात टिप्ने

केटो, घाँस काटने घँसारी, घट्ट पिस्ने घट्टालो, दाउरा ल्याउने दाउरे ओखलमा धान कुट्ने ओख्लारीसँग भेट हुन पुग्दछ र जोशीका घर जाने बाटो देखाइदिन अनुरोध गर्छ तर कसैले पनि जोशीज्यूका घर जाने बाटो थाहा नभएको कुरा गरेपछि सुवाचरो चिन्तित बन्दै आफ्ना पाइला चालिनै रहन्छ । यत्तिकैमा एउटा  सुन्दर पँधेरामा पानी भर्न लागेकी पनेरी चेलीसँग सुवाचराको भेट हुन्छ र जोशीज्यूका घर जाने बाटो जनाइ माग्दछ । पनेरी चेलीले दोबाटोको पर्खालमाथि बसेको सुवालाई बायाँबाटो केदारनाथ जाने र दायाँबाटो जोशीज्यूका घर जाने जानकारी दिएको दिएपछि खुशी हुँदै जोशीज्यूका घर जाने बाटोतिर लाग्दछ । केही समयपछि ऊ बाहुन बाजेका घर पुग्दछ । बाहुन बाजेका बारेमा बाहुनी बज्यैलाई सोध्दा बाहुन बाजे जप गर्न, स्नान गर्न र वेद पढ्न नदी किनारमा गएको कुरा थाहा पाउँछ । गङ्गीका किनारमा जाने बाटोपनि बाहुनी बज्यैसँग बताइ मागेर सुवा बाहुनी बज्यैले भनेकै धागो सियामा छिरेजस्तै हिँडाईको चाल बनाएर बाहुन बाजे भएका ठाउँमा पुग्दछ ।

बाहुन बाजे (जोशीज्यू) ले सुवालाई आफू भेट्न आउनाको कारण सोधपुछ गर्दा सबै वृत्तान्त बताई छिटो तयार हुन आग्रह गर्छ । जोशीज्यू सुवाको त्यो सानो ज्यानमाथि चढेर आफ्ना सामान कसरी लिने भनी चिन्तित भएका बेला सुवाले जोशीज्यू (बाहुन बाजे) लाई टीका लगाउने खरी हृदयमा, मोतीको हारो घाँटीमा, पुस्तक र नलीवर झोलामा राख्ने सल्लाह दिन्छ र ईश्वर देवता भए ठाउ ल्याउछ । जोशीज्यू ईश्वर देवताको जग्योमा पुगेपछि भगवान् ईश्वरले बाहुन बाजेका साथै गाउँका मुख्य मान्छे, देउकी धामी, पुजारी, काजी, सबैलाई नाबिका थानमा नुहाएर, शिर देवका थानमा शिर पुछेर र पदमका थानमा प्रशुद्धि भएर आउन भनेपछि सबैले सोही अनुसार गरेर पवित्र भएपछि सो ठाउँमा बस्न पुगेका भन्ने भनाइ पाइन्छ ।

### ४.५.१.३ गायन प्रक्रिया

बझाङ जिल्लाको थली-नौबिस क्षेत्रका आइमाई दिउँसो तथा राती उपवास  बसेर ईश्वर  देवताको पूजा आजा गर्ने बेलामा स्वरमा स्वर  मिलाएर  ईश्वर देवताको मागल लामो लयमा गाउने गर्दछन् । आइमाईहरूले यो मागल गाइरहँदा पुरूषहरू ध्यानपूर्वक सुनरिहेका  हुन्छन् । मन्दिरको विशेष ठाउँमा बलेको आगोका वरिपरि बसेका मान्छेहरूले ईश्वर भगवानको प्रतिमा तिर हात जोडेर प्रार्थना गरिहेका बेला आइमाईहरूको एक समूहले एकाग्र भएर यो मागल गाउने गर्दछन् । यो मागल गाउने बेला एकातिर विशेष प्रार्थना

चलिरहेको हुन्छ भने अर्कातिर धामी काँप्दै नाचिरहेको पनि हुन्छ । तर यो दृश्य सधैंभरि भने देख्न पाइँदैन । यो मागल गाउँदा कुनै प्रकारको बाजाको प्रयोग गरिएको हुँदैन । यस मागलमा स्थानीय लोकलयको प्रयोग गरिएको हुन्छ । सुवा चरोले  बाटोमा पनेरीलाई भेटेको विषयवस्तुयुक्त यस मागलका तीन वटा हरफहरू यस प्रकार छन् :-

वाइरे पर भिटिहाल्यो पनेरी चेली
होइन  पनेरी चेली मेरो बलु लेउन
जोशीज्यूका धरी भान्या बाटो जताई देउन

## ४.५.१.४ विषयवस्तु

सशक्त धार्मिक कथावस्तुयुक्त ईश्वर देवताको मागल साह्रै रोचक र घतलाग्दो छ । यस देवमागलको मूल विषय धर्मसँग सम्वन्धित रहेको छ । भगवान्को मन्दिरमा प्रवेश गर्दा खेरी स्वच्छ सफा तथा पवित्र भएर जानुपर्ने कुरा पनि यसमा उल्लेख भएको छ । हरियाली फाँट (पाटन) पवित्र गङ्गा, चिप्लो बाटो र अँध्यारी रात जस्ता प्राकृतिक वातावरणले पनि यस मागलमा स्थान पाएका छन् । यस मागलमा मानवीय र दैवी पात्रका साथै मानवेतर पन्छी पात्रको पनि उपस्थिति गराइएको छ । ईश्वर भगवान् दैवीय पात्र हुन भने जोशीज्यू, जोशीज्यूकी पत्नी, घसारी, पतारो, घट्टालो, दाउरे, ओख्लारी, पनेरी आदि मानवीय पात्र हुन । सुवाचरो मानवेतर र सक्रिय पात्र हो । यस मागलमा भगवान् ईश्वर, सुवा चरो र जोशीज्यू सक्रिय र प्रमुख पात्र हुन् भने अरू सवै सहायक पात्रका रूपमा आएका छन् । ईश्वर देवता पृथ्वीमा आफ्नो बस्ने ठाउँ खोज्न आएदेखि मानव जातिको बसाइ यहाँ सुरूवात भएको भन्ने विषयवस्तुकले यसमा स्थान पाएको हुँदा यो मागल जीवन्त वन्न पुगेको छ ।

## ४.५.१.५ आयाम र आकार

ईश्वर देवताको मागलमा केही लामा र केही  अलिकति छोटा गरी जम्मा १०० वटा लयात्मक हरफहरू रहेका छन् । गायनका क्रममा द्धिस्वरहरू दुई अक्षरका रूपमा उच्चरित हुन्छन् त्यसैले यसका पंक्तिहरू १४ देखि १६ अक्षर सम्मका देखा पर्दछन् । यसको आयाम र आकार मझौला किसिमको छ । यसलाई गाउँदा खेरि भने एक घण्टा भन्दा बढी समय लाग्ने हुनाले यसको लयात्मक (गैयिक) बृहत छ भन्न सकिन्छ । भारतको केदारनाथ, पवित्र

गङगादेखि पृथ्वीका विभिन्न भू-भाग सम्मको आयम यस मागलले लिएको देखिन्छ । देवी-देवताको पवित्र कार्यलाई समेत आफ्नो आयाम बनाएको यस मागलको एउटा उदाहरण यस प्रकार छ ।

नाबिका थान नाई घोइ प आइयाउ
शिर देउका थान शिरपुछि आइयाउ

### ४.५.१.६ भाषाशैली

ईश्वर देवताको डोटेली भाषाको बझाडी भाषिका प्रयोग भएको छ । सबैले सजिलै बुझ्न नसक्ने जटिल र दुरूह भाषाको प्रयोग यसमा गरिएको पाइन्छ । स्थानीय भाषिकाका अधिकांश शब्दहरूले गर्दा मागल स्थानीय विशेषताले युक्त रहेको छ । यसमा प्रयोग भएको भाषा काव्यात्मक रहेको छ । यस मागलमा उखान टुक्काहरूको प्रयोग गरिएको पाइदैन । कतै-कतै प्रश्नोत्तर शैलीमा यसको विषयवस्तु अगाडि बढेको देखिन्छ । प्रश्नोत्तर शैलीमा स्थानीय बझाडी भाषिकाको प्रयोग यस मागलको चारवटा हरफहरू यस प्रकार छन् :-

उनारी रात चिपलीबाट कसरी  झाउला म? (प्रश्न)
उनारी रात उजाली होली चिपलीबाट अखरी झाली । (उत्तर)
कति नाली सामलकी कति दिनको बासो ? प्रश्न
दश नाली सामलकी बीस दिनको बासो । उत्तर

### ४.५.२ बाठपाला देवताको मागलको विश्लेषण

### ४.५.२.१ बाठपाला देवताको परिचय

गणेश भगवानको एक रूप मानिने बाठपाला देवतालाई बझाङ जिल्लाका विभिन्न क्षेत्रमा भिन्ना-भिन्नै नामले बोलाउने गरिए पनि बझाङको थली-नौबिसमा भने बाठपालका नामले पुकारिन्छ । दुर्गादेवी, महालिङ्ग र ईश्वर देवताको मध्यकेन्द्रमा रहेका बाठपाला देवतलाई भगवान् महालिङ्ग र दुर्गादेवीका पुत्रका रूपमा पनि बाठपालको मागलमा उल्लेख गरिएको । विशेष गरी असोज, कार्तिक, जेठ, श्रावण र भाद्र महिनामा यी देवताको पूजा गर्ने गरिन्छ । थली-नौबिस क्षेत्रका एक महत्वपूर्ण र शक्तिशाली मुख्य कुलदेवतका रूपमा बाठपाला देवतालाई मानिने प्रचलन छ ।

महालिङ्ग र दुर्गादेवीका पुत्र मानिने बाठपाला देवताको स्थापना र पूजा भने उनकै माणुमा हुने गर्दछ । वर्षको एक पटक विशेष तरिकाले ढाका (डमरू) बजाउँदै फूलमाला, अक्षता, गाईको शुद्ध घिउ चढाएर यिनको पूजाआजा गरिन्छ ।

### ४.५.२.२ सारसङ्क्षेप

बाठपाला देवताको मागलमा मालबाट आएकी देवीको कोखबाट जन्मेको बयान छ । मागल अनुसार माल (तराई) मा जन्मेकी देवी पहाडमा आएर सबै ठाउँ नजर लगाउँछिन र बभ्फाङको थलीलाई रोज्न पुग्छिन । आफु बसेको तलतिर ज्यूलो र माथितिर कुलोको व्यवस्था गर्छिन् र कमलको फूल पहिरिन्छन् । समयको अन्तरालमा देवी गर्भवती हुन्छिन् र आठ महिनामा बाठपालाको जन्म हुन्छ । बुबा महालिङ्ग र आमा दुर्गा देवीका कोखबाट जन्मिएका बाठपाला सुनको ढोका फोरेर मन्तालोक आउँछन् । मन्तालोकका बलिया दैत्यको नोक्सान र कमजोर दैत्यको सुरक्षा गर्ने काम उनीबाट हुन्छ । बालक बाठपाला उमेर बढ्दै गएपछि यताउति हिँड्ने, धुलो र माटोमा खेल्ने हुन्छन् । समय क्रमसँग उनी गाई र भैंसीका गोठाला बनेर डन्डिबियो र खाणो खेल खेल्न थाल्छन् ।

बाठपाला देवतालाई चौतारो चिनाउने धोको जाग्न थाल्छ । यसका लागि उनी वनमा भएका ग्वालाहरूको सहयोग लिन्छन् तर आफू आरामले बसिरहन्छन् । बाठपालाको कामबाट ग्वालाहरू दुब्लाउन थालेपछि त्यसै ठाउँको बुढीले ग्वालाहरूको दुःख देखेर आफै ग्वाली बन्ने अठोट गर्छिन् । एकदिन बुढी भगवान् बाठपालालाई साँच्छे बलियो भए सिंजा प्रदेश जितेर आउन वचन लगाउँछिन् । बुढियाका वचनले आक्रान्त भएका बाठपाला छोटो समयमै सैनपसेला, ल्वाडा, लेकगाउँका मान्छेहरूलाई बोलाएर देवीको मन्दिर लगाउँछन् र माघ १६ गते त्यसको पाखो निर्माण गर्दछन् । त्यसपछि भगवान् बाठपाला सिंजा जाने तयारी लाग्छन् । सिंजा प्रस्थान गर्नु अघि थली-नौबिस क्षेत्रका चारगाउँका मुख्य मान्छे, धामी र धमेनीलाई पवित्र वस्नु भन्छन् र गाईको गँहुतको ओछ्यान बनाई सिंजा जानका लागि वीर्मा नामकी धमेनीसंग दियो बाल्न लगाउँछन् । दुर्गादेवीसँग विन्ति गरेर आइतबारका दिन साइत सारी ताजा र बासी दूधले लाणु बनाउछन् । उनीसंग चिउरा कुटने बिन्ति गर्दा चिउरा मौरीका प्वाँख फर्कन्छन् । खानाको तयारी गरि माग्दा घिउको बासना भएको बातो बन्दछ भने निधारमा तिलक लगाइ माग्दा पूर्णिमा र चन्द्र जस्ता तेजिला बन्दछन् र श्रीखण्डको प्रसाद लिएर घोडामाथि सवार हुन्छन् ।

तम्तोली भगुजोशीका घरमा हेराउन् कोराउन् सकेर आइवारे साइतमा बाठपाला डाँडागाउँ बास बस्न पुग्दछन् । डाँडागाउँ पिता महालिङ्गसंग बिन्ति गरि आर्शिवाद लिएर बान्नीमस्टा पुग्छन् । बान्नीकामस्टाले आफू पनि संगै जाने कुरा गर्छन  र बाठपालासंगै सिंजाको लागि सवारी हुन्छन् । बाठपाला बझाङ कोटबाट झुटेडा, परिंगाल, छान्ना बासकाट्टे हुँदै मोत्वा पुग्छन् अनि तुणतुणे पानीमा खाना खान्छन् । त्यहाँ खाना खाई परम्यालेकमा एउटा चौतारो चिनेपछि आफूसंग गाउँका असल र साहसी दैत्यलाई यात्रा गर्न भन्छन् भने निर्धा र हिम्मतहारा दैत्यलाई घरफर्कनु सल्लाह दिन्छन् । बाटोमा बाठपालाको बटुवा, गोठाला लगायतका व्यक्तिसंग भेट हुन्छ । गोठालालाई दही खान माग्दा गोठालाले सिंजा महाराजको लागि हो तपाइलाई दिन्न भन्दा रिसले आगो हुँदै बाठपाला भित्र खुडमा बाँधेकी थोरीलाई रूखको टुप्पामा, बनमा चर्न गएकी भैसीलाई भीरमा र गोठालालाई उभिएको उभिऐ पार्छन् । यो घटनाले सिंजामा आपत्ती हुन्छ । त्यहाँ चलेका धामी बन्द हुन्छन् भने हेर्न लागेका बाहुनको हात रोकिन्छ । अव यहाँ को शक्तिशाली दैत्य आयो भनेर हल्ला खल्ला मच्चिंदा दैत्य-सैत्य कोई नभई आफै बाठपालो आएको कुरा स्वयंम् बाठपालाले व्यक्त गर्दछन् । अगाडि देखाएको सारा शक्ति र चमत्कार बाठपालाले फिर्ता लिएपछि सिंजामा उनको भव्य स्वागत गरिन्छ । सिंजाबाट पितालाई घोडो, आमालाई सुनको घुम्टो र आफूलाई शङ्ख, डमरू र सुनको अवाडो लिएर बाठपाला थली फर्कन्छन् । यसका साथै सिंजा महाराजलाई लावालस्करका साथ प्रत्येक वर्ष माघ १६ र फागुन १६ थली आउन बाध्य पार्छन् । जुम्लाबाट थली आएका मान्छेलाई एक-एक ढुङ्गो बोकाई सिंढी चिनाई दुर्गा देवीका मन्दिर सम्म पुर्‍याउँछन् ।

### ४.५.२.३ गायन-प्रक्रिया

बझाङ जिल्लाका बाठपालाका विभिन्न मठ-मन्दिरहरूमा आ-आफ्नै चलन र रीतिरिवाज अनुसार बाठपालाको मागल गाउने प्रचलन छ । थली-नौबिस क्षेत्रमा एकातिर पुरूषहरूले खुट्टाको चाल मिलाएर लामो लाइन लगाई बाठपालको फाग सामूहिक रूपमा गाइएको पाइन्छ भने अर्कातिर आइमाईहरूको एक विशेष समूहले पनि एकैसाथ बाठपाला देवताप्रति उच्च भक्ति र श्रद्धा प्रकट गरी यसको मागल गाएको सुन्न सकिन्छ ।

बाजा बिना गाइने यस मागलको एउटा श्लोक भने यस्तो छ -

वीर्मा धमेनी तिमी मेरो बोलु लेउन

मै सिजा जान्छु दियो बाली देउन

यसलाई शास्त्रीयलयमा मिलाउन र गाउन कठिन परे पनि बझाङी लोकलयमा भने गाउन र मिलाउन सजिलो नै हुन्छ ।

### ४.५.२.४ विषयवस्तु

बझाङको थली-नौबिसमा प्रचलित बाठपाला देवताको मागल सशक्त कथावस्तु बोकेकोले साह्रै मार्मिक छ। ऐतिहासिक, सांस्कृतिक, भौगोलिक तथा धार्मिक विषयवस्तुसंग सम्वन्धित बाठपाला देवताको मागल धर्ममा आस्था राख्ने व्यक्तिहरूका लागि ज्यादै रोचक र ज्ञानवर्द्धक देखिन्छ । यसले धार्मिक विषयमा जोड दिए पनि भौगोलिक, सांस्कृतिक र ऐतिहासिक विषयलाई पनि आफ्नो कथावस्तु बनाएको देखिन्छ । माल (तराई) देखि पहाड सम्मको परिवेश भित्र डोटी, बैतडी, डडेलधुरा र बझाङका विभिन्न क्षेत्र तथा ठाउँलाई यसको विषयवस्तुले छोएको छ । प्रकृतिको शान्त चित्रण यस मागलको विषयवस्तु भित्र समेटिएको छ ।

बाठपालादेवता गर्भमा रहेको अवस्थादेखि वयस्क हुँदा सम्मको कथावस्तु यस मागलमा विद्यमान छ । प्रस्तुत मागलको कथामा मानवीय, दैवी तथा मानवेतर स्वभाव तथा गुण भएका पात्रहरूको उपस्थिति रहेको छ । यस मागलमा बाठपाला दैवी, नायक तथा सक्रिय पात्रका रूपमा आएका छन् भने अन्य मानवीय पात्रहरू, वूढीया, ग्वाला, वीर्माधमेनी, झुटेडी, बुढाथापा, जोशी, रोकाया, चलाउने, पुजारी, सिंह र सिजामहराज सहायक पात्रका रूपमा आएका छन् । यस मागलमा सबै काम बाँठपालाकै आदेश र मनोकाङ्क्षा अनुसार भएकाले बाठपालो नै नायक भएको छ । बाठपाला भगवानको जीवनको वृतान्त यस मागलको मुख्य विषयवस्तु भएकाले यो मागल निकै रोचक लाग्छ । बुझाङको थली र जुम्ला जिल्लाको परिवेशलाई विषयवस्तु एकै साथ समावेश भएको यस मागलका दुइवटा हरफहरू यस्ता छन् :-

एकैएकै पत्थले खुट्कुणी चिठायो

जमलाका नरलोक थली पौचायो

### ४.५.२.५ आयाम र आकार

नेपालको कर्णाली अञ्चलको जुम्ला देखि  सेती र महाकाली अञ्चलका बझाङ, डोटी र बैतडी लगायतका केही-भू-भागसम्म यस मागलको विषयवस्तुगत आयाम फैलिएको छ । यस मागलको आकार हेर्ने हो भने यसमा जम्मा २५२ वटा लयात्मक हरफहरू रहेका छन् । थली-नौबिसमा प्रचलित मागलहरूमध्ये सबैभन्दा लामो मागलको रूपमा रहेकाले यस मागललाई बृहत खालको कोटीमा राख्न सकिन्छ । यसका पंक्तिहरू १२ देखि  १४ अक्षर सम्मका फेला पर्दछन् । बाठापाला देवताको मागलमा समाविष्ट १३ अक्षर भएको दुईवटा हरफ यस प्रकार छन् :

अव देवी दुरूगा रजरैप गया

तीन मास  दुरूगा गर्भ सिट्टी गया

### ४.५.२.६ भाषाशैली

बाठपाला देवताको मागलमा बझाङ जिल्लाको थली-नौबिस क्षेत्रमा  प्रयोग हुने ठेट गाउँले तथा स्थानीय भाषा प्रयोग गरिएको छ । यस मागलमा  बाठपालाले आफ्नो कुरा मात्रैभन्दै र त्यही अनुसार गर्दै गएका हुनाले  एकलापीय शैलकिो प्रयोग बढी भएका देखिन्छ । कतै-कतै प्रश्नोत्तर शैलीमा मागलका हरफहरू अगाडी बढेका पनि छन् । अन्त्यानुप्रासले सजिएका यस मागलका प्रत्येक हरफमा स्थानीय भाषिकाको प्रयोग गरिएको छ । पुरै मागलमा एक-दुईवटा संस्कृत भाषाका शब्दहरूको पनि प्रयोग भएको छ । स्थानीय भाषा समाहित अन्त्यानुप्रासयुक्त हरफहरूको एक उदाहरण यहाँ प्रस्तुत छ :-

बुध र विफैको जनम वार

आइत बारका साइत सार

## ४.५.३ महालिङ्ग देवताको मागलको विश्लेषण

### ४.५.३.१ महालिङ्ग देवताको परिचय

बझाङ जिल्लाको थली-नौबिस,थलारा र जुजी लगायत अन्य क्षेत्रमा पुजिने महालिङ्ग देवतालाई महादेवको रूपमा मानिन्छ । 'महा' को अर्थ ठूलो र 'लिङ्ग' को अर्थ ढुङ्गाको देवस्वरूप मानेर पुजिने वस्तु हो । महालिङ्गको अर्थ ठूलो लिङ्ग अर्थात् ठूलो देवता भन्ने बुझिन्छ । जसरी देवहरूमा महादेवको स्थान सर्वोत्कृष्ट मानिन्छ त्यसरी नै पृथ्वीमा पुजिने

देवताहरूमा अर्थात् बझाङ जिल्लामा पुजिने देवताहरूमा महालिङ्गलाई पनि उच्चस्थानमा गणना गरिन्छ । यसको पूजा प्राय शिवरात्रीको समयमा गरिन्छ । कहिलेकाहीँ अन्य समय नवरात्री, बसन्तपञ्चीमा, गुरूपूर्णिमा आदि पर्वमा पनि यसको पूजा गर्ने चलन ठाउँमा पाइन्छ । यस जिल्लाको थली क्षेत्रमा भने भाद्र महिनामा यसको भव्य पूजा गर्ने गरिन्छ । यसका लिङ्गमा प्रशस्त दूध पोखिन्छ । अर्थात दूधले नै यसको पूजा गरिन्छ । शक्तिशाली र अन्यायको संहारकर्ताको रूपमा विश्वास गरेर पुजिने हुँदा महालिङ्गलाई बझाङमा पृथक पृथक नामले पनि पुकारिन्छ ।

### ४.५.३.२ सारसङ्क्षेप

हिमालयका हिउँ र पानीका कणहरूबाट सातवटा भाइ महालिङ्ग उत्पन्न हुन्छन् । उत्पन्न भएपछि मानरया भन्ने ठाउँमा सुनको गुफामा तिनीहरू बसेर सुनको बत्ती बाल्दा ६ वटा दीपहरू निभ्दछन् र एउटा दीपमात्र बल्न थाल्छ । महालिङ्गका ६ वटै भाइहरूलाई गुफामा दानवले खाइदिन्छ र एउटा भाइ मात्र बस्दछन । ६ वटा भाइहरूको अवसानपछि वचेका महालिङ्ग उदासिन भएर जोगी हुने तयारीमा लाग्छन् । दशहात गजिको झोली दशाधार्नी फलामको चिम्टा र सोह्रस्वाणो (थान) रातो कुर्ता तयार गरिन्छ । यसपछि माथमा बाघको छालाको टोपी, निधारमा खरानीको टीका, घाटीमा रूद्राक्षको माला, कानमा माटोका मटेंग्रा, कुममा डोरी र झोली, हातमा फलामको चिम्टा, शरीरमा बाघको छाला, जाङमा बाघको छाला, हातमा डण्डा र खुट्टामा बाघकै छालाका मोर्चाहरू पहिरेर उनी योगी बनेर तराईतिर लाग्दछन् ।

माथिबाट महालिङ्ग गइरहेको बेलामा तलबाट मष्टा देवताको सवारी हुन्छ । बाटोमा दुवैको जम्का भेट हुन्छ । अनि आपसमा कहाँ जाने भनेर सोधा भेदी चल्छ र मष्टादेवता ज्वाइँ खोज्न जान लागेको कुरा जाहेर गर्छन् भने महालिङ्ग देवता कन्या खोज्न जान लागेको कुरा  प्रकट गर्दछन् । महिलिङ्गलाई देख्ने बित्तिकै सोह्र बहिनी दुर्गाका जोगी धाक्रो आयो भनेर गिज्याउन थाल्दछन् । तिनीहरू बीच मष्टाको आव्हान बमोजिम जुवा-पासा खेल्ने सरसल्लाह हुन्छ । अपसमा जुवपासाको हारजितका पूर्वशर्तहरू तय हुन्छन् । सर्त अनुसार दुर्गाका बहिनीहरूले पासा हारे भने तिनले महालिङ्गसँग विवाह गर्नुपर्ने र  महालिङ्गले पासा हारे भने उनले दुर्गाका बहिनीहरूको नोकर बन्नु पर्ने हुन्छ । जसले उक्त सर्तको उंलघन गर्छ त्यसले नरक जानु परोस् भन्ने सम्झौता पनि हुन्छ । अव एकातिर योगी र

अर्कोतिर दुर्गाहरू बसेर पासाखेल शुरू हुन्छ । एकपक्षले अर्कोपक्षलाई पहिले पासा चलाउनका लागि केही समयसम्म एकआपसमा उदार भावहरू प्रकट गरिन्छन् । अन्तिममा ठट्टा गर्दै जोगीबाट पासा खेल शुरू गरिन्छ । उनी पहिलोचोटि पासा गुर्काउँछन् र योगीको नै जित हुन्छ । यसैगरी दोस्रो, तेस्रो, चौथो र पाँचौ पटसकसम्म लगातार योगीकै जित हुन्छ । यस्तो अप्रत्याशित परिणाम देखेर दुर्गाबहिनीहरू गम्भीर भएर गहकिलो स्वरमा अव हामी सबै दिदी बहिनीहरू योगीको योगीनी भयौं भन्दै पूर्वशर्त गर्ने जेठी दिदी गुरूवालाई सराप्न थाल्दछन् । यतिकैमा कान्छीबहिनी लखमाले योगीलाई महालिङ्ग हो भनी चिन्दछिन् । उनी भन्छिन् - दिदीहरू यी त योगी नभएर महालिङ्ग देव पो रहेछन् । उक्त रहस्य प्रकट भएपछि महालिङ्ग आफ्नो योगी भेष परिर्वतन गरेर आफ्नो वास्तविक रूप प्रदर्शन गर्दछन् ।

अब महालिङ्गले माथको टोपी झिकेर भुइँमा राख्दछन् र उनको सुनौलो माथ देखिन्छ । यस्तै किमिसले उनी निधारको टीका पुच्छन्, रूद्राक्षको, माला निकाल्छन्, कानका मटेंग्राहरू (मुन्द्रा) निकाल्छन्, झोली थैली, डोरी निकाल्छन् हातको फलामको चिम्टा पनि भूँइमा राख्दछन् । उनी वगैको बाग, र राग, मोचा निकाल्छन् र हातको डण्डा पनि राख्छन् । यी सवै त्यागिसकेपछि महालिङ्गको सुनौलो रूप बन्छ अर्थात् प्रत्येक अङ्ग प्रत्ययङ्गहरू सुनौला देखिन्छन् । यो देखेर दुर्गा बहिनीहरू महालिङ्गप्रति मोहित हुन्छन् । अब सोह्र बहिनी दुर्गाहरू पहाड जाने विचार आसपमा प्रकट गर्दछन र साथै पहाडतिर जाँदाखेरि मालबाट केही उपाहार लिएर जानुपदर्छ भन्ने निर्णय पश्चात् धानको विउँ लिएर पहाडतिर लाग्दछन् । आपसमा तिनीहरूको वार्तालाप हुन्छ । उनीहरू अन्नहरूमा सवैभन्दा जेठो जौं हो भने वृक्षहरूमा सवैभन्दा जेठो पाँगर हो अनि धानहरूमा सवैभन्दा जेठो सालीधान हुन्छ भन्दै जेठोधानको पराल चुँडेर खल्तीमा राख्छन् । त्यस्तै उनीहरू पागरको दाना र जौको बालो पनि टिपेर खल्तीमा राख्छन् । यसपछि त्यहाँबाट हिँडेर उनीहरू मालका डाँडामा आएर बास बस्दछन् । त्यहाँबाट उनीहरू मण्डी आएर बस्दछन् र चारैतिर हेरफेर गर्छन । र मुणेघाटमा साघु बनाउनको लागि त्यहाँका मानिसहरू कुराकानी चल्छ र त्यहाँका मानिसलाई मुणेघाटको दान दिने सर्तमा तुहिन तार लगाउन भनिन्छ । बावियोको डेरी बनाएर तुहिन बनाई महाकालीनदीमा फौजफक्कडलाई तराइन्छ । बडो साहसका साथ खुट्टा र खराउ नभिजाएर महालिङ्ग दुर्गासहित तरेर वारिमण्डी आएर बस्दछन् । वारिमण्डीमा आई दोकान बनाएर व्यापारको शुरूवात गर्दै उनीहरू त्यहाबाट अगाडि बढेर हात्तीढुङ्गामा आई बास बस्छन् त्यहाँको चौतर्फी अवलोकनपश्चात् उनीहरू रगउनीखालोमा आएर बस्छन् । उनीहरू

रगउनीगाणका चिल्ला लोहडा घोडामा बोकाएर सँगै ल्याउछन् । उनीहरू रगउनी गाणबाट कल्याणी खोला आएर बस्छन् र त्यहाँ मन्दिर बनाएर आफ्नो मूर्ति राख्न लगाउँछन् । घण्ट चढाएर त्यही झुण्ड्याउनु लगाउँछन् । त्यहाँबाट हिँडेर अमले भन्ने ठाउँमा बसाई हुन्छ र उनीहरू अमल्लेकी साउँदसँग पहाड जाने बाटो बताई माग्दछन् । साउँदले केही पुरस्कार माग्न थाल्छन् । पुरस्कार स्वरूप तिम्रो कुल घरानमा सधैँ पहलवान जन्मला भनेर आशीर्वादले साउदलाई आश्वस्त पार्छन् र उसकै निर्दिष्ट मार्गमा अगाडी बढ्छन् । त्यसपछि उनीहरू रमसुल्ला आएर बस्तछन् । त्यहाँ पुग्दा उनीहरू पानी तिर्खा र भोकले सताइएका हुन्छन् । पानीको अभावका कारण महालिङ्गले भीरमा फलामको डण्डाले बलियो चोट हानेर पानी निकाल्दछन् र तिर्खा मेटिने गरी सबैले पानी पिउँदछन् ।

त्यस्तै भोक मेटाउन उनीहरू बाह्रमाना फलामे चिउरा खाएर सन्तोषको सास फेर्दछन् । विस्तारै त्यहाँबाट अगाडी बढ्दै उनीहरू पिङ्गका माणुमा पुगरे पिङ खेल्छन् र त्यहाँबाट तिन्मण्या भन्ने ठाउँमा आएर बास बस्दछन् । उनीहरू तिन्मण्यानामा घाणा चढाउँन् र आगडि बढ्दै तिलाडी बगडमा आएर बस्छन् । त्यहाँ आएर उनीहरू तिल्यादैत्य (दान) को संहार गर्दछन् । यसपछि उनीहरू मष्टामाण्डौमा आएर बस्दछन् खाना खान्छन् । त्यहाँबाट उनीहर लोणयाओढार आएर बस्छन् र लोणयादानको संहार गर्दछन अनि फणिल्यापहण आएर बस्दछन् र त्यहाँको भीर फुटाएर बाटो निर्माण गदछन् । त्यहाँबाट हिँड्दै उनीहरू देउराबगडमा आएर मानिसहरूँग भेटघाट गर्दछन् । र त्यहाँबाट हिँडेर बड्डी ज्यावन भन्ने ठाउँमा गएर बस्दछन् । ज्यावनबाट बाह्र देवता ज्यावनहरू पनि साथै लाग्छन् र थलीकाचौर आएर बसाइँ हुन्छ । त्यहाँ उनीहरू चौतर्फी अवलोकन गर्दछन् र त्यहाँ पुगेर धामी कमाएर धान रोप्न लगाउछन् । त्यसै समयमा छिः छि : काट्ने चरीले छि :छि : भन्ने आवाज निकाल्दा त्यहाँबस्ने महालिङ्गलाई घिन लाग्छ । चरीको आवाजबाट विमुख भएका महालिङ्गदेव थलीकाचौरबाट पातिभेर्‍या भन्ने ठाउँमा गएर बस्दछन् र त्यहाँ चौतर्फी नजर लगाएँछन् । त्यहाँ पनि महालिङ्गदेवको चित्त बुझ्दैन र उनी सैनकागर्खा आउछन् । सोहि ठाउँमा आएर कडायतनी आमालाई खान पकाइदेउन धेरै भोक लाग्यो भन्दछन् । तर उनीसँग थाकेको गाई, रितो भाडा र भकारी मात्रै हुन्छ । कडायतनी आमाले घरलाई शुद्ध पारेर लिपेपछि त्यस भित्र जान्छन् र खान आफै पकाउन लाग्छन् । खाना आफै पकाउन लाग्दा गोठमा बाझाँ गाई धिनालो (दुध दिने) भएको हुन्छ भने भित्र भकारी अनाजले भरिएका हुन्छन् । भगवानले खाना खाएर नसिद्धयाउँदै कडायतनी आमाले उनी के गर्दैछन्

भनेर घरको सानो प्वालबाट हेरेपछि अशुद्ध भएको भन्दै भगवान् (दुर्गा, महलिङ्ग) त्यहाँबाट थलीका थानमा गएर बस्दछन् ।

### ४.५.३.३ गायन-प्रक्रिया

बझाङ जिल्लामा महालिङ्ग देवताको मागल गायन स्थानै पिच्छे पृथक किसिमको भेटिन्छ । थलि-नौबिसमा भने मानिसहरू दिउँसो तथा राती उपबास बसेर महालिङ्गको पूजा गरेर सिध्याउँछन् अनि थलीको चौरमा आएर उपवास बसेका सम्पूर्ण माहिलाहरू समूहमा बसेर मागल गाउँछन् । यसरी गाउन लाग्दा त्यहाँको वातारण एकदमै भक्तिमय बन्छ । यस्तो अवस्थमा बीचमा धामीहरू काप्दै नाचिरहेको दृश्य एकदमै रोचक हुन्छ । यस मागलका ६६ हरफहरू गाइसकेपछि लय परिर्वतन हुन्छ । त्यसपछिका अन्य हरफहरू लामो लयमा गाउने गरिन्छ । लामो तथा छोटो लयमा गाउने यस मागलका केही हरफहरू यस प्रकार छन् :-

छोटो लयः- मालमुनि झाना अलक जगाया,<br>
मालका डाणा झाई धुई बाली बस्या

लामो लयः- बगैको टोपी भूइपर राख, छोड गोसाइ आफनो रूप

### ४.५.३.४ विषयवस्तु

बझाडी लोकलयले सिँगारिएको तथा सशक्त कथावस्तुयुक्त महालिङ्ग देवताको मागल साह्रै घत लाग्दो छ । मौखिक परम्परामा आधारित भई हस्तान्तरित हुँदे आएको हुँदा यसको घटनाक्रममा केही बेमेल जस्तो देखिन्छ । ठाउँपिच्छे यसका पाठमा केही पृथकता पनि भेटिन्छ । वियोगबाट शुरू भएको यसको कथावस्तु संयोमा पुगेर अन्त्य हुन्छ । धार्मिक तथा सांस्कृतिक झलक बोकेको महालिङ्गको मागलको कथावस्तु साह्रै रोमाञ्चक छ ।

महालिङ्गको जन्मदेखि युवाअवस्थासम्मको कथावस्तु यस मागलमा निहित छ । यसले गर्दा यो मागल जीवन्त बनेको देखिन्छ । स्वच्छ र सुन्दर हिमाल, विभिन्न साधन समाएर सजिएका महादेव र त्यो बेलाको मन्दिरहरू निर्माण गर्ने तरिका र शैलीले पनि यस मागलको विषय वस्तुलाई थप रोचक बनाएको छ । प्रस्तुत मागलको कथामा दैवीशक्ति र मानवीय गुण, स्वभाव भएका पात्रहरू पाइन्छन् । महालिङ्ग, मष्टो, दुर्गाबहिनीहरू, अमलेकी साउँद आदि यसका सक्रिय पात्रहरू हुन् भने महालिङ्गका अन्य ६ वटा भाइ, दानव,

तिल्याादैत्य, लोण्यादैत्य आदि निष्क्रिय पात्रको रूपमा देखा पर्दछन् । महालिङ्ग, मष्टो, जसु, सोह्रबैनी दुर्गा आदि दैवीपात्र हुन् भने अमरलेखी साउँद आदि मानवीयपात्र हुन् । यस्तै तिल्याादैत्य, लोण्यादैत्य अनय दानवहरू आसुरी प्रवृत्ति भएका पात्रहरू हुन् । प्रस्तुत मागलको नायक महालिङ्ग हो किनभने महालिङ्गको जन्मदेखि युवा अवस्थासम्मको कथावस्तु यसमा निहित छ । यस मागलका पात्रहरूका कार्यकलापको रोचक प्रस्तुतिले यस मागलाई साह्रै रोचक मात्रै बनाएको छैन जिज्ञाशु पनि  वनाएको छ ।

### ४.५.३.५ आयाम र आकार

महालिङ्ग देवताको मागलमा जम्मा १८२ वटा लयात्मक उद्गारहरू छन् । ती लयात्मक उद्गाहरूलाई हेर्दा यसको आकार मझौला प्रकारको देखा पर्दछ ।  यस मागलले भारतको टनकपुर लगायत त्यहाका विभिन्न ठाउँ तथा क्षेत्रका साथै  नेपालका तराई हिमाल र पहाडका विभिन्न ठाउँहरूलाई समेटेको पाइन्छ । यस मागलले गोइचन, बड्डीज्यावन, थलीचौर  कटपात्या लेक सम्मको विस्तृत आयाम लिएको देखिन्छ । महालिङ्गले पहिरने विभिन्न  साधनहरूको उल्लेख गरिएका केहि हरफहरू यसप्रकार छन् :-

टाटु पैरउ महालिङ्ग रूद्रक्ष माला
गाथ पैरउ महालिङ्ग बगैको बाग
पाया पैरउ महालिङ्ग बगैको मोचा

### ४.५.३.६ भाषाशैली

महालिङ्ग देवताको मागलमा बझाङ थली-नौबिसमा प्रचलित  स्थानीय भाषिकाको बढी  प्रयोग गरिएको छ । यसमा कतैकतै स्पष्ट बुझिने  नेपाली भाषाको पनि प्रयोग भएको पाइन्छ । यसका साथै कतैकतै गंवल, जस्ता संस्कृत भाषाका शब्दहरूको पनि प्रयोग भएको देखिन्छ । यस मागलमा लोकलयात्मक भाषाशैलीका साथै व्यङग्यात्मक तथा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएकाले यसको विषयवस्तु थप रोचक बनेको छ । हांस्यव्यङ्ग्यात्मक शैलीको प्रयोग भएको एउटा उदाहरण यसप्रकार छ :-

तिमे जुवा जितौला त तिम्रै पोइल झाउली
हिमे जुवा जितौली त 'कौड्या' बनाउली

### ४.५.४ राजा गोपीचन्नको मागलको विश्लेषण

#### ४.५.४.१ राजा गोपीचन्नको परिचय

राजा गोपीचन्न को  हुन भन्ने कुरा भारतीय हिन्दी बङ्गला आदि लोक साहित्यमा चर्चा गरिएको पाइन्छ । उनको चरित्र भतृहरिको जस्तै छ ।[२६] राजा गोपीचन्न माता मैनावती र बुवा दशरथका पुत्र थिए । उनी निकै दयावान भए पनि कर्महारा थिए भन्ने कुरा गोपीचन्नको मागलको कथावस्तुमा उल्लेख भएको छ । गोपीचन्नको खासै पूजाआजा हुने नगरे पनि आमाहरूको समूहले गोपीचन्नको मागल गाउने  गरेका छन् ।

#### ४.५.४.२ सारसङ्क्षेप

राजा गोपीचन्नको मागलमा राजा गोपीचन्न जन्मेको बाह्र वर्षपछि जोगी होरापरेको वयान छ । मागल अनुसार अजुद्या भन्ने पवित्र ठाउँमा राजा गोपीचन्नको जन्म हुन्छ । उनकी आमा मैनावतीले आफ्ना जोली चेलाहरूलाई गोपीचन्नको भाग्य र भविष्य जान्न जोशीज्यूका घरमा पठाउँछिन् । उनका जोली चेलाहरू कुटिरोमा चामल खल्तीमा केराको कोसो लिएर जोशीज्यूका घरतिर लाग्छन् । जोशीज्यूले धुलौटोमा पवित्र माटाको धर्को हालेपछि टाउको हल्लाउँदै, गोपीराजा अन्नको अनिलो, धनको धनिलो, तपको तपिलो र धाकको धकिलो भएको जोली चेलाहरूलाई सुनाउँछन् । अर्कोपटक राम्ररी हेरेर जोशीज्यू गोपीराजालाई बाह्रवर्षे जोगी होरा परेको अशुभ खबर पनि सुनाउँछन् । सबैकुरा थाहा पाएपछि जोली चेलाहरू घर फर्कन्छन् । घरमा गोपीचन्नको राम्रो लालनपालन हुन्छ । गोपीचन्न एक वर्षको उमेरमा दुईवर्षका, दुई वर्षको उमरेमा चार वर्षका उमेरमा छ वर्षका, छ वर्षको उमरेमा आठ वर्षका, आठ वर्षको उमेरमा दश वर्षका र दश वर्षको उमेरमा बाह्र वर्षका भन्दा पनि बढी उमेरका देखिन्छन् । यसै उमेरमा गोपीचन्नको केला रानी र वेला रानी  भन्ने दुई वटा केटीसँग विवाह हुन्छ । बाह्रवर्षे जोगी होरा परेका गोपीचन्न जोगीको कुटीमा झोली र मखेली जस्ता जोगी सरसामान बोकेर मान्छेका घरघरमा ‘अलोग’ जगाउने काम  गर्छन् ।

---

[२६] देवकान्त पन्त, **डोटेली लोकम साहित्य,** (काठमाण्डौ : नेपाल र एसियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय २०३२), पृ. ४७ ।

### ४.५.४.३ गायन-प्रक्रिया

थली-नौबिस क्षेत्रका महिलाहरू राजा गोपीचन्नको मागल आफ्नै प्रकारको लयमा गाउने गर्दछन् । यो मागल गाउँदा आइमाईहरू शुद्ध र पवित्र भएर भेला भएका हुन्छन् । कृष्ण जन्माष्टमी, रामनवमी तथा भदौं, असोज, कार्तिक, माघ र फागुन महिनामा स्थानीय कुल देवताको पूजाआजा गरिसकेपछि आफ्नो मनको व्यथा हल्का पार्न र राजा गोपीचन्नको सम्झना स्वरूप यसको मागल गाउने गरेको पाइन्छ । राजा गोपीचन्नको मागल गाउँदा नारीहरू आँसु खसालन पुग्दछन् र सबैमा भक्तिभाव जागृत हुने गर्दछ । पटक-पटक रोकेर अनि सास लामो पारी यस मागलको गायन गरिन्छ । राजा गोपीचन्नको शारिरिक वृद्धि एकदमै छिटो हुने विषय समोवश भएको यस मागलको दुईवटा हरफहरू यस प्रकारछन् :-

एक वर्ष पाल्याको गोपी दुई वर्षका जसो
दुई वर्ष पाल्याको गोपी चार वर्षका जसो

### ४.५.४.४ विषयवस्तु

राजा गोपीचन्नको मागलमा एउटा सशक्त र कसिलो कथावस्तुको बुनोट पाइन्छ । यस मागलमा राजा गोपीचन्नको जन्म भएदेखि उसको विवाह भई जोगी भएर 'अलोग' जगाउँदा सम्मको कथावस्तु रहेको छ । त्यसमा विभिन्न विषयवस्तु समाविष्ट छन् । बूढा बुवाआमा, छोरोछोरी र रानीको असहाय अवस्था अनि सारा राजपाट देश, डाँडा, र पानी पँधेराको टुहुरोपन र संरक्षणहीनताले सारा समाज दु:खी भएको अवस्थाले पनि यस मागलको विषयवस्तुमा महत्वपूर्ण स्थान ओगटेको छ । आमाबाबु पछि बहिनीको आशा र भरोसा भाइ नै हो त्यही भाइ नै जोगी बनी भिक्षा माग्न आफ्नो दैलोमा उभिन पुग्यो भने बहिनीको हालत त्यति बेला के होला ? प्रत्येक नारी आमा र बहिनी दुवै हो । यस मागलमा नारीको पुत्र र मातृस्नेहको चमत्कारिक तुलना भएको छ ।

यस मागलमा अनेक प्रकारका पात्रहरूको पनि उचित संयोजन गरिएको छ । राजा गोपीचन्नका साथै जोली चेला, जोशीज्यू, केला र वेला दुईवटा रानी, देउरानी, जेठानी लगायत असंख्य जोगीपात्रहरूको पनि उपस्थिति गराइएको छ । यस मागलमा प्राय मानवीय पात्रहरू रहेका छन् । ती पात्रहरूमा राजा गोपीचन्नमा दैवीयशक्ति र बाँकी सबै पात्रहरूमा मानवीय गुण देखा पर्दछन् । यो मागल त्यति प्रचलनमा आउने नभए पनि थली-नौबिसस

क्षेत्रमा यसको आफ्नै महत्व रहेको छ । राजा गोपीचन्न जोगीको भेषमा जोगीहरूको जमातमा गएको विषयवस्तु बोकेका यस मागलका चारवटा हरफहरू यस प्रकार रहेका छन् :-

नसी गयो गोपीचन्न नारङ्याकी माणु
नसी गयो गोपीचन्न जोगीकी जमात
जोगिकी जमात गयो भ्होलीन मेखली पैऱ्यो
बल्ली देली पल्ली देली अलोग  जगाइहेल्यो

### ४.५.४.५ आयाम र आकार

राजा गोपीचन्नको मागलमा लामा  छोटा ४२ वटा लयात्मक  हरफहरू  रहेका छन् । लयात्मक  हरफहरूलाई हेर्दा यस मागलको आकार लघु नै भएको स्पष्ट हुन्छ । यो मागल गाउन ४० मिनेट भन्दा वढी समय लाग्दैन । भारतको अजुद्ध्या दरबार लगायत कुनै काल्पनिक ठाउँको जोगीहरू बस्ने कुटी, र विभिन्न ठाउँहरूको आयाम पनि यस मागलको विषयवस्तुले लिएको देखिन्छ । यस मागलमा १३ देखि १५ अक्षर सम्मका हरफहरू रहेका भेटिन्छन् । राजा गोपीचन्नको जन्मदेखि उसको विवाह भएको  र उसले जोगीको रूप धारण गरेको जीवनको महत्वपूर्ण क्षणको आयाम पनि यस मागलले लिएको देखिन्छ ।

### ४.५.४.६ भाषाशैली

राजा गोपीचन्नको मागलमा बभ्हाङी भाषिकाको थली-नौबिस क्षेत्रमा बोलिने  भेद प्रचुरमात्रामा प्रयोग  गरिएको छ । कतै-कतै संस्कृत भाषाका शब्दहरू देखिएपनि तिनको न्यून मात्रामा प्रयोग भएको छ । यस मागलमा नेपाली भाषाको  पनि केही मात्रामा  प्रयोग गरिएको पाइन्छ । नेपाली भाषा प्रयोग गरिएको एउटा उदाहरण यस प्रकार रहेको छ :-

अन्नको अनिलो गोपी धनको धनिलो
धाकको धकिलो गोपी तपको तपिलो

## ४.६ थली-नौबिसका सांस्कारिक मागलको अध्ययन

थली-नौबिस क्षेत्रमा विभिन्न सांस्कारिक मागलहरू प्रचलित रहेका छन् । तिनमा मानव जीवनसंग प्रत्यक्ष सरोकार राख्ने विभिन्न संस्कारहरूका बारेमा बयान भएको पाइन्छ । त्यस्ता मागलहरूका बारेमा विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

### ४.६.१. न्वारनको मागलको विश्लेषण

#### ४.६.१.१ न्वारनको चलन

नेपालका विभिन्न जिल्ला र क्षेत्रमा जस्तै बझाङको थली-नौबिसमा पनि बच्चा जन्मेको ५ दिन पुगेपछि न्वारन गर्ने चलन छ। बच्चा जन्मको ५ दिन पूरा भएपछि सुत्केरी महिला र बालकलाई नुहाइ धुवाइ गरिन्छ। त्यसै दिन पण्डित बाजेलाई बोलाइ त्यसै घरमा जग्यो रोपर पण्डित पाठ गरिन्छ। जग्योमा गणेश, बत्ति, कलश देवताका साथै नौग्रहको पनि पूजा आजा गरिन्छ। पण्डित बाजेले जौ, घिउ, तिलक र पैयुँको दाउरामा होम तथा माथि उल्लिखित सबैदेवता र नौग्रहको पूजा गरि सकेपछि सिन्दुरले पातेका अक्षता घरमूली अथवा बालकको बुवालाई लगाइन्छ। त्यसपछि शुद्ध पानीले गाईको गँहुत घर भित्रका बिभिन्न कोठा, बालक र सुत्केरी महिलालाई छर्केर खुवाइन्छ। सुत्केरी महिलाले पण्डितले दिएको अक्षता बालक र आफ्नो निधारमा लगाएपछि न्वारनको कार्य सकिएको मानिन्छ। बालक र सुत्केरी महिला त्यसै दिनदेखि छुने सम्म भए पनि सुत्केरी महिलाले पानी पँधेरो र चुलोचौको गर्न भने अछूत नै मानिन्छ।

#### ४.६.१.२ सारसङ्क्षेप

पण्डितबाट बालक जन्मेको घरको कोठामा जग्यो रोप्ने कार्य शुभारम्भ गरिन्छ। उनकै निर्देशन अनुसार न्वारनको लागि चाहिने सामानहरू जम्मा गरिन्छन्। गणेश र बत्ति देवता दुइटैलाई उनको जन्म  र अवतारका बारेमा सोधिन्छ। गणेश देवताले पार्वती देवीका थान तथा जग्योमा आफ्नो जम्न र अवतार भएका बताएपछि कलश देवताले पनि मधेश र मालमा आफ्नो जन्म र अवतार भएको जानकारी गराउँछन्। यसपछि जग्योमा उपस्थित नौग्रहलाई पनि उनको जन्म र अवतारको बारेमा सोधिन्छ। नौग्रहले गङ्गा नदीका देश तथा जग्योमा आफ्नो जन्म र अवतार भएको कुरा बताउँछन्। यसका साथै नौग्रहसँग उनका बाबु तथा आमाका बारेमा जानकारी लिन खोज्दा आफ्ना पिता आदित्य र आमा मातृदेउ भएको बताउँछन् र मागलको विषयवस्तु टुंगिन्छ।

#### ४.६.१.३ गायन-प्रक्रिया

थली-नौबिस क्षेत्रका महिलाहरू बालक जन्मेको पाँच दिन पुगेपछि घरको कोठाको एक छेउमा सामूहिक रूपमा बसेर न्वारनको मागललाई गाउने गर्छन्। पण्डितले न्वारनको

कर्म गर्दाखेरी लेघ्रो तानेर एकै सासमा मागलको एउटा हरफ गाएर सिध्याउने गर्दछन् । वीचमा कतै नरोकिकन सरासर आफ्नै धुन र लयमा पण्डितले न्वारन कर्म गरि सकेपछि मात्र विश्राम लिने गरी आमाहरूको एक समूहले यो मागल गाएको पाइन्छ । बालकको न्वारन कर्म गर्दा चाहिने बत्तिलाई समेटेको यस मागलको एउटा उदाहरण यस प्रकार छ :-

यसो जग्या यसो जग्या क्याउ थोकु चाइयो

यसो जग्या यसो जग्या बत्ति देउ चाइयो ।

### ४.६.१.४ विषयवस्तु

बझाङ थली-नौबिसमा प्रचलित न्वारनको मागलमा सामान्य कथावस्तु पाइन्छ । बालक जन्मेको कोठा भित्र जग्यो रोपेको घटनाबाट सुरू भएको यसको कथावस्तु नौग्रहले आफ्ना बुबा आमाको नाम भने पछि समाप्त हुन्छ । बालक जन्मेको पाँच दिनमा गरिने न्वारन र त्यस कार्यमा चाहिने सरसामान र कर्मसंग सम्वन्धित भएकाले यसको विषय संस्कारिक छ । समाजका चालचलन र रीतिरिवाजको पाटो बोकेको तर भौगोलिक तथा अन्य विषय नसमाएकाले यस मागलको विषयवस्तुले व्यापकता लिन सकेको छैन । न्वारनको घरभित्र सामान्य खालको जग्यो रोपिएको विषय समेटिएको यस मागलको एउटा उदाहरण हेरौ :-

यसो तनु ठूली पाण क्या जग्यो रोपायो

काँस डाली ठूली पाण बालो जन्म्यो

### ४.६.१.५ आयाम र आकार

समान खालका २६ वटा हरफ समावेस न्वारनको मागलको आकार लघु भएपनि यसको विषयवस्तुगत आयाम भने केही फराकिलो छ । पार्वती देवीको बासस्थान कैलाश हिमाल देखि पवित्र नदी कालङ्गा र तराईको मलिलो फाँट सम्मको परिवेशले यस मागलको आयामलाई आकार भन्दा चौडा बनाएको छ । यो मागल गाउन आधा घण्टा पनि लाग्दैन । तराई प्रदेश सम्मको आयाम समेटेको यस मागलको आकार हेर्दा लघु नै देखिन्छ । कलश देवतालाई तपाईको जन्म कहाँ भएको हो भनी प्रश्न गरिएको यस मागलको दुईवटा हरफ यस प्रकार छन् :

कारे तुमु कलश देउको जरमनु भयो

माल न मनेश हमरो जरमनु भयो

#### ४.६.१.६ भाषाशैली

न्वारनको मागलमा बझाङ थली-नौबिसमा प्रयोग हुने स्थानीय भाषिका प्रयोग गरिएको छ। एउटै शब्द वा वाक्यलाई दोहोऱ्याएर प्रयोग गरिएको हुनाले यसमा पुनरावृत्त शैलकिो आकर्षक ढंगमा प्रयोग भएको छ । 'नौग्रह' जस्ता समासयुक्त शब्दहरू पनि यस मागलमा प्रयोग भएका छन् । लोकलयमा आधारित यस मागलको भाषा काव्यात्मक र कवितात्मक छ भने यसको शैली प्रश्नोत्तर रहेको पाइन्छ । यसको एउटा उदाहरण यस प्रकार छ :-

तुमु नवै ग्रहका को हुन्ना बाबु
तुमु नवै ग्रहका को हुन्ना माया
हुमु नवै ग्रहका आदित्य बाबु
हुमु नवै ग्रहका मातृदेउ माया

### ४.६.२ छैट र खैटीपूजाको मागलको विश्लेषण

#### ४.६.२.१ छैट र खैटीपूजाको चलन

बझाङ जिल्लाका अन्य क्षेत्रहरूमा जात-जाति अनुसार छैट र खैटीपूजा गर्ने चलन आ-आफ्नै प्रकारको रहेको छ । अन्य ठाउँ तथा जिल्लामा छैटी पूजा भनिए पनि बझाङको थली-नौबिसमा भने खैटीपूजा भन्ने चलन छ । बालक जन्मेको छ दिन पुगेपछि बालकलाई शुद्ध भएको मानिन्छ र सबैले उसलाई समाउने र हात लगाउने गर्छन् । त्यसैदिन बाललको छैट तथा खैटीपूजा गर्ने गरिन्छ । उज्यालो छँदै बाहुनले कलश, ओखर, कुश आदिको सामान्य मन्त्रण गर्नलाई छैट र रात परेपछि विशेष तरिकाले गरिने पूजालाई खैटीपूजा भन्ने गरिन्छ ।

खैटीपूजामा जुन घरमा बालक जन्मेको हुन्छ त्यस घरको कोठाभित्रको मध्य भागमा भगवानको प्रतीक बनाई होम गरिन्छ । त्यसको दाहिनेतिर पाँचवटा ग्रागी तथा बायाँ तिर काँसको भाँडो राखिन्छ । अक्षता र फूलपातीका साथ गाईको गँहुत चाखेर बालकका बुबा, आमा, दाईभाइ, बाज्ये बज्यै बाहुनले भने बमोजिम कार्य गर्दछन् । यस संगै मङ्लारीले खैटी पूजाका मागल गाएर सकेपछी खैटीपूजा सम्पन्न भएको मानिन्छ । त्यस दिन बोकाको बली

दिने, डेउडा र भारीखेल खेल्ने चलन पनि छ । जे भए पनि खैटीपूजालाई बालकको दीर्घायुका लागि गरिने पूजाका रूपमा लिइन्छ ।

### ४.६.२.२ सारसङ्क्षेप

काँस र चाँदीको डालीभई ठूलोघर भित्र भुइँमा बालकको जन्म हुन्छ । बालक धेरै राम्रो जन्मेको हुन्छ । सबैभन्दा पहिला बालकले आफ्नो रूप शिरबाट देखाउँछ । उसको शिर बेलको दाना जस्तो लाग्दछ । त्यसपछि उसले निधार हुँदै आँखा, नाक, ओठ, दन्त, जिब्रो, चिउँडो, घाँटी, कुम, छाती, कम्मर, जाङ, घुडा, पिँडुला, पैतला, अङ्गौठी र कुर्कुच्चाबाट आफ्नो सम्पूर्ण रूप देखाउँछ । उसका ती सम्पूर्ण अङ्गहरू हेर्दा निधार उदाएको सूर्य जस्तो र आँखा परेवा नजर जस्ता हुन्छन् । यसका साथै नाक छुरीको धारजस्तो, ओठ बटारेपिउलो ( एक प्रकारको हिमाली फूल) जस्तो, दाँत अनारको बीउ जस्तो हुन्छ । कुम ढोका मिलाएका जस्ता, छाती बिवरको गेडा जस्ता, कम्मर कमलको छाँट जस्तो, जाङ केराका कोसाको रङ जस्ता, घुडाँ सुनको दियालो जस्ता तथा पिँडुला दुवाको मुठाजस्ता देखिन्छन् । यस बाहेक पैताला मौरी पुतली जस्ता, अङ्गौठी सपेली जस्ता र कुर्कुच्चा कुखुराको फुल जस्ता देखिन्छन् भनेर बालकको सौन्दर्यगान यस मागलमा गरिएको छ ।

खैटीपूजाका दिन बालकको होरो हाल्न भगवान् सम्वन्धित ठाउँमा आउँछ्न । चन्द्र र सूर्यका घरमा वियोमाइय (भगवान्) आकाशको बाटो हुदै तारामण्डल, बादलमण्डल नाउली मण्डलबाट अन्नपाकेको खेतमा ओर्लन्छन् । त्यहाँबाट ढोकाभित्र छिरेर बालक जन्मेको ठाउँ पुग्दछन् । भगवानले बालक जन्मेठाउ प्रवेश गरेपछि उनको दाहिनेतरि पाँचवटा गाग्री र बायाँतिर काँसको भाँडा राखिन्छ । बालकलाई राम्ररी हेरिसकेपछि भगवानले बालकको भाग्य टाउको देखि कुर्कुच्चासम्म हाल्दछन् । बालकको होरा लेखेर उनी त्यहाँबाट आफ्नै घरमा प्रस्थान गर्दछन् ।

### ४.६.२.३ गायन-प्रक्रिया

बझाङ जिल्लाको थली-नौबिस बुङ्गल र छान्ना क्षेत्रमा गाइने छैट तथा छैटी पूजाको मागलको भाव एउटै भए पनि गायनको भाषा र लय भने फरक-फरक रहेको पाइन्छ । थली-नौबिस क्षेत्रमा बालक जन्मेको छ दिनको बेलुका र राती आठ, नौ बजेको रात्रीकालीन समयमा छैट तथा खैटीपूजाको मागल गाउने गरिन्छ । ५, ७ या ९ जनाको

समूहमा गोलो घेरा पारेर बसेका महिलाहरूले एक-अर्कालाई हेर्दै यो मागल गाउने गरेका हुन्छन् । बाहुनले छैट र खैटीपूजाको पाठ पढेर नसकेसम्म महिलाहरू लामो सास लिएर भमराको भुँभुँ भुँ को नक्कलमा यसको मागल गाइरहेका हुन्छन् । बालक काँसको डाली र चाँदीकोडालमिा जन्मिएको भन्ने विषय समावेश भएको यसको मागलका दुइवटा हरफहरू यस प्रकार छन् :-

कासा डाली ठुली पाण बालो जन्म्यो छ ।

रूपा डाली ठुली पाण बालो जन्म्यो छ ।

### ४.६.२.४ विषयवस्तु

छैट र खैटीपूजाको मागलमा एउटा सशक्त कथावस्तुको बुनोट पाइन्छ । यस मागलमा बालक जन्मेको ६ दिनमा छैटी र खेटी पूजा हुने गरेको र त्यो दिन भगवान् स्वयंम् उपस्थित भएर बालकको होरो हाल्ने रोचक तथा चमत्कारिक विषयवस्तु तथा घटना उल्लेख भएको छ। भगवान्ले बालकको शिरदेखि कुर्कुच्चा सम्मको सम्पूर्ण अङ्गको अवलोकन गर्ने तथा सोही अुनसार होरो (भाग्य) निधार्रण गर्ने र बालकलाई दीघार्यु बनाउने घटना र विषयवस्तुलाई यस मागलले समेटेको छ । साथै यस मागलमा पृथ्वीका विभिन्न भागको वर्णनका साथै खगोलविज्ञान (आकाश, तारामण्डाल, बादलमण्डल) र जलविज्ञानको पनि उल्लेख गरेका कारण यसको विषयवस्तुले थप व्यापकता पाएको छ ।

यस मागलमा भगवान् (वियोमाइय) दैवी पात्र बाहेक बालक, काँसको भाडो, पाँचवटा गाग्री, सूर्य, चन्द्र लगायतका मानवीय, अलौकिक र मानेवेतर पात्रको पनि रहेका छन् । भगवान मूल पात्र र केन्द्रीय चरित्रका रूपमा तथा बालक सहायक पात्रका रूपमा बाहेक अरू सबै गौण पात्रका रूपमा आएका छन् । भगवान् आकाश-चन्द्र र सूर्य लोकबाट बालक जन्मेको ठाउँमा पुगी बालकको प्रत्येक अङ्गको होरो हालेर जाने कार्यकलापको रोचक प्रस्तुततिले यस मागललाई जीवन्तता प्रदान गरेको छ । खगोलविज्ञानको विषय समेटेको यस मागलको तीनवटा हरफहरू यस प्रकार छन् :-

चन्द्र र सुरीज होइ सर्क्यालोक

सर्क्यालोक होइ तारी मण्डल

तारी मण्डल होइ बादलीमण्डल

### ४.६.२.५ आयाम र आकार

पृथ्वीदेखि आकाश, तारामण्डल, तथा बादली मण्डलको विषय एकैचोटी समाएकाले यसको विषयवस्तुगत आयमा भने निकै व्यापक देखिन्छ । यस मागलमा जम्मा १०० वटा लयात्मक उद्गार रहेको छन् । यसमा भएका यी १०० वटा लयात्मक उद्गारहरूलाई हेर्दा यसको आकार वा आयम मझौला किसिमको भएको प्रष्ट हुन्छ । यो मागल गाउन करीब १ घण्टा लाग्ने गर्दछ । यस मागलमा ११ अक्षरदेखि १४ अक्षरसम्मका लयात्मक हरफहरू भेटिन्छन् ।

### ४.६.२.६ भाषाशैली

बझाङ जिल्लाको थली-नौबिस क्षेत्रमा बोलिने स्थानीय कथ्य भाषाको अधिक प्रयोग भएका छैट तथा खैटीपूजाको मागलमा वर्णनात्मक शैली प्रयोग भएको छ । यस मागलमा लोकलयात्मक भाषाशैलीको अधिक उपयोग गरिएको छ । संस्कृत तथा तत्सम शब्दहरूको न्यून प्रयोग गरिएको यस मागलमा विभिन्न अलङ्कारको पनि प्रयोग गरिएको छ । बालकका दाँतलाई अनारको बीउसंग तुलना वा सामान भनेर वर्णन गरिएको उपमा अलङ्कार प्रयोग गरिएका हरफहरू यस प्रकार छन् :-

बालाले रूपीकी छोड्यो दन्त जोलीबाट
दन्तजोली घेकाउ बाला दाणिमको बीउ

### ४.६.३ अन्नप्रासनको मागलको विश्लेषण

### ४.६.३.१ अन्नप्रासनको चलन

बझाङ जिल्लाका सबै क्षेत्र, इलाका र गाउँमा अन्नप्रासनको चलन पाइए जस्तै थली-नौबिस क्षेत्रमा पनि बालक जन्मेको छ महिना पुगेपछि अन्नप्रासन (अन्नचखाई) गर्ने चलन र आमाको दूध मात्र खाने बालकलाई अन्नप्रासन नगर्दा सम्म सो दूधका अतिरिक्त अरू केही पनि खुवाइँदैन । अरू सवैं संस्कार सम्वन्धी कार्यमा बाहुन चाहिए पनि यस कार्यमा भने बाहुन नभए पनि हुन्छ । मङलारीले गाएको मागलसंगै अन्नप्रासनको कार्य शुरू भएको मानिन्छ ।

अन्नप्रासनमा बालकको मावलीघरको मुख्य मान्छेलाई विशेष व्यक्तिका रूपमा बोलाइन्छ । नयाँ लुगामा सजिएको बालकलाई काठ माथि सफा सेतो, कपडा राखी त्यसमै

बसाइन्छ र त्यसको ठिक पछिल्तिर सोही अनुरूप बालकको पितालाई पनि राखिन्छ दुबै ( बालक र पिता) को टाउकोमा सेतो कपडाका पगरी पनि बाँधिएको हुन्छ । बालक र उसको बुवालाई फूलमाला र अक्षताले सिँगारेपछि कन्या केटीले एक रूपियाँ चाँदीको डबलद्वारा भुटेको जौबाट बनेको मीठो परिकारलाई बालकको मुखामा राखेर अन्नप्रासनको कार्य सुरू गरिन्छ । यसै गरी बालकका बुवा, आमा, र मावली बाजे लगायत अन्य आफन्तले पनि कन्या केटीले गरे अनुरूप गरेपछि वा खुवाएपछि अन्नप्रासनको कार्य सु-सम्पन्न भएको मानिन्छ । बालक खास उमरेमा पुगेपछि स्तनपान बाहेक अन्य खानेकुराको पनि आवश्यकता भएको महसुस गरी अन्नप्रासन गर्ने गरिएको पाइन्छ । थली-नौबिस क्षेत्रमा छोराको अन्नप्रासन गरिए पनि छोरीको चाहिँ गरिदैन । छोराको अन्नप्रासनका लागि भने शुभवार रोजिएको हुन्छ ।

### ४.६.३.२ **सारसङ्क्षेप**

बाललाई पहिलो पटक अनाज खुवाउने संस्कारसंग सम्वन्धित अन्नप्रासनको मागल अनुसार काँसको डालीमा जन्मिएको बालकलाई घरभित्रै चाँदडालीमा अन्नप्रासन गरिन्छ । मालमा उब्जेको असरूप्पी चाँदी र थाल जस्ता सामानको खोजी गरि बालकलाई अन्नप्रासन गर्ने तयारी गरिन्छ । सेतो रडको नयाँ लुगामा सजिएको दुधे बालकलाई सर्वप्रथम उसकी कन्या (रजस्वाला नभएकी) फुपूले अन्नप्रसान गर्छे । बालकले आफ्नी फुपूलाई दर्शन गरेपछि कहिल्यै  नमर्ने भएस् भनेर आशीर्वाद दिन्छे । त्यसपछि बालककी कन्या दिदी पनि उसलाई अन्नप्रसान गर्छे । बालकले आफ्नी दिदीलाई पाउको ढोग छ दिदी भन्छ र दिदीबाट 'भाग्य मानी, अजर अमर भएस् भाइ' भन्ने आशीवार्द पाउँछ । यसरी क्रमैसंग उसका बुबा, आमा, काका, काकी, बाजे, बज्यै, दाइ, भाउजू, मामाघरका बाजे र अन्य आफन्तले उसलाई अन्नप्रासन गर्छन् र ऊ सबैलाई ढोक सलाम गर्छ साथै सबैबाट कहिल्यै नमर्ने अमर भएस् भन्ने आशीवार्द पनि पाउँछ । बालकको अन्नप्रासन गर्न आफ्नी कन्या फुपूलाई दिएको ढोग र उसकी फुपूले दिएको आशीर्वादलाई मागलका हरफमा यसरी प्रस्तुत गर्न सकिन्छ मुरे झानो मुरे झानो

जद्‌देउ जद्‌देउ पैजा मेरा पाउकी ढोक छ

जिरेइ बाल मानिसकी अजैमरू भएइ

### ४.६.३.३ गायन-प्रक्रिया

चार पाँच जनाको सङ्ख्यामा उपस्थित भएका वृद्ध तथा अधबैंसे आमाहरूले आफ्नो शक्ति, क्षमता र कुशलता अनुसार अन्नप्रासनको मागल गाउने गरेको पाइन्छ । कम सङ्ख्यामा उपस्थित भए पनि स्वर माथि स्वर थपेर र मिलाएर गाइने हुनाले दर्जनौं आइमाईहरूले गाएको जस्तो अरू सुन्नेहरूलाई लाग्दछ । घरको कोठाको एकापट्टि बालकलाई अन्नप्रासन गराउने कार्य भइरहेको हुन्छ भने अर्कोपट्टि आमाहरूले सो मागल गाइरहेका हुन्छन् । मागलको प्रारम्भसंगै अन्नप्रासनको कार्य सुरू हुन्छ भने मागलको अन्त्यसंगै अन्नप्रासनको कार्य पनि सकिन्छ । आइमाईहरूको सुरिलो स्वरको भुनभुनाहट सुन्दाखेरि त्यहाँ बसेका अन्य मान्छेहरूको अर्न्तहृदयदेखि नै बालकप्रति थप स्नेह, माया र करूणा जागेर आउने गर्दछ ।

### ४.६.३.४ विषयवस्तु

बालक प्रति अत्यधिक स्नेह, माया, ममता र करूणा जगाउने ओजिलो कथा वस्तु युक्त अन्नप्रसानको मागल साह्रै घतलाग्दो छ । थली-नौबिसमा यस मागलको अरू ठाउँ भन्दा पृथक पहिचान रहेको छ । सामाजिक र सांस्कृतिक झलक बोकेको अन्नप्रासनको मागलको विषयवस्तु छोटो भए पनि आकर्षक र रोचक छ । बालकको जन्मदेखि ६ महिनासम्मको अवस्थाको विषयवस्तुले यस मागलमा स्थान पाएको छ । अन्नप्रासन गर्न आएका आफूभन्दा ठूलाबडालाई ढोग गर्नु र ठूलाबडाले दुधेबालकलाई आशीर्वाद दिनुले उच्च मानवीय संवेदनालाई पनि यस मागलले प्रकट गरेको छ । सयौ वर्ष पुराना चाँदी तथा तामाका भाँडाकुडाहरू अझै पनि जस्ताको त्यस्तै रहेको र तिनको उपयोग हाम्रो गाउँघरमा सीमित कार्यका लागि हुने गरेको विषयलाई पनि यस मागलले समेटेको पाइन्छ ।

यस मागलमा ६ महिनाको दुधे बालकका साथै उसका बुबा, आमा, बाजे, बज्यै, काका, काकी फुपू र दिदीहरू पनि सहयोगी पात्रको रूपमा आएका छन् । यस मालमा प्रयोग भएका सबै पात्रहरू माया ममताले ओतप्रोत भएका देखिन्छन् । उनीहरूमा सहयोगी र अरूको भलो होस्, भन्ने उच्च मावतावादी भावना पनि रहेको पाइन्छ । यस मागलमा दुघे बालकले ढोग गर्ने र कन्या केटीले अन्नप्रासन कार्य आरम्भ गर्ने जस्ता क्रियाकलापको रोचक र नाटकीय प्रस्तुतिले कथावस्तुलाई थप रोचक बनाएको छ । चाँदी जस्तो मूल्यवान्

धातुबाट निर्मित असरूप्पीबाट भात खुवाइने प्रचलनसंग सम्वन्धित यस मागलको उदाहरण यसप्रकार छ :-

दुलहरी बालाकी त केउ थोकु चाइयो

दुलहरी बालाकी त असरूप्पी चाँदी

### ४.६.३.५ आयाम र आकार

अन्नप्रासनको मागलमा जम्माजम्मी ४२ वटा हरफहरू गाइने हुँदा यसको आकार छोटो रहेको प्रष्ट हुन्छ। यस मागलले बालकको अन्नप्रासन गर्ने दिनको विशेष गरी चर्चा गर्ने हुनाले यसको आयाम पनि लघु नै देखिन्छ। पुरानो चाँदी, तामा, काँस आदि धातुहरूको पनि यसले उल्लेख गरेबाट यसको विषगयत आयाम केही फराकिलो पनि लाग्दछ। बालक जन्मेदखि ५ महिना सम्मको समयगत तथा परिवेशगत आयामको पनि यस मागलले झलक दिएको छ। स्नेह, सद्भाव र माया ममतामा बढी केन्द्रीत भई उच्च मानवतावादी भाव व्यक्त गर्ने यस मागलको विषयगत आयाम आकार भन्दा केही फराकिलो भएको महसुस हुन्छ।

### ४.६.३.६ भाषाशैली

बझाङी भाषिकाको थली-नौबिस क्षेत्रमा बोलिने स्थानीय भेद अन्नप्रासनको मागलमा प्रयोग गरिएको मुख्य भाषा हो। यस मागलमा जद्देउ, केउथोक, बौजू, जिरेइ जस्ता स्थानीय कथ्य भाषिका शब्दहरूको प्रचुरमात्रामा प्रयोग गरिनाका साथै दिदी, काम, अन्न जस्ता स्तरीय नेपाली भाषाका शब्दको पनि कतै-कतै प्रयोग गरिएको छ। यस मागलमा लामो लय हालेर गाउन सकिने लयात्मक भाषा शैलकिो प्रयोगका साथै वर्णनात्मक र प्रश्नोत्तर शैलीको पनि प्रयोग भएको पाइन्छ। बझाङी भाषिकाको थली-नौबिस क्षेत्रमा बोलिने स्थानीय भाषिकाका शब्द र प्रश्नोत्तर शैली प्रयोग भएको यस मागलको एउटा उदाहरण यसप्रकार छ :-

प्रश्न-कारे उब्जी गयो असरूपी चाँदी ?

उत्तर -मालरे उब्जी गयो असरूपी चाँदी।

### ४.६.४ चूडाकर्म (रौकटाइको) को मागलको विश्लेषण

#### ४.६.४.१ चूडाकर्मको चलन

बझाङ जिल्लाको थली-नोबिसतिर रौकटाइका नामले चिनिने चूडाकर्मको सांस्कारिक चलन आफ्नै प्रकारको रहेको छ । बालक तीन वर्षको उमेरको भएपछि असोज महिनाको शनिवार अथवा दशमीको दिनलाई रोजेर चूडाकर्मको कार्य गर्ने गरिन्छ । बालकको रौंमा गाईका घिउ लगाएपछि उसलाई सेतो कपडाले ढोकेको काठको टुक्रा माथि बसालिन्छ । उसको नजिकै काँसको थाली माथि सेल राखिन्छ र त्यसलाई पनि सेतो कपडाले नै ढाकिन्छ । आमाहरूको एक समूहले मागलको उठान गरेपछि बालकका बुबाले स्पातको कैंची र नयाँ कायुँ (काइयो) समाउँछन् । सोही कैंची र कायुँको सहायताबाट बालकको रौकाटेर कासँको थालीमा राख्छन् । रौं काट्टा खेरि भुइमा खसाउन हुँदैन । काटिसकेको रौंलाई त्यही काँसको थालमा राखिन्छ । केही रौंलाई त्यसै थालीमा भएको सेतो कपडाले बाँधेर राखिन्छ भने अरू सबै रौंलाई नजिकैको फलफूलको रूखको फेदमा लगेर सेलाउने काम हुन्छ । सेतो कपडाले बाँधेको रौंलाई भने सेती नदीमा लगेर सेलाउने काम गरिन्छ ।

#### ४.६.४.२ सारसङ्क्षेप

बालक तीन वर्ष पुगेपछि उसको रौकाटने् सांस्कारसँग सम्वन्धित चूडाकर्मको मागल अनुसार बालकका बाबाले सुनको कैची, सुनकै काँयु तथा काँसको थाली बालकका नजिकमा राखेपछि उसको रौंकाट्ने कार्यको तयारी हुन्छ । असोज महिनाको शनिवारका दिन बालकको रौकाट्ने निर्णय गरिन्छ । रौकाट्न भन्दा अगाडि बालकका आमाले एक धार्नी घिउ बालकको रौंमा लगाउँछिन् । त्यसपछि रौंकाट्ने कार्यको थालनी गरिन्छ । घिउ घसेको रौलाई भुइँमा नफालेर बालकका बुवाले काँस वा चाँदीको थालीमा राख्छन् । बालकका बाजे, बज्यै काका, काकी र आमाले पालै पालो उसको रौ काट्ने काम गर्दछन् । ती सबैलाई बालकले साइनो अनुसारको शब्द उच्चारण गरी ढोगसलाम गरी खुट्टामा ढोग गरिदिन्छ । उनीहरू सबैले कहिल्यै नमर्ने, अमर बनेस् भनेर बालकलाई आशीर्वाद दिन्छन् ।

सुनका हार जस्ता केश काटिसकेपछि पवित्र गङ्गामा लिएर सेलाउने काम गऱ्यो भने त्यस्तै प्रकारको परिवार भविष्यमा बन्छ भन्ने मान्यता राखिन्छ । अन्नबाली भएको खेतमा सेलायो भने त्यस्तै प्रकारको, काक्राको झुलमा लगेर सेलायो भने त्यस्तै प्रकारको, केराको खम्बामा सेलायो भने त्यस्तै प्रकारको, दुवो भएको ठाउँमा सेलायो भने त्यस्तै

प्रकारको र फूलबारीमा सेलायो भने त्यस्तै प्रकारको उसको परिवार बन्छ भन्ने मान्यता राखिन्छ । यसका साथै पीपल छायामा लिएर सेलायो भने त्यस्तै परिवार बन्ने भन्दै सोही ठाउँमा लिएर बालकको रौंलाई सेलाउने काम गरिन्छ ।

### ४.६.४.३ गायन-प्रक्रिया

थली-नौबिस क्षेत्रका महिलाहरू बालकको रौंकाट्ने बेलामा चूडाकर्मको मागल गाउने गर्दछन् । बालकका पिताले रौंकाट्ने तयारी गर्दा गाउन थालेका महिलाहरू पालैपालो घरभित्र उपस्थित भई आफन्त तथा इष्टमित्र सबैले काटेर नसक्दा सम्म मागल गाउँदै रहन्छन् बालकको प्रगति र उन्नतिको आकाङ्क्षा राखेर गाइने ती मागलहरू गाउदा महिलहरू एकाग्रमनमा बसेका हुन्छन् । पाँच या सातको सङ्ख्यामा उपस्थित महिलाहरूले लयमा लय र स्वरमा स्वर मिलाइएर गाउने गरेका कारण वरिपरि बसेका अरू मान्छेहरूलाई सुनौंसुनौं र गाऔंगाऔं लागिरहेको हुन्छ । यो मागल गाउन पौने घण्टा लाग्ने हुनाले यसको गायन प्रक्रिया त्यति लामो छैन । चौध अक्षर भएको एक लयसँग सम्वन्धित यस मागलको एउटा उदाहरण यसप्रकार छ :-

सुन हाऱ्या केश काटी पीपल छाया राख
तबै होली तबै होली पीपल जसी मौल

### ४.६.४.४ विषयवस्तु

तीन वर्षे बालकको रौकाट्ने संस्कार र त्यससँग चाहिने अन्य सामानलाई मुख्य विषयवस्तु बनाएको चूडाकर्मको मागलमा त्यति सशक्त कथावस्तु भेट्न सकिदैंन । बालक आफैले हिँड्डुल र उठबस गर्न सक्ने अवस्थाको चित्रण यस मागलको विषयवस्तुले गरेको छ । रौंकाटिसकेपछि सो रौंलाई पवित्र गङ्गामा, नदी, अन्नबाली पाकेको खेत, काक्राको झ्ुल, केराको थाम, दुवो उम्रेको ठाउँ, फूलबारी र पीपलको छायामा लिएर सेलाउने आफ्नै सामाजिक संस्कार र परम्परालाई पनि यस मागलको विषयवस्तुले उजागर गरेको छ यसका साथै जस्तो ठाउँमा लिएर काटेर रौं सेलायो त्यस्तै प्रकारको बच्चाको परिवारको अवस्था हुन्छ वा भावी दिनमा उसको घरबारको निर्माण हुन्छ भन्ने लोकविश्वास यसमा प्रकट भएको छ । यसबाट अन्धविश्वासी परम्परा यहाँको समाजले बोकेको र जगेर्ना गरेको प्रस्ट हुन्छ । बालक प्रति सबैले अति माया र ममता गरेकाले बालक भनेको सानो खाले भगवान

हो भन्ने पश्चिमी साहित्यकारहरूको भनाईलाई पनि चरितार्थ गर्नमा यसले थप बल पुऱ्याएको छ । यस मागलमा बहुमूल्य घातु सुन र अन्य चाँदी तथा काँसको पनि उल्लेख भएबाट यसको विषयवस्तुले थप रोचकता प्रदान गरेको छ ।

यस मागलमा बालक केन्द्रीय चरित्रका रूपमा आएको छ, भने उसका बुबा-आमा, दाइ-भाउजू, बाजे-बज्यै, काका-काकी, दिदी र फुपू सहायक चरित्रका रूपमा आएका छन् । पारिवारिक पात्रलाई जमघट र उनीहरूका क्रियाकलापले मागलको विषयवस्तु थप रोचक बनेको छ । यसको एउटा उदाहरण यस प्रकार :-

बालाका त बोबाले केश कटाइ अऱ्यो
बालाका त आमाले केश कटाइ अऱ्यो
जद्देउ जद्देउ बोबा मेरा पाउकी ढोक छ
जद्देउ जद्देउ आमा मेरा पाउकी ढोक छ

### ४.६.४.५ आयाम र आकार

चुडाकर्मको मागल घरभित्रको एउटा कोठामा गरिने संस्कारसँग सम्वन्धित भएकाले यसको स्थानगत आयाम धेरै सानो छ । यस मागलका जम्मा ५२ वटा लयात्मक हरफहरू रहेकाले यसको आकार पनि छोटो नै छ भन्न सकिन्छ । यो मागललाई पैतालीस वा पचास मिनेट भित्र गाउन सकिने भएकाले यसको गायनको समयगत आयाम पनि लघु नै देखिन्छ । परापूर्व कालमा पुर्खाहरूले बनाएका र ल्याएका सुनका कैची, चाँदीका थाल र सुनकै कायुँले पुर्खाहरूको सम्झना र त्यतिबेलाको संस्कृति र धन सम्पतिको झल्को दिने हुनाले यसको विषयवस्तुगत आयाम केही फराकिलो देखिन्छ । तीन वर्षको बालकका क्रियाकलाप र मानवीय भावनालाई पनि प्रकट गरेको हुनाले यस मागलको आयामले थप क्षेत्र समाउन वा ओगट्न पुगेको देखिन्छ । बहुमूल्य धातु सुनको कैचीद्वारा रौं काटिने कुराको सङ्केत गर्ने यस मागलका दुइवटा हरफ यस प्रकार छन् :-

दुलहरी बालाकी त केउ थोकु चाइयो
दुलहरी बालाकी त सुन हाऱ्या कैची

### ४.६.४.६ भाषाशैली

चूडाकर्मको मागलमा बझाङ थली-नौबिस क्षेत्रमा बोलिने ग्रामीण कथ्य भाषाको प्रयोग गरिएको छ । यस मागलमा स्थानीय बझाङी भाषिकाका साथै घसायो, महिना काका

जस्ता स्तरीय नेपाली शब्द लगायत, केश जस्ता संस्कृत शब्दको पनि थोरै मात्रामा प्रयोग गरिएको छ । यस मागलमा चूडाकर्ममा चाहिने सामान तथा बालकलाई केही कुरा सिकाउन वर्णन गरिएको वर्णनात्मक र केही ठाउँमा प्रश्नोत्तर शैलीको प्रयोग गरिएको पाइन्छ । रौंकाटेर कहाँ राख्दा के हुन्छ भनी बालकलाई वर्णनात्मक शैलीमा सम्झाउन खोजिएको यस मागलका दुइवटा हरफहरू यस प्रकार छन् :-

सुन हाऱ्या केश काटी गङ्गामा सेलाई देउ
तबै होली तबै होली गङ्गा जसी मौल

## ४.६.५ विवाहको मागलको विश्लेषण

### ४.६.५.१ विवाहको चलन

नेपाल भरिका विभिन्न गाउँ, जिल्ला, क्षेत्र तथा सुदूरपश्चिमका सबै जिल्लाहरू भन्दा बझाङको थली-नौबिस क्षेत्रमा विवाह गर्ने चलन अलि फरक प्रकारको छ । विवाह हुने दिनको विहान बेहुला पक्षबाट कुणेउदो अर्थात जन्तीको मुख्य मान्छे सहित तीन जना व्यक्ति बेहुली पक्षको घरमा जान्छन् । उनीहरूले लेकाली चोयाले बेनेको चिङरो (पाथी प्रकारको) भित्र सगुन र सेल हाली सेतो कपडाले ढाकी संगै लिएका हुन्छन् । यसका साथै हातमा दही भएको करिब आठ सेन्टिमिटर अग्लो ठेकी पनि उनीहरूले साथै लिएका हुन्छन् । माइती घरमा पुगेपछि पोइली पक्षबाट लिएर आएका सरसामान माइती पक्षलाई बुझाइन्छन् र उनीहरूलाई खाना खुवाइन्छ । खाना खाएको दिभर केही हुँदैन । बेलुकी भएपछि माइतीले टीका लगाएर अन्माइँदा बेहुलीले आफ्ना मनका व्यथा करूण स्वरमा व्यक्त गर्छे र माइतीघरबाट बिदाइ हुन्छे । बेहुलीलाई कसैले घोडामा सवार गराएर ल्याए पनि सबैले भने ल्याउँदैनन् । बेहुला पक्षबाट गएको पिठारे (बेहुलीलाई पिठिउँमा बोकेर ल्याउने विशेष मान्छे) ले बेहुलीलाई आफ्नो पिठिउँमा बोकेर पोइलीघरसम्म पुऱ्याउँछ । बेहुलीलाई पुऱ्याउन बेहुलीका बुबा बाहेक गाउँका सबै पुरूष र तरूनी केटीहरू सयौंको सङ्ख्यामा पोइली घरमै आउने गर्दछन् तर बेहुली लिन बेहुला भने बेहुलीघर गएको हुँदैन ।

बेहुली बेहुलाको घरभित्र छिर्ने बेला ढोकामा बेहुलाकी आमाले बेहुलीलाई सिलि ढुङगो फर्काउन लगाउँछे र टाउकोमा अनाजले भरिएको भारी बोकाउँछे अनि मात्र घरभित्र पस्न दिन्छे । विवाहको लागि कुनै प्रकारको मण्डप बनाएको देखिदैन । सामान्य ठाउँमा पण्डितको निर्शेशनअनुसार कार्य तथा बेहुला-बेहुलीको कम्मरमा एउटा सफा कपडा बाँधेर

पाँच पटक दुबै जना होम गरेको आगो वरिपरि घुमेपछि विवाह भएको मानिन्छ । त्यही ठाउँमा बेहुली र बेहुलालाई अक-अर्काको जुठो खानेकुरा खुवाएपछि विवाहको कार्य सम्पन्न भएको मानिन्छ । बाटो दोहोऱ्याउने काम भने यसैको पछिल्लो दिन गरिन्छ । सुवागरातको चलन नभएको यस ठाउँमा विवाह भएको दुई दिनपछि बेहुली माइती घरमा नै जान्छे । र गर्भवती भएपछि मात्रै पोइलीघरमै रहने यहाँको अनौठो चलनले अरू क्षेत्रका मान्छेलाई भने अचम्मित पारेको छ । यहाँ छोरीलाई कुनै दाइजो दिँइदैन र दाइजो नल्याएकोमा पोइली पक्षबाट पनि कुनै आपत्ती गरिदैन र नराम्रो नमानी स्वाभाविक नै मानिन्छ ।

### ४.६.५.२ सारसङ्क्षेप

विवाह प्रथासँग सम्वन्धित विवाहको मागल अनुसार, लङ्काको राजघरमा एउटी कन्याको जन्म भएपछि त्यो कन्या कोसँग मिल्छे र सुहाउँछे भनेर छलफल हुन्छ । वर जुराउँदै जाँदा ती केटी जेठा रामचन्द्र र कान्छा लक्ष्मणसंग नजुरेर माहिला अर्जुनसँग जुर्न पुग्छिन् । अर्जुनसँग जुरेपछि अर्जुनले आफ्नी आमालाई आफूलाई चाहिने जुत्ता, मोजा, धन, पैसा, घाँटीको पङ्गालको हारो र टाउकोमा पहिरने वस्तु सवै तयार गरिदिन आग्रह गर्दै लङ्कामा केटीसँग बिहा गर्न जाने कुरा गर्छ । आफ्नो दूधको मोल तिर्ने सर्तमा अर्जुनकी आमा अर्जुनलाई लङ्काकी केटीसंग विवाह गर्न जाने स्वीकृति दिन्छिन् । त्यसपछि अर्जुनले केटीसँग विवाह गरेर उसलाई घरमा भित्र्याएपछि उसले लुगाकपडा सफा गर्ने अनि आमाको दूधको मोल पनि तिरिने धारणा व्यक्त गर्दै विवाहका लागि लङ्का प्रस्थान गर्छ ।

विस्तारै जन्तीहरूपनि आइपुग्छन् । जन्तीलाई सुनको मान्द्रा दुवो, अक्षता र पहेलो रङ चाहिन्छ र त्यसको व्यवस्था गरिन्छ । सर्वप्रथम बेहुलीले घरको ढोकामा उभिएकी नन्दलाई त्यहाँबाट हट्न भन्छे र आफू भण्डारामा जाने इच्छा प्रकट गर्छे । भण्डारामा गएपछि ऊ बत्ती बाल्छे र स्वामीलाई पुज्न जान्छे । उसको कोठाको चारैतिर पदमका फूल फुल्छन् भने कोठाको बीचमा सूर्य उदाउँछन् । बेहुलीको आग्रह र अनुरोधमा धानको बाला, केराको बोट उखु र पैयुँको बोटको खम्बा रोपेर विवाह मण्डप बनाइन्छ । यसपछि सुनको धागाको डोरी बनाई त्यसैमा दुईवटा सुपारी र दुई वटा हल्दी राखेर दुइटैको कम्मरमा बाधिन्छ र विवाह मण्डपमा घुमाइन्छ । एक चोटि घुम्दा खेरि कन्यालाई माइतको धोको र दुईचोटि घुम्दा आफ्नी आमाको कोखको याद आउँछ । तीन चोटि घुमिसकेपछि गोरूकी

ग्वाली भएकी कन्या चार चोटी घुम्दा आफ्ना साथी सङ्गीका साथमा गएकी हुन्छे भने पाँचौ चोटी घुम्दा आफ्ना स्वामीका अँगालोमा गइसकेकी हुन्छे ।

### ४.६.५.३ गायन-प्रक्रिया

बझाङ थली-नौबिसका मङलारीहरू (मागल गाउने महिलाहरू) विवाहको दिन विवाह स्थल नजिकै बसेर मागल गाउने गर्छन् । विवाहको मागल अलि लामो लयमा र लामो समयसम्म गाउनु पर्ने भएकाले आइमाईहरूले कुरा गर्दै, आराम गर्दै, चुरोट, विँडी र तम्माखु, सल्काउँदै पालैपालो समूहमा विभाजित भएर एकै स्वर बनाई सुरिलो र मिठो आवाजमा मागल गाउने गरेका हुन्छन् । विवाहको मागल गाउने आमाहरू निकै खुशी र हर्षका साथ गाइरहेका हुन्छन् । एकातिर पण्डित बाजे आफ्नो कर्म गरिरहेका हुन्छन् भने अर्कातिर सोही कर्म अनुसार महिलाहरू आफ्नै लय तथा भाकाले गाइरहेका हुन्छन् । महिलाहरूको विशेष समूहले यी मागल गाएको सुन्दा पुरूषहरूलाई पनि गाऔंगाऔं जस्तो लाग्दछ । त्यसरी गाइने मागलको एउटा उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ :-

छाण छाण नन्न मेरा देलीको बथान
मुरे झानो मुरे झानो आफ्ना भराण

### ४.६.५.४ विषयवस्तु

विवाह गर्दाको संस्कारमा आधारित विवाहको मागल सामान्य भए पनि यसमा एउटा रोचक कथावस्तुको बनोट पाइन्छ । यस मागलमा विवाह गर्ने बेला चाहिने सामान र मण्डपका बारेमा जानकारी दिने कथावस्तु रहेको छ । साथै यसले लङ्का राजघरमा एउटा कन्या केटी जन्मिएको र त्यसलाई अर्जुनले विवाह गरेको ऐतिहासिक र सांस्कारिक विषय एकै साथ समेटेको छ । यसबाट विषयवस्त थप रोचक र कौतुहलपूर्ण बनेको पनि पाइन्छ । वैवाहिक जीवन, विधि र प्रक्रियासंग सम्वन्धित विषयवस्तु यस मागलमा समावेश भएकोले यस मागलले स्थानीय परिवेशलाई पनि झल्काएको छ ।

यस मागलमा राम, लक्ष्मण र अर्जुन जस्ता दैवीय शक्ति भएका पात्रहरूको संयोजन भएको पाइन्छ । यसमा लङकाको उल्लेख गरेर रावण जस्तो राक्षसी पात्रको सम्झना गराउन खोजिए पनि उसको कुनै स्थान र भूमिका छैन । नन्द र बाबा मानवीय र गौण पात्रका रूपमा आएका छन् । यस मागलमा आर्जुन नायक र लङ्काको राजघरमा जन्मिएकी कन्या केटी नायिकाका रूपमा आएका छन् । मानवीय क्रियाकलापमा परिचालित यस

मागलका पात्रहरू इमान्दार, कर्तव्यनिष्ठ र आफ्नो वचनमा प्रतिवद्ध देखिन्छन् । यस मागलमा वत्ती, केरा, पदमका फूल, उखु, पैयुँका बोट आदि मानवेतर पात्रका रूपमा आएका छन् । मानवीय पात्र बुवा र मानवेतर पात्र उखु समावेश भएको एउटा उदाहरण यस प्रकार छ :-

रोपरोप बाबा मेरा सुनघेर खुम्बु
हमरा हुन्ना हमरा उन्ना इखुइका खुम्बु

### ४.६.५.५ आयाम र आकार

विषयवस्तु तथा लयात्मक दृष्टिले विवाहको मागलको आयाम र आकार मध्यम खालको देखिन्छ । यसमा लामा छोटा गरी जम्मा ५२ वटा लयात्मक हरफहरू रहेका छन् । विषयगत आयामका हिसावले छोटो भए पनि लामो लयमा गाउन पर्ने र गाउँदा थकाइ लाग्ने भकाले यो मागल गाउँदा एक घण्टा भन्दा बढी समय लाग्ने गर्दछ । यसमा विवाह जस्तो मानव जीवनको एक महत्वपूर्ण संस्कार तथा त्यसैसंग सम्बद्ध एक घटनाले अभिव्यक्ति पाएको छ । जीवनको व्यापक पक्षको प्रस्तुति नभए पनि जीवनको एक खण्डका घतलाग्दा कुराहरू यसमा समाविष्ट छन् ।

### ४.६.५.६ भाषाशैली

विवाहको मागलमा बभ्काङ थली-नौबिसमा प्रचलित स्थानीय भाषिकाको व्यापाक मात्रमा प्रयोग गरिएको छ । माभ्किल्ला (माहिला), दैचामल (अक्षता), पौछी (आइपुगी) जस्ता स्थानीइ कथ्य भाषाको अधिक प्रयोग भएको देखिन्छ । विवाहमा चाहिने सामान र त्यससंग सम्वन्धित कुराहरूको वर्णन यसमा गरिएकाले यस मागलको शैली वर्णनात्मक रहेको छ । यस मागलका कुनै हरफ गद्य भाषा र कुनै हरफ पद्य भाषमा छन् । शब्दहरू बारम्बार दाहोरिएका केही हरफहरू यहाँ उललेख गरिएको छ :-

मुरे भ्कानो मुरे भ्कानो बत्ती जुवार
मुरे भ्कानो मुरे भ्कानो स्वामी जुवार
रोपरोप बाबा मेरा सुन घेर खुम्बु
नत हिमे नत हिमे आसनैन बस्ता

# अध्याय- ५

## मागलको वर्गीकरण

आख्यानयुक्त, लयात्मक तथा गेयात्मकताले सजिएका बझाङ थली- नौविसका मागलहरूको विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । सो क्षेत्रका मागलहरूलाई त्यहाँको धर्म, संस्कृति वातावरण, रितिरिवाज आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ । यसरी वर्गीकरण गर्दा तिनलाई :-

रसका आधारमा

आकारका आधारमा

विषयवस्तुका आधारमा र

पात्रका आधारमा, बेग्ल्याउन सकिन्छ ।

### ५.१ रसका आधारमा मागलको वर्गीकरण

बझाङ थली-नौबिसमा प्रचलित मागलहरू विभिन्न प्रकारले रसले भरिपूर्ण छन् । रसभावका आधारमा ती मागलहरूलाई यसरी वर्गीकरण गरेर हेर्न सकिन्छ.:-

वीरसयुक्त मागल

करूणरसयुक्त मागल

भक्तिरसयुक्त मागल

भृङ्गारसयुक्त मागल र

हास्यरसयुक्त मागल

### ५.५.१ वीररसयुक्त मागल

दैवीयशक्ति वा चमत्कार तथा अन्य शक्तिबाट आफ्ना विपक्षीहरूलाई परास्त गर्नमा देवीदेवताले देखाएको वीरता तथा चमत्कारिक कार्यहरूमा आधारित मागलहरू वीररसयुक्त मागलहरू हुन् । समाजमा भएको अन्याय अत्याचारमा विरूद्ध तथा आफ्नो हार र लाज बचाउन देवी देवताले आफ्नो वीरचरित्र प्रस्तुत गरेको पाइन्छ । यसको उदाहरण बाठपाला देवताको मागल हो । जस्तै-

बेजो मारना गोसाइ बागु बोलना

बेजो खेलना गोसाइ बेजो मारना

### ५.१.२ करूणरसयुक्त मागल

पीडा, दुःख, व्यथा चीत्कार जस्ता संवेदनायुक्त मागललाई करूणरसयुक्त मागलको कोटिमा राख्ने गरिन्छ । दैवीविपत्ति, मावनीय घात-प्रतिघात, प्रेम-वियोग, आफन्त वियोग जस्ता वेदनायुक्त विषयवस्तु समावेश भएका मागलहरू करूण रसले सजिएका हुन्छन् । विवाहको मागल यसको उदाहरण हो । जस्तै :-

बट्याउ बट्याउ जिया मेरा टाटु पङालो

बट्याउ बट्याउ जिया मेरा मुन्टा न मनेठी

### ५.१.३ भक्तिरसयुक्त मागल

धार्मिक मागलहरू देवीदेवताको जीवन तथा तिनको कार्यसँग सम्वान्धित हुने हुँदा तिनको स्तुति र प्रार्थनामा आधारित सबै मागलहरू भक्तिरसयुक्त हुन्छन् । बझाङ थली-नौबिसमा संस्कारिक कार्य गर्दा खेरि पनि कुनै न कुनै ठाँउमा भगवान्को नाम लिएर गर्नुपर्ने तथा, आफू भन्दा ठूला र मान्यजनको आज्ञा र आदेश अनुसार गर्नुपर्ने भएकाले तिनमा पनि भक्तिभाव सिर्जना हुन्छ र ती मागलमा भक्तिरस आएको हुन्छ । भक्तिले नै मानविय जीवनमा आइपर्ने संकटको छिटै सही ढङ्गले मोचन हुन्छ भन्ने विश्वासको आधारमा त्यस्ता मागलहरूले बझाङ थली-नौबिसमा उचित स्थान पाएका छन् । भक्तिरसको उदाहरण चूडाकर्मको मागल र ईश्वर देवताको मागलबाट यसरी दिइन्छ :-

ईश्वरदेवताको मागलबाट

शिर देउका थान झाइ शिर पुछि आयाउ

पदमका थान झाइ प्रसुद्धि भयाउ

चूडाकर्मको मागलबाट,

बालाका त बोबाले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ बोवा मेरा पाउकी ढोक छ

### ५.१.४ श्रृङ्गाररसयुक्त मागल

प्रेम तथा रसरागयुक्त विषयवस्तु भएको मागललाई श्रृङ्गाररसयुक्त मागल भनिन्छ । यस्ता धार्मिक तथा सांस्कृतिक मागलहरू बझाङको थली-नौबिसमा कम मात्रामा पाइने

गरिएता पनि  कुनै कुनै मागलमा भने श्रृङ्गाररसको थोरै प्रयोग भएको पाइन्छ । होम  तथा खैटीपूजाको मागलमा प्रयोगभएको श्रृङ्गाररसको गन्ध यस प्रकार छ :-

चन्नी जोली छै मेरा सुरज फूल
माथ जोली छै मेरा वेलैको गेणो
जाङ जोली छै मेरा केलाका रम

### ५.१.५ हास्यरसयुक्त मागल

हाँसो उठ्ने विषयवस्तु भएको मागललाई हास्यरसयुक्त मागल भनिन्छ । मनमा विभिन्न प्रकारका हास्य भावहरू उत्पन्न हुने क्रियाकलाप तथा कुराकानी देखेर हास्यरस उत्पन्न हुन्छ । यस्तामागलहरू थली-नौबिसमा त्यति प्रयोगमा नआएपनि शिवजी (महालिङ्ग) देवताको मागलमा भने हास्यरसको प्रयोग यसरी भएको छ -

तिमे जुवा जितौला त तिम्रै पोइल भ्काउली
हिमे जुवा जितौली त कौड्या बनाउली

## ५.२ आकारका आधारमा मागलको वर्गीकरण

मागलको फैलावटका आधारमा त्यसको आकार तथा संरचना निर्धारण गर्ने गरिन्छ । यस्तो फैलावट बाह्य तथा भित्री संचनामा रहने गर्दछ । बभ्काङ थली-नौबिसमा प्रचलित मागलहरू वाह्य तथा भित्री संरचनाका आधारमा निम्न तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ :-

लघु मागल
मध्यम मागल
बृहत् मागल

### ५.२.१ लघु मागल

कथावस्तु तथा आयाम सबैभन्दा सानो भएको मागल लघु मागल हो । यस्तो मागल २०-३० मिनेटमै गाएर सिद्ध्याउन सकिन्छ । यसका साथै यसको संरचनागत आकार पनि सानो नै हुन्छ । यस शोधपत्रमा बभ्काङ थली-नौबिसमा प्रचालित प्रमुख मागलको मात्र संकलन गरिएको हुँदा  सङ्कलित यस्ता मागलहरूको संख्या भने निकै कम छ । न्वारनको

मागल, कन्यादानको मागल, राजा गोपीचन्नको मागल र अन्नप्रासनको मागल यस वर्गमा पर्दछन् ।

### ५.२.२ मध्यम मागल

आकार तथा संरचनाका आधारमा लघु मागल भन्दा ठूला तर बृहत् मागल भन्दा साना मागलहरू मध्यम मागल हुन् । लघु मागलको आकार तथा संरचना धेरै सानो पनि हुदैन र धेरै ठूलो पनि हुदैन । यस्ता मागललाई मभ्फौला खाले मागल पनि भनिने गरिन्छ । मध्यम (मभ्फौला) खाले मागलहरू बभ्फाङ थली-नौबिसमा धेरै रहेता पनि  यस शोधपत्रमा भने यस्तो थोरै मागलहरू प्रस्तुत गरिएका छन् । यस्ता मागलहरू ५०-६० मिनेटमा गाएर सकिने खालका हुन्छन् । छैट तथा खैटीपूजाको मागल, चूडाकर्मको मागल, आदिलाई मध्यम खालको मागलमा राख्न सकिन्छ ।

### ५.२.३ बृहत् मागल

लघु तथा मध्यम खाले मागल भन्दा कथावस्तु, र संरचनागत आयाम लामो भएको मागल बृहत् मागल हो । बृहत् मागल गाउँदा खेरि पनि करिब १ घण्टा वा सो भन्दा बढी समय लाग्ने गर्दछ । थली-नौबिस क्षेत्रमा प्रचालित ईश्वर देवताको मागल, बाठपाला देवताको मागल, महालिङ्ग, देवाताको मागल आदि यस्तै मागल हुन् । एउटै हरफ धेरै चोटी गाउनु पर्ने हुनाले विवाहको मागल गाउँदा एक घण्टा जति समय लाग्छ यसलाई पनि गायनको समयका आधारमा बृहत् मागलको कोटी वा वर्गमा राख्न सकिन्छ ।

## ५.३ विषयवस्तुका आधारमा मागलको वर्गीकरण

बभ्फाङ थली-नौबिसमा प्रचलित मागलहरू मौखिक रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुदै आएका हुनाले यिनले व्यापक विषयवस्तुलाई समेटेको देखिदैन । यस क्षेत्रमा प्रचलित मागलहरू देवीदेवता तथा सामाजिक परम्परा र संस्कृतिसँग सम्बन्धित भएकाले यिनको विषयवस्तु पनि सोही अनुरूप रहेको पाइन्छ । मागलको कथ्य विषयको आधारमा प्रस्तुत मागलहरूलाई निम्न दुई भागमा बाँडेर हेर्न सकिन्छ :-

देवी मागल

सामाजिक (साँस्कारिक) मागल

### ५.३.१ दैवी  मागल

विभिन्न देवीदेवताको जीवन तथा तिनले देखाउने चमत्कारिक तथा अन्य कार्यहरू समावेश गरीएका मागललाई दैवी विषयवस्तुयुक्त मागल अन्तर्गत राख्न सकिन्छ । बझाङ थली-नौविसमा प्रचलित अधिकांश बृहत् मागलहरू देवीदेवताको जीवनसँग सम्बन्धित भएका हुनाले त्यहाँ दैवी मागलहरू बढी गाइने गरिन्छन् । दैवी मागलमा प्रयोग भएका पात्रहरू दैवीशक्तियुक्त छन् र तिनले चमत्कारिक प्रकारको कार्य गर्ने र सम्पूर्ण मानवीय पात्रहरूलाई आफ्नो भक्ति र सेवामा लगाउने गरेका देखिन्छन् । बाठापाला देवताको मागल, महालिङ्ग देवताको मागल, दुर्गा देवीको मागल, ईश्वर देवताको मागल आदि यसका उदाहारणहरू हुन् । यसको उदाहरण बाठपाला देवताको मागलबाट लिइन्छ । जस्तै :-

सुनका भौराणा फोडी मन्तालोक आया
जाया जाया चिताभलु जाया
लोगन लस्कर ल्याई सिजा महाराज
इजुकी परव आय सिजा महाराज

### ५.३.२ सामाजिक (सांस्कारिक) मागल

समाज तथा सँस्कार सित सम्बन्धित विषय वस्तुमा आधारित मागलहरू सामाजिक (सांस्कारिक) विषयवस्तुयुक्त मागल अन्तर्गत पर्दछन् । समाजले आफ्नो रीतिरिवाज, चालचलन र संस्कार अनुरूप गर्ने कार्यहरूसंग सम्वन्धित विषयवस्तु समेटेर गाइने यस्ता मागलहरू बझाङ  थली-नौबिसमा असँख्य रहेका छन् । यस्ता मागलमा मानवीय पात्रहरूको उल्लेख्य उपस्थिति र मानवीय क्रियाकलापले विशेप भूमिका र स्थान पाएको हुन्छ । कही कहीँ दैवीय तथा मानवेतर पात्रको उपस्थिति दर्साइए पनि तिनको खासै भूमिका उल्लेख गरिएको हुदैन । छैटको मागल, विवाहको मागल, न्वारनको मागल, अन्नप्रासनको मागल, चूडाकर्मकोमागल, कन्यादानको मागल आदि यसका उदाहरण हुन् । यसको एउटा उदाहरण चूडाकर्मको मागलबाट लिइन्छ ।

जस्तै :-दुलहरी बालाकी त केश कटाइ भैछ ।
दुलहरी बालाकी त केउ थोकु चाइयो
दुलहरी बालाकी त सुनहाऱ्या कैची

## ५.४ पात्रको आधारमा मागलको वर्गीकरण

मागलको विषयवस्तुलाई अगाडि वढाउनु प्रयोग गरिएका चरित्रलाई पात्र भनिने गरिन्छ । यस्ता पात्रहरू दैवीय, मानवीय तथा मानवेतर प्रकारका हुने गर्दछन् । बझाङ थली-नौबिसमा प्रचालित देव तथा सांस्कारिक मागलहरू दैवीय, मानवीय मानवेतर तथा अन्य पात्रहरूले सजिएका छन् । यस्ता किसिमका पात्रहरूको उपस्थितिले मागलको यथार्थता माथि कतै टेवा पुगे पनि कतै भने आधात पुगेको देखिन्छ । पात्रका आधारमा मागललाई यसरी वगार्करण गर्न सकिन्छ :-

दैवी पात्रयुक्त मागल

मानवीय पात्रयुक्त मागल

अन्य पात्रयुक्त मागल

### ५.४.१ दैवी पात्रयुक्त मागल

दैवी शक्तियुक्त भएका अर्थात् दैवी चमत्कार देखाउन सक्ने पात्रलेयुक्त मागललाई दैवी पात्रयुक्त मागल मनिन्छ । थली-नौबिसका मागलहरूमा दैवी पात्रको अधिक प्रयोग गरिएको पाइन्छ । मागलमा देखिने यस्ता पात्रहरूले मानवीय क्षमतालाई उछिनेर आफ्नो दैवीय चमत्करिकताको प्रर्दशन गरेका हुन्छन् । ईश्वरको मागल, बाठपालाको मागल, महालिङ्गको मागल, आदि यसका उदाहरण हुन् ।

### ५.४.२ मानवीय पात्रयुक्त मागल

मानवीय क्रियाकलाप देखाउने पात्रयुक्त मागललाई मानवीय पात्रयुक्त मागल भनिन्छ । संस्कारिक मागलंहरू मानवको संस्कार, रीतिरिवाज अनुरूपको विषयवस्तुमा आधारित भएकाले यस्ता मागलका अधिकांश पात्रहरू मानवीय अर्थात् मान्छे नै हुन्छन् । वझाङ्ग थली-नौबिसमा प्रचालित केही धार्मिक र सम्पूर्ण सांस्कारिक मागलहरूमा मानवीय पात्रहरूको प्रयोग गरिएको छ । छैट र खैटीपूजाका मागल, विवाहको मागल, अन्नप्रासनको मागल चूडाकर्मको मागल, कन्यादानको मागल वच्चा जन्मदाको मागल र राजा गोपीच्चनको मागला मानवीय पात्रहरूको बाहुल्यता रहेको छ भने वाठपालाको मागलमा सीमित मानवीय पात्रहरू देखिएका छन् ।

### ५.४.३ अन्य पात्रयुक्त मागल

दैवी तथा मानवीय भन्दा भिन्न प्रवृत्ति भएका पात्रयुक्त मागलहरू अन्य पात्रयुक्त मागल अन्तर्गत पर्दछन्। नत दैवीय रूप तथा शाक्ति नत मानवीय स्वभाव तथा कार्य प्रदर्शन गर्ने पात्रहरू यसभित्र पर्दछन् । बझाङ थली-नौबिसमा प्रचलित धार्मिक तथा सांस्कारिक मागलहरूमा यस्ता पात्रहरू आएका छन् । ईश्वरको मागलमा आएको सुवा चरो, बाठपालाको मागलमा आएको घोडा, थोरी, भैसी, चूडाकर्मको मागलमा प्रस्तुत भएका कैंची, कायुँ, थाली, कन्यादानको मागलमा आएका पितर, न्वारनको मागलमा देखिएका कलश, नौग्रह आदि पात्रहरू अन्य पात्र हुन । यिनीहरूले मागलको विषयवस्तु अगाडि बढाउनमा सक्रिय र महत्वपूर्ण भूमिका खेलेका छन् ।

# अध्याय-६
## निष्कर्ष

'बझाङ थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूको अध्ययन' शीर्षकमा गरिएको यस शोध-पत्रका अधिल्ला अध्यायहरूमा भएको अध्ययनबाट प्राप्त निम्नलिखित कुराहरूको सारलाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

बझाङ जिल्लाको सदरमुकाम चैनपरबाट झण्डै १० कोष उत्तर पश्चिम दिशातिर पर्ने पवित्र, तथा दूर्गम हिमाली भेगका रूपमा रहेको प्रसिद्ध ठाउँको नाम नै थली-नौबिस हो । बझाङी राजाको कोट (दरबार) बाट थाली जस्तै आकारमा देखिने यो क्षेत्र प्राकृतिक हिसाबले मात्रै नभएर लोकसंस्कृति र लोकसाहित्यका दृष्टिले पनि आफ्नो विशिस्ट पहिचानका साथ धनी नै देखिन्छ ।

बझाङ जिल्लाका थली-नौबिस क्षेत्रमा प्रचलित रहेका मागलहरू देव मागल तथा सांस्कारिक मागल गरी दुई भागमा बाँडिएका छन् । यस्ता मागलहरू यस प्रकार रहेकाछन् :-

**क) देव मागल-** ईश्वर देवताको मागल
बाठपाला देवताको मागल
महालिङ्ग (दुर्गा र शिवजी) देवताको मागल
राजा गोपीचन्नको मागल

**ख सांस्कारिक मागल-** छैट तथा खैटीपूजाको मागल
विवाहको मागल
न्वारनको मागल
अन्नप्रासनको मागल
चूडाकर्मको मागल
कन्यादानको मागल

उल्लिखित मागलहरूमध्ये देव मागलहरू कुलदेवता ईश्वर, बाठपाला (गणेश) महालिङ्ग (शिवजी तथा दुर्गा) देवदेवीसंग तथा राजा गोपीचन्नसंग सम्बन्धित छन् भने सांस्कारिक मागलहरू बझाङ थली-नौबिस क्षेत्रमा प्रचालित सामाजिक रीतिरिवाज,

चालचलन र संस्कारहरूसंग सम्बन्धित छन् । छैट तथा खैटीपूजाको मागल बालक जन्मेको छ दिन पुगेपछि मनाउने संस्कारसंग सम्वन्धित छ । कन्यादानको मागल कन्या (महिनावारी नभएकी केटी) लाई दान (अन्माउँदाको) संस्कारसंग सम्वन्धित छ भने विवाहको मागल दुलाहा दुलही विवाहा मण्डपमा पाँचपटक घुम्दा विवाह भएको मानिने संस्कारसँग सम्वन्धित छ । न्वारनको मागल बालक ५ दिन पुगेपछि चोख्याउने संकार तथा न्वारनसँग सम्वन्धित छ । यसैगरी अन्न प्रासनको मागल बलक छ महिना भए पछि उसलाई आमाको दूधबाहेक अन्य खानेकुरा खुवाउने प्रक्रियासँग सम्वन्धित छ । साथै त्यसका लागि सर्वप्रथम के खुवाउने भन्ने वयान यसमा पाइन्छ । चूडाकर्मको मागल बालकको रौकाट्ने वेला चाहिने सामान तथा अन्य संस्कारिक कार्यहरूसंग सम्बन्धित छ ।

बझाङ जिल्लाको थली-नौबिस क्षेत्रको सामाजिक संस्कार तथा जनजीवनमा प्रचलित रहेको लोकसाहित्य भित्रको मुख्य विधा लोकगीतको एक स्वरूपका रूपमा मागल रहेको पाइन्छ । सुदूरपश्चिमका डोटी, डडेलधुरा तथा अन्य जिल्लामा सगुनका रूपमा गाइने मागल बझाङको थली-नौबिस क्षेत्रमा भने लोकगीतकै स्वरूप मानेर मागलकै नामबाट गाइन्छ भन्ने कुरा यस शोधले स्पष्ट पारेको छ ।

थली-नौबिसमा प्रचलित मागलहरूको गायन, पुरूषहरूले नगरी महिलाहरूको एक विशेष समूहले गाउने गर्दछन् । मागलमा रहेका सबै लयात्मक हरफहरूलाई परम्परागत रूपमा स्थानीय भाषामा गाइने गरिन्छ ।

लोकसाहित्य लोकजीवनको स्पन्दन तथा साझा सम्पत्ति हो। यसलाई समाजका हरेक मान्छेले कुनै न कुनै बेला प्रयोग गरिहेकै हुन्छन् । लोक साहित्यका विभिन्न विधा लोकगीत, लोकगाथा, लोककथा, गाउँखाने कथा, उखान टुक्का आदिलाई ग्रामीण समाजका समुदायले आफ्नो मनोरञ्जनको साधनका रूपमा हालसम्म पनि चलन चल्तीमा ल्याइनै राखेका छन् । लोकगीतका सुरिला भाकाले लोकजीवनमा अर्कै प्रकारको आनन्द दिने भएकाले यसको क्षेत्र व्यापक र विस्तृत बन्दै गएको छ । वर्तमानमा आधुनिक गीतहरूको नानाथरीको प्रभाव व्यापक हुन थालेकाले यसको आफ्नो पहिचान लोप हुने खतरा उत्पन्न भएको छ ।

लोकसाहित्यको जिउँदो रूप ग्रामीण समाजमा रहेको हुन्छ । त्यहाँका पुराना-पुराना संस्कार तथा लोकभाकाहरूले लोकसाहित्यको संरक्षण र सम्वर्द्धन गरिरहेका हुन्छन् । त्यसै

भित्र रहेर समाजमा प्रचलित रहेका मागलगीतहरूले पनि लोकगीतको एक महत्वपूर्ण पक्षको सुरक्षा गर्दै त्यसको मौलिक पहिचानलाई जोगाएका छन् । यस शोधमा उल्लिखित बझाङ थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूको अध्ययनबाट त्यस क्षेत्रका मागलहरूको अध्ययन, पहिचान, संरक्षण र सम्वर्द्धन त हुन्छ नै नेपाली लोकसाहित्यको अध्ययनमा पनि विशेष योगदान पुग्दछ ।

समग्रमा भन्नुपर्दा थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूलाई हेर्दा र तिनको लय र भाकालाई ठम्याउँदा त्यस क्षेत्रका मागलहरूबाटै लोकगीतको उठान भएको र हालसम्म पनि ती मागलहरूमा लोकगीत कै भाका र लयको स्वरूप जिवीतै रहेको प्रष्ट हुन्छ । लोकसाहित्यका सवै विधाहरूको उचित संरक्षण नभईकन लोकसाहित्य क्षेत्रले व्यापकता नपाउने र लोकगीतले पनि आफ्नो स्वरूप स्पष्ट पार्न नसक्ने भएकाले बझाङ थली-नौबिस क्षेत्रमा प्रचलित मागलहरूको अध्ययनबाट लोकसाहित्य तथा लोकगीतका क्षेत्रमा महत्वपूर्ण योगदान भएको प्रष्ट हुन्छ ।

प्रस्तुत अध्ययनले नेपाली लोक साहित्यको अध्ययनको क्षेत्रलाई फराकिलो तुल्याउन ठोस योगदान गरेको छ । दूर्गम बझाङ जिल्लामा मौखिक रूपमा प्रचलित प्रमख मागलहरू यसमा सङ्कलित छन् र तिनलाई लिखित रूपमा प्रस्तुत गर्दै विभिन्न आधारमा विश्लेषण र वर्गीकरण गरिएको छ । यसबाट नेपाली समाजमा विद्यमान संस्कृति र परम्पराको एक महत्वपूर्ण पक्षमा प्रकाश पर्नाका साथै मागलको सुदीर्घ परम्पराको जानकारीले पनि व्याप्ति पाएको छ । नेपाली मागलको मात्र नभएर लोकगीतको अध्ययनका निम्ति प्रस्तुत अध्ययनले केही आधारहरू निर्माण गरेको छ जसलाई अन्य अध्ययनहरूमा पनि उपयोग गर्न सकिने छ ।

“बझाङ जिल्लाको थली-नौबिसमा प्रचलित मागलहरूको अध्ययन” ले कैयन् महत्वपूर्ण जानकारीहरू प्रस्तुत गरे पनि त्यस क्षेत्रका लोकसाहित्यिक सम्पदाको अध्ययनमा अझै गहिरिन आवश्यक छ । यसमा त्यहाँ प्रचलित प्रमुख मागलहरूको मात्र अध्ययन भएको छ, त्यसैले समग्र मागलहरूको सङ्कलन र अध्ययन अझै अपेक्षित छ । यसका साथै निम्नलिखित शीर्षकहरूमा भविष्यमा अध्ययन हुनु उपयुक्त देखिन्छः-

क) बझाङ जिल्लामा प्रचलित ढुस्कोको अध्ययन,

ख) बझाङ जिल्लामा प्रचलित चाँचरीको अध्ययन,

ग) बझाङ जिल्लामा प्रचलित लोकगाथाको अध्ययन,

घ) बझाङ जिल्लामा प्रचलित चैतगीतको अध्ययन,

ङ) बझाङ जिल्लामा प्रचलित चाभाईगीतको अध्ययन ।

## सन्दर्भ-ग्रन्थसूची


उमा चन्द्र, ***बैतडेली साँस्कृतिक फागको संकलन वर्गीकरण*** र अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५८ ।

कालीभक्त पन्त, ***हाम्रो संस्कृतिक इतिहास,*** काठमाण्डौ : सृजना प्रिन्टर्स प्रकाशन स्वयंम्, २०२८ ।

कैलाशचन्द्र अग्रवाल डा. ***बज्र लोसाहित्यमे लोक चेतना और जीवनदर्शन,*** आगरा : चिन्मय प्रकाशन, सन् १९८९ ।

गोकुलराज जोशी, ***बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५९ ।

जयराज पन्त, ***अञ्जुली भरि सगुन पोल्टाभरी फाग,*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

जितानन्द अधिकारी, ***अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०६४ ।

***जिल्ला पार्श्वचित्र,*** बझाङ : जिल्ला विकास समितिको कार्यालय, २०६० ।

'पहाडी' मानबहादुर सिंह, ***थली नौबिसको संक्षिप्त इतिहास,*** कञ्चनपुर : चक्रबहादुर बुढा, २०५८ ।

तुलसी दिवस (संयोजक) ***नेपाली लोक संस्कृतिक संगोष्ठी,*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३२ ।

देवकान्त पन्त ***डोटेली लोकसाहित्य एक परिचय,*** काठमाण्डौ : नेपाल र एशियाली अध्ययन, त्रि.वि.वि., कीर्तिपुर, २०३२ ।

पूर्ण प्रकाश नेपाल 'यात्री', ***सेती अञ्चल दिग्दर्शन,*** विराटनगर : हिमालय सौगात प्रकाशन, २०३५ ।

प्रदीप रिमाल, ***कर्णाली लोक साहित्य,*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०२८ ।

प्रेमराज जोशी, ***बझाङी धमारीको संकलन र अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५८ ।

***बझाङ टेलिफोन डायरी*** काठमाण्डौ : बझाडी समाज, २०६३ ।

बालकृष्ण पोखरेल र अरू, ***नेपाली बृहत शब्दकोश,*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

बिजय चालिसे, ***डोटी वर्णन र यात्रा, डोटेली लोक संस्कृति*** र साहित्य, काठमाण्डौः साझा प्रकाशन, २०३९ ।

विष्णुभक्त उपाध्याय, ***बझाङ थलाराका प्रमुख फागहरूको संकलन र विश्लेषण,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५८ ।

रामप्रसाद उपाध्याय, ***बझाडी डेउडा गीतको संकलन र अध्ययन***, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०५७ ।

रामनाथ ओझा (डा.) र मघुसूदन गिरी, ***लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,*** कीर्तिपुर : स्टुडेन्स बुक्स पब्लिसर्स एण्ड डिस्टिब्युटर्स, २०६० ।

***हितराज जोशी,*** बझाडी संस्कृतिमा भुओगीतको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, २०६१ ।

# परिशिष्ट क

## ईश्वर देवताको मागल

यो मागल बझाङ जिल्ला थली-नौबिस सैनपसेला गाविस बस्ने  वर्ष ३२ का कटकबहादुर जप्रेलद्वारा लिखित तथा सोही गाविस वडा नं. ८ बस्ने  ६३ वर्षीया भुजीदेवी दौल्यालको मुखबाट सुनेर तयार पारिएको हो ।

मन्तालोक[१] ईश्वर देउले[२] जग्यो[३]  उठायो
खाजे तमे नरलोक[४] बालाबर्मा[५] खोज
कारे हुन्ना कैसा हुन्ना जोशीज्यूकी घरी[६] ।
सुन जलेरी[७] होली रूपातलेरी[८]
झाउन[९] झाउन सुवा चरा निम्तो जगाउनु[१०]
निम्तो जगाइ हिमे दिउली केउरतु[११] पाउँली
चुज[१२] दिउला सुवाचरी सुनले बानी
पुछ पिउला  सुवाचरी रूपाले[१३] वानी
उनारी[१४] रात चिपली[१५] बाट कसरी झाउला म
कति नाली सामलकी[१६] कति दिनको बासो[१७]
दश नाली सामलकी बीस दिनको बासो
अनारी रात उजाली होली
चिपलीबाट अखरी[१८] झाली
एकुरे[१९] पाटन हिड्यो दोसरा पाटन
नसीगयो[२०] सुवा चरो निम्तो जगाउनु
वाइरेपर भिटीहाल्यो गोठालो चेलो
होइन गोठाला चेला मेरा बलु[२१] लेउन
जोशीज्यूका घरी झान्या बाटो जताइ[२२] देउन
भैसी पसन जानु बिन्डी[२३] घुमाउन जानु

१ पृथ्वी २ देवता ३ मण्डप ४ मान्छे ५बाहुन ६ घर ७ सुनको गेट ८ चादीको ढोका ९ जाउनु १० दिनु
११ केही फल १२ मुख १३ चाँदी १४ अध्यारो १५ चिप्लो १६ खाने कुरा १७ बास बस्ने काम १८ सुक्न १९ एक
२० गई सक्यो २१ खबर २२ चिनाइ २३ दूध पस्ने भाँडा

मइक्या जानु जोशीज्यूकी बात[२४]

दोसरा पाटन हिड्यो तेसरा पाटन

वाइरेपर भिटीहाल्यो पतारी[२५] चेलो

पात टिपनु जानु बिटी[२६] बानुन जानु

मइक्या जानु जोशीज्यूकी बात

तेसरा पाटन हिड्यो चौथा पाटन

वाइरे पर भिटी हाल्यो घसारी चेली

होइन घसरी चेली मेरो बलु लेउन

जोशीज्यूका घरी जाने बाटो जताइ देउन

घाँस काटन जानु, पिठी बानुन जानु

मइक्या जानु जोशीज्यूकी बात

चौथा पाटन हिड्यो पाँचौ पाटन

वाइरेपर भिटि हाल्यो घट्टालो चल्यो

होइन, घट्टाला चेला मेरो बलु लेउन

जोशीज्यूका चरी झान्या बाटो जताइ देउन ।

घट्ट पिनन जानु धुली पाजन[२७]

मइक्या जानु मइक्या जानु जोशीज्यूकी बात

पचाँउ पाटन हिड्यो, वाइबाट भिटिहाल्यो दौरालो चेलो

होइन, दौराला चेला मेरो बलु लेउन

जोशीज्यूका घरी झान्या वाटो जताइ देउन

दाउरा भाँचन जानु बिटी बानुन

मइक्या जानु जोशीज्यूकी बात

वाइरेपर भिटि हाल्यो ओख्लारी[२८] चेली

होइन,  ओख्लारी चेली मेरो बलु लेउन

जोशीज्यूका घरी झान्या बाटो जताइ देउन

२४ कुरा २५ पात टिप्ने २६ मुठा २७ पुजाउन, राख्नु  २८ धानु कुट्ने

धान कुटनु जानु धान बताउनु जानु
मइक्या जानु जोशीज्यूकी बात
वाइरे पर भिटि हाल्यो पनेरी[२९] चेली
होइन पनेरी चेली मेरो बलु लेउन
जोशीज्यूका  घरी भ्कान्या बाटो जताइ देउन
दाइनो[३०] वाटो भ्काला  सुवा जोशीज्यूकी घरी
बाउँ[३१] बाटो भ्काला पाउ केदार
नसी गयो  सुवा चणी जोशी ज्यूका घरी
वसी गयो  सुवा चनी बेणबान्नानी[३२]
होइ्न बामनी जीजा[३३] तिमीहरू बोल
तुमरा त बालाबर्मा घर छ्न की नाइप[३४]
हमरा त बालाबर्मा गङ्गीका तीर
गङ्गीका तीर केउकाम[३५] गया
जपनी जपन्ना, वेदन पठन्ना, स्नान सालना[३६]
कोरेबाटो भ्काला जिया[३७] गङ्गीका तीर
दाइनोबाट भ्काला सुवा गङ्गीका तीर
बाँया बाटो भ्काला सुवा पीपल चुम्रणी
सुया न विया[३८] छिरन होला
बाया[३९] न धागा तरन होला
नसी गयो सुवा चणो गङ्गीका तीर
पुगी गयो सुवा चणो गङ्गीका तीर
क्यू काम आया गङ्गीका तीर
मन्तोक इश्वर देउले जग्यो उठायो
विन्नतनै[४०] बालाबर्मा जग्योइन हुनो

२९ पानी भर्ने ३० दाया ३१ बाया ३२ पर्खालमा ३३ बज्यै ३४ छैन ३५ के कामका लागि ३६ नुहाउने काम ३७ आमा
३८ शियोको प्वालमा धागो छिरे भ्कै ३९ डोरीको कण ४० तपाई बिना

एकुरे छै मेरा कास्यान नलीउर
एकुरे छै मेरा भारी पुस्तक
एकुरे छै मेरा मुत्तिया[४१] हारो
एकुरे छै मेरा वेदन खरी
कसरी झाउला तेरा मुथी मन्तालोक
वेदन खणी हेयाणी[४२] हाल
मुत्तिया हारो टाटुउनो[४३] हाल
भारी न पुस्तक झोलीउनी हाल
कास्याउनी नलीउऱ्या जाबीउनी[४४] हाल
चलौतमे बालाबर्मा मेरा मन्तालोक
सुया न बिया छिरना गया
बाल न धागा तरना भया
आइरे गया बालाबर्मा यसुई[४५] मण्डप
का तिमे  बालाबर्मा नाई घोइ प आया
का तिमे बालाबर्मा प्रसुद्धि भया
नाबीका थान नाइ धोइ आइयाउ
शिर देउका थान झाइ शीर पछि आइयाउ
पदमका थान झाइ प्रसुद्धि भइयाउ
का तुमे धमेनीकी[४६] नाइ धोइ आया
का तिमे शीर पुछी आया
का तिमे पुजाराकी प्रसुद्धी भा[४७]
नावीका थान नाइ घोइ प आइयाउ
शिर देउका थान शिर पुछि आइयाउ
का तिमे निबकाजी[४८] नाइ घोइ प आइयाउ
नावीका थान नाइघोइ प आयाऔं
शिर देउका थान शिर पुछि आयाऔं
पदका थान झाइ प्रसुद्धि भयाऔं

४१ मोटी ४२ हृदय ४३ घाँटी  ४४ जोगीले समाउने झोला ४५ यस ४६ देउकी ४७ भएर
४८ गाउँका मुख्य मान्छे

## परिशिष्ट ख

### बाठपाला देवताको मागल

यो मागल बझाङ जिल्ला सैनपसेला ६ तल्देन  पुर्ख्यौली घर भई हाल डडेलधुरा, जोगबुडा, तातोपानी बस्ने बर्ष ६८ का मानबहादुर सिंह 'पहाडी' द्वारा लिखित रूपमा  प्राप्त गरी तथा बझाङ जिल्ला सैनपसेला निवासी ४० वर्षीया जसुदेवी थापाका मुखबाट सुनेर तयार पारिएको हो ।

माल जनम्यादेवी, परबत आया
परबत आयादेवी बैसेकु[१] भयो
बैसेकु भयो देवी हेरो फेरो च्वायो[२]
डिड[३] राख्यो थली ज्यूलो[४] भिटा[५] राख्यो कुलो
अव देवी पैरन लाग्या कमलैको फूल
एक फूल फुल्यो, दुई फूल फुल्या
दुई फूल  फुल्या तीन  फूल  फुल्या
चार फूल फुल्या, पाँच फूल फुल्या
अब देवी माता, रजरैप[६] गया
तीन मास[७] बाठ पाला, गर्भ सिटी गया
तब देवी दुरूगा[८] सरदुँ[९]  लाग्या
पाँच मास बाठपाला, पंञ्च कल्ल्यानी
आठमास बाठपाला भुई झडी गाया
कसुका सुबर बाठे, कैकोखी जाया[१०]
महालिङ्ग बुबा बाठे, दुर्गाकोखी जाया
जाया जाया, चिता भलु[११] जाया
सुनका भौराणा[१२] फोडी  मन्तालोक आया
मन्तालोक आइ गोसाई, हेरो फेऱ्यो च्वायो

१ बस्ने काम २ नजर लगायो ३ तल तिर ४ खेत भएका ठाउँ ५ माथि तिर ६ गर्भ ७ महिना ८ दुर्गा ९ गर्भका लक्षण पूर्ण रूपमा देखिने १० जन्मिए  ११ भलो होस् भन्ने भावना १२ गेट

हेरो फेरो च्वायो गोसाई, बैसुक भयो
बैसेकु भयो मोसाई, धर्ती, गैट्यो[१३] किला
धरतीको गैट्यो किलो मनै रक्षा पाल
होचिया दैत्यकि खन्नी कोदाल[१४]
अब भया बाठपाला, थाङणी वाला
थाङणी वाला गोसाई, वरकना[१५] भया
वरकना भया गोसाई, फरकना भया
भया गोसाइ बाठपाला हिलो मलना
हिलो मलना गोसाई धुलो खेलना
भया गोसाइ बाठपाला गाईका ग्वाला
गाईका ग्वाला गोसाई बेजो[१६] खेलना
बेजो खेलना गोसाई बेजो मारना
बेजो मारना गोसाई बागुबोलना[१७]
भया गोसाई बाठपाला भैसी गोठाला
भैसी गोठाला गोसाई खाणो[१८] खेलना
खाणो खेलना गोसाई खाणो मारना
अब भया वाठपाला सुवला तरना
अव लाग्यो बाठपाला चौकाको[१९] धोको
इन्द्राबन बृन्दावन चौको चिठौना[२०]
नगरका ग्वाला संग ढुङ्गी बोकाउना
ढुङ्गी बोकन्या माथ बाउली[२१] दिना
ढुङ्गी नबोकन्या चापकी[२२] लाउना
रतन कामली विछाई आफू बैठीरना
रतन कामली विछाई आफू बैठीरना
नगरका ग्वाला त्यति क्या दुबला

१३ गढ्नु १४ दुख दिने काम  १५ अलिकति सर्ने १६ डण्डीबियो १७ बाबुको छोरा हु भन्ने धाक
१८ तरवारद्वारा खेलिने खेल गर्भ १९ चौताराका महिना २० चिनाउने काम २१ स्याबासी दिने
२२ थप्पड

नगरकी बुढीया सोधन लागि
की तिमी ग्वालाका गोरू हराया
की तिमी ग्वालाका बन्ताडी[२३] लाग्यो
किरे तिमी ग्वाला खरी[२४] भोकु लागी
किरे तिमी ग्वाला को दैत्य लाग्यो
नै हामी ग्वालाका गौरू हराया
नै हामी ग्वाला खरी भोकु लागी
नै हामी ग्वाला बन्ताडो लाग्यो
नै हामी ग्वाला कोई दैत्य लाग्यो
तमरो सबलो बाठे ढुङ्गी बोकाउनो
ढुङ्गी नबोकन्या माथ बाउली दिनो
ढुङ्गी नबोक्या चापकी लाउनो
रतनी कामली बिछाई आफू बैठी रनो
भोल तिमी ग्वाला घर बसी राख
भोलका गोरू मै हेरी दिउला
अब बोलिन् बुढिया बाठपाला देखि
तँ बूढो बाठे ग्वालाको राजा
त्यतीको सुवलों बाठे सीजो[२५] न्यूराइ[२६] लैजा
नगरकी बुढयाले बचन दियो
नगरकी बुढीयाका बचन लाग्या छाती
अब लाग्यो बाठपाला माण्डौको[२७] धोको
सैन पसेला भटीमा कटायो
ल्वाडा लैकगाँउ डाडी छेकायो
चवान, कडायत चिङरा खटायो
खतेडा मदन जोशी कटेणो कटायो

२३ बनमा लाग्ने रोग २४ धेरै २५ सिंजा भन्ने ठाउ २६ जितेर २७ मन्दिरको

काणा गाइँ बटोला सङ्ग धुरी ढलायो
सोल दिन माघ माण्डौ छयायो
छै छायो माण्डो छिपी लायो गेरू
सोल दैत्य चलि आया कै बटी हेरू
कहाँ बैठ्यो लुवाडी कहाँ धामी गाउँ
यसु गाउँकी धमेनीको क्याहो  नाउँ
तली बैठ्यो लुवाडो माथी धामी गाउँ
युसु गाउँकी धमेनीको बीर्मामति नाउँ
लेक गाउँ लुवाडा पानीका छाया
बिर्मा धमेनी तिमी चोखा निम्ता रह्या
कुणैं पुजारी कोट गौतको सेज[२८]
बीर्मा धमेनी तिमी मेरो बोलु लेउन
मै सिजा जान्छु दियो बाली देउन
बाँसका साँझ दियो बाली दियो
भोल[२९] प्रभात पाठ बसि दियो
पाठ बसि दुरूगा सत्य आँखार काट
जीया ज्यू दुरूगा देवी एक बिन्ती लेउन
मै सिजा जान्छु दिन हेरी देउन
बुध र बिफैको[३०] जनम वार
आइत बारका साइत सार
बासीका दूधले लुकुणा[३१] भिजायो
सगौता[३२] दूधले लुकुणा सुजायो
सुजायो लुकुणा चिन्डीको फूल
यतिको सकुनो बाठे सीजो आयो हात
जीया ज्यू दुरूगा देवी एक बिन्ती देउन

२८ औछ्यान २९ भोलि ३० बिहीबार ३१ चामलकाबाट बनेको खाने कुरा ३२ ताजा

मै सिजा जान्छु चिउणी कुटी देउन
कुटेछ चिउणी रूपाको[३३] प्वाँख
यतिको सकुलो बाठे सिजो आयो हात
जीया ज्यू दुर्गा देबी एक बिन्ती लेउन
मै सिजा जान्छु लडुवा बाटी देउन
बाटेछ लडुवा बेलको गेडो
जीया ज्यू दुर्गा देबी एक बिन्ती लेउन
मै सिज जान्छु  ज्यूनार साली देउन
साल्यो छ ज्यूनार सपुर भुटे साग
सपुरको[३४] साग कपुरको[३५] बास
जीया ज्यू दुरूगा देबी एक बिन्ती लेउन
मै सिजा जान्छु तिलकु लगाई देउन
लगायो तिलकु दहीचावल बिन्दु
उड्या बाठपाला पूर्णिमा चन्द्र
धौली ठामर[३६] ध्याडो[३७] रातो पाखर
राती पाखरमा मै सेतो बाठे
जीया ज्यू दुरूगा देवी एक बिन्ती लेउन
मै सिजा जान्छु ध्यडो परलाई देउन
क्यौंको छ ध्याडो बाठे केको छ  पर्सानी
अकुल गोकुलको[३८] ध्याडो लायो
श्री खण्ड चाननकी पर्सानी[३९] च्वायो
आफु साइत सारन बजी बणाई
घोडो  साइत सारना धरती कम्याई
थली है बाठपाला चलुमलु खयो
तम्तोली पुगी गोसाई बैसेकु भयो

३३ मौरी ३४ धुप सल्काउने बातो ३५ घिउ ३६ घोडा माथि राख्ने करेली ३७ घोडाको पिठ्युमा राख्ने सामान
३८ धुप
३९ प्रसाद

तम्तोली भगुजोशी घरछौकि नाई
क्या आदेश हुँन्छ घरै छु गोसाई
मै सिजा  जानो दिन हेरी देउ
हाल्यो छ घुलौंटो उफऱ्यो पाती
आज भोली बाठपाला दिनु लैन आछी
तुक्या जान कुहेढाँट दिनैकी बात
बिना हेराउनकी जोशी न साछी
बाठपालाको हेरौदा धुलौटा राख्यो
फेरी हाल्यो धुलौटो फेरी हाल्यो पाती
बुध र बिफैको जनम बार
आइत बारका साईत सार
दिन भयो दियो मंगल बुध राती
ताहै बाठपाला चलुभलु खया
डाडा माउँजोर बैसेकु भयो
महालिङ्ग बाबा एक बिन्ती लेउन
मै सिजा जान्छु माथ बाउली देउन
दियो छ माथबाउली जियाको भिच
ताह्रै बाठपाला चलुभुल खयो
बान्नी मष्टा माण्डौ गै बसेकु भयो
मष्टा ज्यू एक बिन्ती लेउन
मै सिजा जान्छु परख्या[४०] लाई  देउन
परख्या किन लाउला आफै पाया जाउला
बाला भानिज सग दहीमात्र खाउला
ताहै[४१] बाठापाल चलुभलु लियो
बझाङ कोट गै बैसेकु भयो

४० संगै हिड्ने मान्छे (साथी) ४१ त्यहाबाट

बझाङी विष्णुपति मेरो बोलु लेउन
मै सिजा जान्छु भातबाखो देउन
भात बाखो हामी दिउली क्यो बर पाउली
नौरे गढको छन्ने बोलाउला
ताहै बाठपाला चलुभलु लाया
भुटेडा गई गोसाई बैसेकु भयो
झुटेडी बुढथापा मेरो बोलु  लउेन
मै सिजा जान्छु भातबाखो देउन
भातबाखो हामी दिउली क्या वर पाउली
नोरे गडको लौंड बोलाउला
ताहै बाठपाला चलुभलु लियो
परिङाल गै गोसाई बैसेकु भया
सुङाला परिडाली मेरो बोलु लेउन
यसु घाट यसु नदी तारूलाई देउन
तारू हामी लाउली  गोसाई क्यो बर पाउली
खुङाला परिङला पकैलो लाउला
क्यौको छ लडी जेउडी क्यौको छ तार
बाबीयाको लडी जेउडी घोडीयाकी तार
माझ मिना लवाजौडी लुसुक्क पारी
नै रूज्या रजवली नै रूज्या पाउ
धन्य गोसाई बाठपाला तिमी बडो  राउ
ताहै बाठपाला चलुभलु लिया
छान्ना बासकाटुटे गै बसेकु भयो
बाँस काटुया कारोकाया मेरो बोलु लेउन
मै सिजा जान्छु भातबाखो देउन

भातबाखो हामी दिउली क्यो वर पाउली
बासकाट्टे मितरी मण्डी चिठाउला
बाँसकाटटे भितरी पैकेलो लाउला
ताहै बाठपाला चलुभलु खयो
मोत्वा[४२] नगरा गै बैसेकु भयों
मोत्वा नगरी सिंह मेरो बोलु लेउन
मै सिजा जान्छु भातबाखो देउन
बाखो हामी दिउला क्यो वर पाउला
मोत्वा नरीमा पैकेलो पाउला
ताहे बाठपाला चलुभलु लियो
तुणतुणे पानी गै बसेकु भयो
बैसेकु भयो गोसाई हेरोफेरो च्वायो
बाह्रै भारी लाडुचिउरी फाकी ओरायो[४३]
असीमनको लवागुर्ज बाउली फेरायो
फेरायो लवागुज निस्कायो[४४] पानी
तुण तुणे पानी ज्यूनारू साल्यो
ताहै बाठपाला चुलभुल खयों
चौखुट्टे लेकगइ गोसाइ बैसुक भयो
बैसकु भयो गोसाइ हरोफरो  च्वायो
हेराफेरो च्वायो गोसाइ नाचु लगायो
ताहै बाठपाला चलुभलु खयो
परम्या लेक गै बैसेकु भयो
बैसेकु भयो गासाई चौको चिठायो
चौको चिठायो ज्यूनारू साल्यो
भला भला दैत्य हामीसँग लाग

४२ बझाङ जिल्लाको एक ४३ मुखमा राख्यो ४४ निकाल्यो

जसा तसा दैत्य घर फर्की जाओ
तापर[४५] भेट्यो बटौन्या[४६] चेलो
बटौन्या चेला मेरो बोलु लेउन
तेरा सीजा जाने बाटो बताई देउन
हामी कित[४७] गोसाई डेढ वरीष
तिमी कित गासाई लाई छोडौ बेग
तापर भेट्यो गोठालो चेलो
गोठाला चेला मेरो बोलु लेउन
आजकी छास हामी खान देउन
आजकी छाम सिजा महाराजा
अब तेरा सीजाकी सचु भिचु राखु
खुडकि[४८] थोरी रूख उफाल्यो
बनकी  भैसी भीर कोट्यायो
गोठाला चेला ठाडै कसायो
तापर भेट्यो ओख्लारी चेली
ओख्लारी चेली मेरो बोलु लेउन
आजको तेल हाम्रो ज्यूनार
आजको तेल सिजा महाराजा
अब तेरा सीजाकी सचु भलु राखु
औंखल्यारी चेली कम्पन लायों
सीजाका लामा घडा कोंरे दैत्य लाग्यों
चलन्या धामी चलाउन लाग्या
हेरन्या बह्मा हेराउन लाग्या
चलन्या धामी थम्मन लाग्यो
हेरन्या ब्रह्माकों हात रोकियो

४५ त्यही पर ४६ बटुवा ४७ लाई ४८ खुडमा बाँधेकी

दैत्य सैत्य कोइ होइन म बूढो बाठे
यतीको सबलो बाठे, सिजो. आयो हात
सुन गोंसाई बाठपाला मेरो बोलु लेउन
सुन रूप बनाउला कम्प थामी देउन
एक पाखों तिम्रो सुनले छापुला
तँ पापी छऱ्याको[४९] दण्डैन भक्तो[५०]
मेरा इजुकी परब[५१] आउनु पडला
तमरा इजुकी परब कब पडन्छ
सोल दिन माघ कुणीछैया[५२] होली
सोल दिन फागुन साइस चललो
बीस दिन भदौ बीर्सती होली
मेरा इजुका परब यतिनै हुन्ना
छास खान माग्दा दही खान दियो
दही खान माग्दा दूध खान दियो
दूध खान माग्दा घिउ खान दियो
सबलो बूढो बाठे फर्की आइप गयो
भीरकी भैसोली सैन ओराल्यो
रूखकी थोरी खुणा कोट्यायो
गोठाला चेला फुकाई दियो
पतारा चेला फुकाई दियो
ओख्ल्यारी चेलीको थम्मन खोल्यो
बुवाकी ल्यायो चढन्या घोडो
इजुकी ल्यायो सुन घुमटी
आफुलाई ल्यायो शंख, डमरू
आफुलाई ल्यायो सुन अवाडो

४९ तल्लो दर्जाको ५० दिदैन ५१ मेला ५२ एक प्रकारको रूख काटेर लाकुरी लाउने मेला

थलीका ज्यूला घोडो हाल्यो धाप
साचो पुतु बोलाई महालिङ्ग बाबा
लोगन  लस्कर ल्याई सिजा महाराज
इजुकी परब आया सिजा महाराज
एकएकै पत्थरले खुट्कुणी[५३] चिठायो
जुमलाका नरलोक थली पौचायो[५४]

५३ सिढी ५४ पुऱ्यायो

## परिशिष्ट ग

### महालिङ्ग देवताको मागल

यो मागल बझाङ्ग जिल्ला लेकगाउँ गाविस बस्ने वर्ष ३३ का हृदय पुजाराद्वारा लिखित रूपमा र थली नौविस सैनपसेला गाविस वार्ड नं. ८ वस्ने वर्ष ६३ का श्रीमती भुजीदेवी दौल्याल र सोही ठाउँ वस्ने वर्ष ४८ का मनलाल दौल्यालको मुखबाट सुनेर तयार पारिएको हो ।

हिउका हिमा जल पानीका छाया
सातैइ भाइ महालिङ्ग उथपन्त[१] भया
उथपन्न भया मानारया गया
मानारया गया सुन गुफा बस्या
सुनु गुफ बस्या सुन दिया बाल्यो
छयई दिया छयई दिया निरपन्त[२] भया
एकै दियो एकै दियो भर्भरती[३] भयो
छयई भाइ महालिङ्ग दानवले खायो
एक्लै भाइ महालिङ्ग ओलाना डोलाना[४]
अबलाग्यो महालिङ्ग जोगी हुन्या धोका
कति हात गजिनाका[५] झोलिया छेकायो
कति धन्नी ल्वाखरको चिम्टा सजायो
कति स्वाणा[६] सपुरकी[७] भगवा[८] रंगायो
दशहात गजिनाकी झोलिया[९] सिलायो
दशैं धान्नी ल्वाखरको चिम्टा सजायो
सोह्र स्वाणा सपुरकी भगवा रङ्गायो
माथ पैरउ महालिङ्ग बगैका[१०] टोपी
चाँद[११] पैरउ महालिङ्ग धुगतटीकी[१२]

१ उत्पन्न २ निभ्नु ३ राम्रोसंग जल्नु ४ डुल्दै ५ एक किसिमको कपडा ६ कपडाको इकाई ७ एक किसिमको कपडा ८ जोगीले लगाउने कमीज ९ झोला १० बाघको छाला ११ निधार १२ खरानी

टाटु[१३] पैरउ महालिङ्ग रूद्रक्षमाला
लोल[१४] पैरउ महालिङ्ग माटीमटेङ्गा[१५]
लोल पैरउ महालिङ्ग रूद्रक्षमाला
कुना पैरउ महालिङ्ग अभ्रूत चिन्नी[१६]
कुम पैरऊ महालिङ्ग झोली न थैली
बाउली[१७] समाउ महालिङ्ग ल्वाखर चिम्टा
गाथ[१८] पैरउ महालिङ्ग बगैको बाग
जाङ[१९] पैरउ महालिङ्ग बगैको राग
हात समाऊ महालिङ्ग आलडालौणी[२०]
अवलाग्यो महालिङ्ग जोगी हुन्या धोका
पाया[२१] पैरउ महालिङ्ग बगैका मोचा
माथीबाट गैरे गया महालिङ्ग देउ
तलबाट आइरेगया भष्टालिङ्ग देउ
बाटकी अघौलीबाट[२२] भिटु भइरे गैछ
भिटु भली भैरे गइछ सोधा भेटी[२३] भइछ
कारे झाना कारे झाना महालिङ्ग देउ
कारे झान कारे झाना मष्टालिङ्ग देउ
ज्वाइ खोज्न झानो मष्टाालिङ्ग देउ
बरू[२४] रे खोज्न झानो महालिङ्ग देउ
सोल वैनी दुरूगाकी हाम्रा घर छन् रे
मालका डाणा झाइ धुइ बाली[२५] बस
मालमुनि झाना अलक जगाया[२६]
सोल वैनी दुरूगाकी चौभेडा[२७] खेलनी
मालका डाणा धुई बाली बस्या
हेर हेर सोल बैनी जोगी धाकडो आयो

१३ घाटी १४ कान १५ कान लगाउने एक किसिमको गहना १६ कुममा लगाउने एक डोरी १७ हात १८ शरीर १९ जाग्रा २० जोगीले समाउने एक डण्डा २१ खुट्टा २२ अपरझट २३ सोधपुक्ष २४ कन्या २५ धुन जगाएर २६ बीउझाउन २७ सयल

तमे[२८] हमे[२९] जोगी धाकडा जुवा पासा खेलौ.

जुवापासा खेलौली त क्याको बाजी थापौ.

तमे जुवा जितौला त तमराई पैल झाउली[३०]

हामी जुवा जितौंली त कौड्या[३१] बनाउली

एकातिर बसिगया सोल बैनी दुरूगा

एकातिर बसिगाये पर्भत्या[३२] जोगी

एक वाच्य दुई वाच्य त्री वाच्य बोल

जो वाच्य टलाउला[३३] सो नर्क पण[३४]

हान कहात सोल बैनी तमई बटी[३५] हान

पहिलो[३६] ढालनी ढाल्यो कन हान्यो जित्यो

पहलो ढालनी ढाल्यो जोगीलैले जित्यो

दोसरी ढालनी ढाल्यो कन हार्‍यो जित्यो

दोसरी ढालनी ढाल्यो जोगीलैले जित्या

तेसरी ढालनी ढाल्यो कन हार्‍यो जित्यो

तेसरी ढालनी ढाल्यो जोगीलैले जित्यो

चौथी ढालनी ढाल्यो कन हार्‍यो जित्यो

चौथी ढालनी ढाल्यो जोगीलैले जित्यो

पाँचौ ढालनी ढाल्यो जोगीलैले जित्या

सोल बैनी दुरूगाले गुइलो[३८] मृत्यु छोड्यो[४०]

अव भयाऔ[४१] दिदी मेरी जोगीकी जोग्यानी[४२]

तमु दिदी गुरूवाको भलो जन होउ[४३]

कान्सी वैनी लखमाले महालिङ्ग चिन्यो

जोगी सोगी होइन दिदी महालिङ्ग देउ

अब जोगी भेष छोडेर महालिङ्ग सन्यासीका लुगा फुकाल्छन् र महालिङ्गले आफ्नो रूप देखाएपछि मागल गायनको लय अलि लामो पारिन्छ ।

वगैको[४४] टोपी भुइपर[४५] राख छोड गोसाई आफ्नो रूप

वगेको टोपी भुइपर राख्यो देख्यो सुनौलो माथ

२८ तपाई २९ हामी ३० विवाह गरैली ३१ नोकर
३२ पहाडी ३३ उंलघन गर्ला ३४ नरक जाओस ३५ पहिले ३६ शुरूवाट ३८ गहन ३९ विचार
४० सोच्यो भयो ४२ योगीनी ४३ राम्रो नहोस् ४४ बाधको ४५ भुईमा

धुगुत टिंकी[४६] भुइपर राख छोड गोसाई आफ्नो रूप
धुगुत टिकी भुइपर राख्यो देखियो सुनौलो चाँद
रूद्रक्षमाला भुइपर राख छोड गोसाई आफ्नो रूप
रूद्रक्षमाला भुइपर राख्यो देखियो सुनौलो टाटु
माटी मटेङग्रा[४७] भुइपर राख छोड गोसाई आफ्नो रूप
माटी मटेङग्रा भुइपर राख्यो देखियो सुनौलो लोल[४८]
अभरूत चिन्नी भुइपर राख्यो  देखियो सुनौलो कुना
अभरूत चिन्नी भुइपर राख छोड देखियो सुनौलो आफ्नो रूप
भोलि न थैली भूइपर राख छोड गासाई आफ्नो रूप
भोलि न थैली भूइपर राख्या देखियो सुनौलो कुम
ल्वाखरे चिम्टा भूइपर राख छोड गोसाई आफ्नो  रूप
ल्वाखरे चिम्टा भूइपर राख्यो देखियो सुनौलो  बाउली
बगैको बाग भूइपर राख छोड गोसाई आफ्नो रूप
बगैको राग भूइपर राख्यो देखियो  सुनौलो गाथ
बगैको राग भूइपर राख छोड गोसाई आफ्नो रूप
बगैको राग भूइपर राख छोड देखियो सुनौलो जाँच
बगैको मोचा भूइपर राख छोड गोसाई आफ्नो रूप
बगैको मोचा भूइपर राख्यो देखियो सुनौलो पाँऊ
आलङ्गा लौरी भूइपर राख छोड गोसाई आफ्नो रूप
हिड हिड सोल बैनी परभत[४९] भ्काउँ
मालको दस्तुर[५०]  क्यारोतु[५१] लैभ्काउ[५२]
सयधान माभ्कको को होला जेठो
सयधान माभ्कका[५३] सालीधान जेठो
सयधान माभ्कको पराल पुलो जेठो
वृक्ष माभ्कको को होला जेठो

४९  पहाड ५० नमूना ५१ नयाँ ५२ लिएर जाउ ५३ मध्यको (बिचको)

वृक्ष माझको को पागरू जेठो
सवै अन्न माफको को होला जेठो
सवै अन्न माफको जौं अन्न जेठो
टिप्यो छ पागर गेणी छ[५४] हाल्यो गोजली
चुडिहेल्यो परालपुलो हाल्यो गोजली[५५]
चुडिहल्यौ जौ बाली हाल्यो गोजली
मालका डाणा है गौसाई चुल वलु भयो
पारि मण्डी झाई गोसाई चुल वलु भयो
बैसेगु भयो हेरो फेरो च्वायो
पारि मण्डी झाई गोसाई बैसेक भयो
बैसेगु भयो हेरा फेरो च्वायो
यही मुणेघाटका तारू लगाई देउन
तारू लगाई हामी दिउँली क्या वरू पाउँली
यही गुणघाटको दान भराउला
के को छ लणा[५६] जेउणी के को छ तार[५७]
बाबियाको लरी जेउली मुडियाको तार
माझमिना लुवालौणी लसुक्कै वारि
नै भ्या खटवाला[५८] नै रे रूभ्या पाऊ
धान्न गोसाई महालिङ्ग तै बडो ह्याउ[५९]
वारि मण्डी आई गोसाई बैसकु भयो
दोकान लगायो गोसाई बञ्ज ढलायो
वारि मण्डीबाट चुलवुल भयो
हात्ती ढुङ्गाबाट गोसाई चलुवलु भयो
रगउनी गाण आई बैसेकु भयो
रगउनी गाणका चिपला लोणा

५४ दाना ५५ खल्ती ५६ डोरी ५७ टने साधन ५८ खराउ ५९ साहस

चिपला लोडा वोकायो घोणा

रगाउनी गाण है चलुवुल भयो

कल्याणी खोला बैसकु भयो

माणु लगायो भण्ट चढायो

क्यानी खोला हे चलुवलु भयो

अमल्लके भꠘइ बसेकु भयो

अमल्लेकी साउँद मेरो बललउन

पर्वत भꠘनो छुरे बाटो जताई देउन

बाटो जतार्य हामी दिउली क्याउ रोतु पाउली

अमल्लेकी साउद पइकेलो[६१] लाउँला

अमल्लेकबाट चलुबु भयो

रम सुल्ला आई बैसेकु भयो

भोक भोकाया पानी  तिसाया

हान्यो  लवागुर्जो नक्सायो[६२]  पानी

खाव[६३] खाव लोक मेरा धव पानी खाव

वारमाना लवा चिउणी[६४] फाँकी[६५] सुइरायो

रम्सुल्ला पानी है चलुवलु भयो

तेल्याका लेक आई बैसकु भयो

फुकायो केश हेर हेर लोग मेरा डोटीका देश

तेल्याका लेक है चलुवलु भयो

पिङ्गका माणु आई वैसेकु भयो

हिमाली हलायो हमाली  खेलायो

पिङका माणु है चलुवलु भयो

तिन्मणी नाउ आई बैसेकु भयो

बैसेकु भयो गोसाई हेरोफेरो च्वायो

६० व्यापारको शुरूवाट गरियो  ६१ पहलवानश(बलियो मान्छे)  ६२ निस्कायो , निकाल्यो ६३ खाउ
६४ फलामका चिउरा ६५ फाँक बनाएर खायो

तिन्मणी नाउ घणा चढायो
तिन्मणीबाट चलुवलु भयो
तिलाणी बगड बैसेकु भयो
तिलाणी बगड तिल्यो दैत्य माऱ्यो
मष्टाकी माणु आई बसेकु भयो
ज्यूनारी साल्यो[६६] चलुबुल भयो
लोण्या ओढार आई बैसेकु भयो
लोण्या ओढार लोण्या दैत्य माऱ्यो
फणिल्या पण आई बैसेकु भयो
फणिल्या आई पहण फुटायो
फिणल्य आई पहण फुटायो
देउरा बगडा आई बैसेकु भयो
देउरा बगड देउरो लगायो
बड्डी ज्यावन है बैसेकु भयो
बार देउ ज्यावन ती साथ लाग्या
बड्डी ज्वानहै चलुवलु भयो
मराणको[६७] चौर बैसेकु भयो ।
हान्यो लवागुर्ज[६८] नक्सायो [६९] पानी
दश नाली लाडुचिउरा फाकी ओइरायो[७०] ।
ताहोइ तनु[७१] देवीदेउको चलुबलु भयो
बेन्देली झाट[७२] छि 'छि' बोलायो
ताहोइ तनु देवी देउकी चलुबलु भयो
कटपातया लेक आइ बैसेकु भयो
कटपात्या लेक होइ फुकायो केश
हेर ! हेर ! दिदी मेरा सैनको देश

६६ खायो ६७ एउटा बझाङको हिमाली क्षेत्रको ठाउ
६८ लुवाको त्रिशुल ६९ निकाल्यो ७० खायो ७१ तिनी ७२ उज्योलो हुने बेला, समय

ताहोइ तुन देवी देउको चलुबलु भयो
मुङग्राका पानी बैसकु भयो, मुङग्राा चिठायो[७३]
ताहोइ  तन्नु देवी देउको चलुबलु भयो
सैन ठूला घर बैसेकु भयो,
होइन कडायतनी आमा मेरो भलु लेउनु[७४]
खरी भोक लागी छ त ज्यूनारसाली[७५] देउन
पाण छ ढुटा हार्डा खपेटी
गोठ छ मेरा थाणी गवल[७६]
चारै कुना चारे दिशा लिपी घसी देउन
दिाया पनि बाली देउन
ढुटा कोखीका चमाल फर्क्या
हाडी खपेटीका ताउली फर्कि
थाणी गावल धिनाली[७७] भई
अव रस्या लाग्या
तोहोइ तनु देवी देउको चलुबलु भयो
थलीका थान बैसेकु भयो ।

७३ दात मिलेका जस्ता धारा बनायो  ७४ भलो गरन ७५ खान देउ  ७६ बाझो गाई ७७ दुध दिने

# परिशिष्ट घ

## राजा गोपीचन्नको मागल

यो मागल बझाङ जिल्ला दहबगर गाविस गोइचन बस्ने वर्ष ३१ का जयबहादुर बोहराद्वारा हस्तलिखित तथा सैनपसेला गाविस १ बस्ने ५७ वर्षीया धौलीदेवी रौकायाको मुखबाट सुनेर तयार गरिएको हो ।

अजुध्याका[१] कोटुकाणा[२] गोपीचन्न राजा जन्म्या
कैसा[३] जन्म्या गोपीचन्न
झाउन झाउन जोली चेला जोशीज्यूका घरी
फाग[४] बान चाम्ल्या[५] मानु
एकाखल्टी[६] हाली हेल्यो केलाको कोसो
एकाखल्टी हाली हेल्यो चामलको मानु
घाउना घिउना[७] नसीगया जोली चेला
नसीगया जोशीज्यूका घरी
नसीगया जोशीज्यूकी दिनहेरी देउन
होइन् होइन जोशीज्यूका तिमीहरू बोल
कैसा जन्म्या गोपचनन राजा
होइन होइन जोशीज्युकी दिनहेरी देउन
पहिलो पर्सन  हाल्यो  मार्थेव[८] ढुल्कायो[९]
दोस्रो पर्सन  हाल्यो  मार्थेव ढुल्कायो
तेश्रो पर्सन  हाल्यो  मार्थेव ढुल्कायो
चोथो पर्सन हाल्यो  मार्थेव ढुल्कायो
पाँचौ पर्सन हाल्यो मार्थेव ढुल्कायो
अन्नको अनिलो गोपी धनको  धनिलो
धाकको धाकिलो गोपी  तपको तपिलो
वाह वर्ष गोपीचन्न जोगी होरो पऱ्यो

१ पवित्र ठाउँको नाम २ दरबार ३ कस्ता ४ कुटिरा ५ चामलको ६ एउटा खल्ती ७ खोज्दा खोज्दै  ८ टाउको ९ हल्लायो

घाउना धिउना जोली चेला घर फर्कि गया
एक वर्ष पाल्याको गोपी दुई वर्षको जसो
दुई वर्ष पाल्याको गोपी चार वर्षको जसो
चार वर्ष पाल्याको गोपी छ वर्षको जसो
छ वर्ष पाल्याको गोपी आठ वर्षको जसो
आठ वर्ष पाल्याको गोपी दश वर्षको जसो
दश वर्ष पाल्याको गोपी बाह्र वर्षको जसो
केला रानी बेला रानी बिहा अऱ्यो
बाह्र वर्ष गोपीचन्न जोगी होरा पऱ्यो
देउरानी जेठानी मेरा जुठा भाँडा आन
नाराङ्ग्याकी[१०] माण्डजीमा[११] गुरूज्यू बस्याका
नाराङ्ग्याकी माण्डजीमा भक्तै मान्या स्वाइलो[१२]
होइनु बाबा गोपी चन्दा तु क्यालाग्यो धानु
बाह्र वर्ष बावा मेरा जोगी होरा पऱ्यो,
नाराङ्ग्याकी माण्डजीमा भक्तै मान्या स्वाइलो
मुरे भ्कानो बुवा मेरा नारङग्याका माणु[१३]
होइन बुवा गोपीचन्न क्या लाग्यो धानु[१४]
मेरो पऱ्यो बुवा जोगी हुन्या होरा
नसी गयो गोपीचन्न जोगीकी जमात
जोगीकी जमात गयो भ्कोली न मखेली पैऱ्यो
वल्ली देली पल्ली देली “अलोग” जगाइहेल्यो

१० नाङ्गै जोगीको ११ कुटीमा १२ सुहाएको १३ मन्दिर १४ मतलव (कसैको बारेमा जानकारी लिने काम)

## परिशिष्ट ङ

### न्वारनको मागल

यो मागल बझाङ जिल्ला जाफ्री बस्ने वर्ष ३४ का जयबहादुर कडायतद्वारा हस्त लिखित तथा बझाङ सैन वस्ने ५७ वर्षीया धौलीदेवी रोकायाको मुखारविन्दुबाट तयार गरिएको हो ।

यसो[१] तनु[२] ठूली पाण क्या जग्यो रोपायो
कास डाली ठूली पाण बालो जन्म्यो
उसैकाम उसैकाम जग्यो रोपायो
यसो जग्या यसो जग्या केउ थोकु[३] चाइयो,
यसो जग्या यसो जग्या बत्ती देउ चाइयो,
यसो जग्या यसो जग्या गणेश देउ चाइयो,
कारे तुम गणेश देउको जरमनु भयो
कारे तुम गणेश देउको अवतार भयो,
परभत देउका थान जरमनु भयो,
यसै जग्या ठुली पाण  अवतार भयो
यसो जग्या केउथोकु, चाइयो,
यसो जग्या कलश देउ चाइयो,
कारे तुम कलश देउको जरमनु भयो,
कारे तुम कलश देउको अवतार भयो,
माल न मनेश[४] हमरो जरमनु भयो,
यसै जग्या ठूली पाण अवतार भयो
कारे तुमु नौग्रहको जरमनु भयो
कारे तुमु नौग्रहको अवतार भयो
कालंगाका देश हमरो जरमनु भयो
यसुई जग्या ठूली पाण हमरो अवतार भयो
तुमु[५] नवैं ग्रहका को हुन्ना बाबु
तमु नवै ग्रहका को हुन्ना माया
हुमु नवै ग्रहका आत्यि बाबु
हुमु  नवै ग्रहका मातृदेउ माया

१ यस २ त्यस ३ के चिज  ४ मधेश ५ तपाई

# परिशिष्ट च

## छैट तथा खैटीपूजाको मागल

यस मागललाई बझाङ जिल्ला थली-नौबिस अन्तर्गत सैनपसेला ८ निवासी ७२ वर्षीया चंखादेवी दौल्यालको मुखारविन्दुबाट तयार पारिएको हो ।

कासा[१] डाली ठूली पाण[२] बालो जन्म्यो छ
रूपा[३] डाली ठूली पाण बालो जन्म्यो छ
बालो क्या जन्म्यो बालो भक्तै रूवस[४]
बालाले रूपकी[५] छोड्यो[६] माथ जोली[७] बाट
माथाजोली धेकाउ बाला बेलेको गेणो[८]
बालाले[९] रूपकी छोड्यो चुन्नी[१०] जोलीबाट
चुन्नी जोली घेकाउबाला उदय सुर्ज
बालाले रूपकी छोड्यो आँखी जोलीबाट
आँखीजोली घेकाउ बाला परेवा नजर
बालाले रूपकी छोड्यो नाक जोलीबाट
नाकजोली घेकाउ बाला छुरीको अनार[११]
बालाले रूपकी छोड्यो ओठ जोलीबाट
ओठ जोली धेकाउ बाला बटाऱ्यापिउला[१२]
बालाले रूपकी छोड्या दन्त जोलीबाट
दन्तजोली धेकाउ बाला दाणिमको[१३] बीउ छ
बालाले रूपकी छोड्या जीब्बा[१४] जोलीबाट
जीब्बाजोली धेकाउ बाला काकलको[१५] पात
बालाले रूपकी छोड्यो चिउडा जोलीबाट
चिउडा जोली घेकाउबाला पिपलको पात
बालाले रूपकी छोड्यो टोटली[१६] बाट

१ कासको २ भूई ३ चाँदी ४ रूपवान ५ रूप ६ देखायो ७ भाग ८ दान ९ बालकले १० निधार ११ नक्कल
१२ एप प्रकारको फुल १३ अनारको १४ जिब्रो १५ एक प्रकारको पवित्र रूख १६ घाँटी

टोटली घेकोउ वाला जलेवा टोटली
बालाले रूपकी छोड्यो कुमु जोलीबाट
कुमुजोली घेकाउ वाला चिठ्याका देवल
वालाले रूपकी छोड्यो छाती जोलीबाट
छाती जोली धेकाउ बाला विवरको[१७] गेडा
बालाले रूपकी छोड्यो कन्न[१८] जोलीबाट
कन्नजोली धेकाउ बाला कमलीको छाँट
बालाले रूपकी छोड्यो जाङ जोलीबाट
जाङजोली धेकाउ बाला केलाइका रङ्छन्
बालाले रूपकी छोड्यो घुडा जोलीबाट
घुडा जोली धेकाउ बाला सुन दियाणा[१९]
बालाले रूपकी छोड्यो पिरणीबाट[२०]
पिरणीत घेकाउ बाला दुवा मुङणी[२१]
बालाले रूपकी छोड्यो पैतलीबाट
पैतलीमा हेरौ बाला मौरा पुतली
बालाले रूपकी छोड्यो अङौठीबाट
अङौठीमा हेरौ बाला सुपेली मुण[२२]
बालाले रूपकी छोड्यो कुर्कुच्चीबाट
कुर्कुच्ची धेकाउ वाला कुखुरी फुल

मागलका यी हरफहरू गाइसकेपछि खैटीपुजाका मागल गाउने क्रम सुरू हुन्छ र लयमा पनि केही परिर्वतन हुन्छ :-

छैठीका त रातेघर[२३] खैटीपूजा होली
खैटी पूजा होइरेझाली वियामाइरे[२४] आन्ना[२५]
कारेतुम वियामाइको जरमुन[२६] भयो,
चन्द्र र सुरीज हामरो जन्मुनभयो

१७ एक प्रकारको फल गुलियो तथा अमिलो फल १८ कम्मर १९ दियालो २० पिडुला २१ मुठी
२२ सपेली जस्तै शरीर २३ रातको समयमा २४ भगवान २५ आउलान २६ जन्म

चलौतमे वियामाइय मेरा ठुली पाण
कारेतुम वियामाइको जन्मुन भयो
चन्द्र र सुरीज होइ सर्क्यालोक[२७]
सर्क्या लोक होइ तारीमण्डल
आइरे पौछ्या[२८] वियामाइरे बादली मण्डल
आइरे पौछ्या वियामाइरे नाउली मण्डल
आइरे पौछ्या वियामाइरे नाउली मण्डल
आइरे पौछ्या वियामाइरे तुलाणीगणा[२९]
देलकी देलठेली[३०] है उसई ठूली पाण
कारेतिर बिसाइ हाल्यो पञ्चघणुली[३१]
कारेतिर[३२] बिसाइ हाल्यो कासीको पट
कारेतिर बसिगया वियानमाइय
दाइनेतिर बिसाइहाल्यो पञ्चघणुली
बाँयातरि बिसाइहाल्यो बासको पट
माझ पाण बसिगया बियानमाइय
छैटीका त रातघेर खैटीपूजा भैछ
खैटीपूजा भैरे गैछ वियामाइ आया
वियामाइरे आइरेगया होरो हालन्ना
हाल तमे वियामाइय निकै होरो हाल
माथजोली हाल्यो होरो बेलको गेणी
चन्नीजोली हाल्यो होरो  चानी चनरामा
हाल तमे वियोमाइय निकै होरो हाल
आँखा जोली हाल्यो हारो परेवा नजर
नाक जोली हाल्यो होरो छुरीको अनार
ओठ जोली हाल्यो होरो बटाऱ्या पिउल

२७ आकाश २८ पुग्नु भयो २९ अन्न फल्ने खेत ३० ढोकाको बिचमा ३१ पाँच ओटा गाग्री ३२  कतातिर

दन्त जोली हाल्यो होरो दाणिमको बीउ
जीव्वा जोली हाल्या होरो सरस्वती वाक्या
चिउडा जोली हाल्यो होरो पिपलको पात
हाल तमे वियोम इय पूरै होरो हाल
टोटलीमा हाल्यो होरो जलेवा टोटली
कुमु जोली हाल्यो होरो चिठाका देवाल[३३]
पिठीमाथि हाल्यो होरो पिठ्यूको भैयालु[३४]
कोखीमुनी हाल्यो होरो कोखीको बालो
छातीमाथि हाल्यो होरो बिवरका गेडा
खाटमुथि हाल्यो होरो सरस्वत्या रानी
हाल तमे वियामाइय पूरै हौो हाल
कन्न जोली हाल्यो होरो कमलीको छाँट
जाङजोली हाल्यो होरो केलाइका रङ छन्
घुडा जोली हाल्यो होरो सुन दियाणा
पिरणीमा हाल्यो होरो दुवा मुङणी
हाल तमे वियोमाइय पूरै होरो हाल
पैतलीमा हाल्यो होरो मौरी पुतली
अङौठीमा हाल्यो होरो सपेलीमुण
कुर्कुच्चीमा हाल्यो होरो कुखरी फुल
खरखर लेख्यो होरो खरखर पढ्यो
हालतमे वियामाइय निकै होरो हाल

३३ ढोका मिलाए जस्ता ३४ भाइ

# परिशिष्ट छ

## अन्नप्रसानको मागल

यो मागल बझाङ जिल्ला सैनपसेला गाविस वडा न. ८ निवासी शिक्षिका बेलुदेवी दौल्यालद्वारा लिखित रूपमा प्राप्त गरी तथा सोही ठाउँ निवासी ४३ वर्षीया धनादेवी दौल्याल र ५१ वर्षीया वीर्मादेवी दौल्यालको मुखबाट सुनेर तयार पारिएको हो ।

कास डाली ठूली पाण बालो जन्म्यो
रूपाडाली ठूली पाण अन्नचखाई[१] भइछ
दुलहरी[२] बालाकी  त केउ थोकु चाइयो
दुलहरी बालाकी  त असरूपी चाँदी
कारे उब्जी गयो असरूपी चाँदी
माल रे उब्जी गयो असरूपी चाँदी
आन तमे बाबा मेरा असरूपी चाँदी
दुलहरी बालाकी त अन्न चखाइ होली
उसई काम उसई काम असरूपी चाँदी
दुलहरी बालाकी त केउथोकु चाइयो
दुलहरी बालाकी त रूपाघेर थाली
कारे उब्जी गयो रूपाघेर थाली
मालरे उब्जी गयो रूपाघेर थाली
दुलहरी बालाकिति अन्नचखाइ भइछ
उसैकाम रूपाघेर थाली चाइयो
बालबाका पैजाले[३] अन्न चखाइ भइछ
जद्देउ[४] जद्देउ पैजा मेरा पाउकी ढोक छ
जिरेइ[५] बाला मानसिकी अजैमरू[६] भएइ
बालका दिदीले अन्न चखाइ अऱ्यो

१ अन्न खुवाउने काम २ दुधे बालक ३ पुफू ४ ढोग सलाम ५  आर्शिवाद ६  दीर्घजीवि

जद्देउ जद्देउ दिदी मेरा पाउकी ढोग्छ
जिरैभौला[७] मानसिकी अजैमरू भएइ
बालाका त वाज्याले अन्न चखाइ अनयो
बालाका त जिजाले अन्न चखाई अनयो
जद्देउ जद्देउ वाज्या मेरा पाउकी ढोक छ
जद्देउ जद्देउ जिजा मेरा पाउकी ढोक छ
जिरेछ वाला मानिसकी अजैमरू भएइ
वालाका त बोवाले अन्न चखाइ अऱ्यो
जद्देउ जद्देउ बाज्या मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरू भएइ,
बालाका त जिजाले[८] अन्न चखाइ अऱ्यो
जद्देउ जद्देउ जिजा मेरा पाउकी ढोक छ
जिरे बाला मानिसकी अजैमरू भएइ,
बालाका त आमाले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ आमा मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरू भएइ,
बालाका त काकाले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ काका मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरू भएइ,
बालाका त नानीले[१०] अन्न चखाइ अऱ्यो,
बालाका त दाजुले अन्न चखाइ अऱ्यो,
बालाका त बौजूले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ नानी मेरा पाउकी ढोक छ
जद्देउ जद्देउ बौजू मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरू भएइ,

७ भाइ ८ बज्यै ९ पिता १० काकी

## परिशिष्ट ज

### चूडाकर्मको मागल

यो मागल बझाङ जिल्ला लेकगाउँ गाविस वडा न. ८ पुजारीकोट बस्ने ६२ वर्षीया लालमतीदेवी पुजाराको मुखबाट सुनेर तयार पारिएको हो ।

दुलहरी बालाकी त केश कटाइ भैछ
दुलहरी बालाकी त केउ थोकु चाइयो,
दुलहरी बालाकी त सुनहाऱ्या[1] कैची
कारे उब्जी गैछ सनहाऱ्या कैची
कारे उब्जी गैछ सनुहाऱ्या कैची
माल न मनेश होली सुनहाऱ्या कैची
कोर उब्जी गैछ सुनहाऱ्या काइयू
माल उब्जी गैछ  रूपाघेर काइयू
आनतमे  बोबाज्यूकी सनुहाऱ्या कैची
दुलहरी बालाकी त केश कटाइ भैछ
उसैकाम उसैकाम  सुनहाऱ्या कैची
दुलहरी बालाकी त केउ थोकु चाइयो,
कारे उब्जी गयो रूपाघेर थाली
माल उब्जी गयो रूपाघेर थाली
आनतमे  बोबा ज्यूकी रूपाघेर थाली
दुलहरी वालाकी त केश कटाइ भइछ
कसु[2] महिना कसुबार केश कटाइ भइछ
असोज महिना शनिवार केश कटाइ भइछ
मेरा तनु इजुज्यूले धार्नी ध्यू घसायो
धार्नी घिउ घसायो केश भुइँमा जनफाल[3]
राख तमे बोवाज्यूकी रूपाथाली राख
बालाका त बाज्याले केश कटाइ अऱ्यो
बालाका त जिजाले केश कटाइ अऱ्यो

१ सुनको हार जस्तो २ कुन

जद्देउ  जद्देउ बाज्या जिजा पाउकी ढोकछ

बालाका त बोबाले केश कटाइ अऱ्यो

बालाका त आमाले केश कटाइ अऱ्यो

जद्देउ  जद्देउ बोबा, आमा पाउकी ढोकछ

बालाका त काकाले केश कटाइ अऱ्यो

बालाका त नानीले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ काका, नानी पाउकी ढोकछ

बालाका त दादाले केश कटाइ अऱ्यो

बालाका त बौजूले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ दादा, बौजू पाउकी ढोकछ

बालाका त पौजूले केश कटाइ अऱ्यो

बालाका त दिदीले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ दिदी, पौजू पाउकी ढोकछ

जिरै बाला  जिरै बाला अजैमरू भएइ

सुनहाऱ्या केश काटी गङ्गामा सेलाइदेउ

तवैहोली गङ्गा जसी[४] मौल[५]

सुनहाऱ्या केश काटी तुलाणी[६] राख

तवैहोली तुल जसी मौल

सुनहाऱ्या केश काटी काक्रया फ्रुल राख

तवैहोली काक्राइ जसी मौल

सुनहाऱ्या केश काटी केली[७] ठाना राख

तवैहोली तवैहोली केली जसी मौल

सुनहाऱ्या केश काटी दुवाणी राख

तवैहोली तवैहोली दुवा जसी मौल

सुनहाऱ्या केश काटी फुलाणी राख

तवैहोली तवैहोली फूल जसी मौल

सुनहाऱ्या केश काटी पीपल छाया राख

तवैहोली तवैहोली पीपल जसी मौल

३ नफाल ४ जस्तै, समान  ५ परिवार ६  अन्न फल्ने खेत ७ केरा

# परिशिष्ट झ

## विवाहको मागल

यस मागललाई बझाङ जिल्ला लेकगाउँ गाविस वडा नं. ३ खोरी निवासी बर्ष ३२ का कृष्णबहादुर बोहराद्वारा हस्तलिखित रूपमा प्राप्त गरी तथा सोही गाविस वडा नं. १ निवासी ८० वर्षीया टसीदेवी बुढाको मुखबाट सुनेर तयार गरिएको हो ।

लङ्का गण[१] राजा घर बेटी जन्मी
त्यो बेटी कसु भण सुदीआई[२]
जेठा भाइय रामचन्द्र, कान्छा लछुमन[३]
माझिल्ला[४] त अर्जुन सुदीआई
बट्याउ बट्याउ[५] जीया मेरा पायाका मोछा[६]
बट्याउ बट्याउ जीया मेरा धन न धरप[७]
मुरे झानो लंका बेटी ब्याउनु
बट्याउ बट्याउ जीया मेरा उरन घाघरी[८]
बट्याउ बट्याउ जीया मेरा टाटुउनो पङालो[९]
बट्याउ बट्याउ जीया मेरा नाख न वेसरी[१०]
बट्याउ बट्याउ जीया मेरा मुन्टा न मनेठी[११]
मुरे झानो मुरे झानो लका वेटी व्याउन
दिझा बाला दिझा बाला दूधणीको[१२] मोल
तब झाउला लंका बेटी ब्याउनु
बेटी वियाइ जीया मेरा धेरे प लैयाउ
तब वेटी नातामाता[१३] धोली
तब तिरू दुधणीको मोल
छुपुकी छुपुकी[१४] पौछी[१५] जन्त वऱ्यात
तनुकी[१६] चाइयो तनुकी चाइयो सुनघेर मट्टी
तनुकी चाइयो तनुकी चाइयो दुवे रे दैचामल[१७]
तनुकी चाइयो तनुकी चाइयो पैयालो[१८]


१ लङ्का भन्ने ठाउँ २ कसका जुरेकी छ ३ लक्ष्मण ४ माहिला ५ तयार पार ६ जुत्ता ७ धन सम्पत्ति ८ गुन्यू चोली ९ पोतेको हारो १० नाकमा लगाउने गहना ११ टाउकोमा लगाउने कपडा १२ दुधको १३ कपडा १४ बिस्तारै १५ आइपुगी १६ तिनीहरूलाई १७ अक्षता १८ पहेलो

छाण[१९] छाण नन्न[२०] मेरा देलीको वथान
मुरे झानो मुरे झानो आफ्नो भराण
मुरे झानो मुरे झानो बत्ती जुवार[२१]
मुरे झानो मुरे झानो स्वामी जुवार
छाण छाण नन्न मेरा देलीको वथान
ओर मट्टी परमट्टी पदमका फूल
माझ मट्टी उदय सुरिज
रोप रोप बाबा मेरा सुनघेरा खुम्बु
नत तिमे नत हिमे आसनैन बस्ता
सनुघेर खुम्बु बाला धनीलडुका हुन्ना ।
हमरा हुन्ना, हमरा हुन्ना केलाइ खुम्बु
रोप रोप बाबा मेरा सुनघेर खुम्बु
हमरा हुन्न महरा हुन्ना ईखुइका[२३] खुम्बु
नत हिमे नत हिमे आसनैन बस्ता
मरा हुन्ना हमरा हुन्ना पैयाइँका खुम्बु
आनआन बोवा मेरा सुनकी सुतली[२४]
सुनकी सुतली बाला धनीलाइका होली
हमरा होली हमरा होली सुनकी सुतली
जोलो न सुपारी समाइ कन्न[२५] बादी हेल
जोलो [२६] न हदेली समाइ कन्न बादी हेल
सुन सुपारी समाइ कन्न बादी हेल
नत कन्या तन कन्या अवियाउ[२८] प रन्छ
पहिली भाउरी रिटी[२९] अझ कन्या माइतैको धोको
दोसरी भाउरी रिटी अझ कन्या इजुइका कोल
तेसरी भाउरी रिटी अझ कन्या गोरूइकी ग्वाली
चौथी भाउरी रिटी अझ कन्या संगीको साथ
पाँचौ भाउरी रिटी अब कन्या स्वामीका साथ

१९ छोड २० नन्द  २१ पुज्नु २२ विचको २३ उँखुका २४ धागो २५ कम्मरमा २६  बाधले काम २७ जोडा
२८ अविवाहित २९ घुम्ने काम (विवाह मण्डपमा)

परिशिष्ट ञ

## बझाङ जिल्लाको नक्सा




संकेत :- थली-नौबिस क्षेत्र

## परिशिष्ट क

### ईश्वर देवताको मागल

यस शोधपत्रको अध्याय ४ मा ईश्वरदेवताको मागलको चर्चा गरि सकिएको छ । सो चर्चाको क्रममा भनिएका कुराहरुको पुष्टि गर्नका लागि यहाँ सो मागलको पूर्ण पाठ प्रस्तुत गरिएको छ । यो मागल बझाङ जिल्ला थली-नौबिस सैनपसेला गाविस बस्ने वर्ष ३२ का कटक बहादुर जप्रेलद्धारा लिखित तथा सोहि गाविस वडा नं. ८ बस्ने ६३ वर्षिया भुजी देवी दौल्यालको मुखबाट तयार पारिएको हो ।

मन्तोलोक[१] ईश्वर देउले[२] जग्यो उठायो[३]
खाजे तमे नरलोक[४] बालाबर्मा[५] खोज
कारे हुन्ना कैसा हुन्ना जोशी ज्यूकी घरी[६]
सुन जलेरी[७] होली रुपातलेरी[८]

झाउन[९] झाउन सुवा चरा निम्तो जगाउनु[१०]
निम्तो जगाइ हिमे दिउली केउरतु[११] पाउँली
चुज[१२] दिउला सुवाचरी सुनले बानी
पुछ पिउला सुवाचरी रुपाले[१३] वानी
उनारी[१४] रात चिपली[१५] बाट कसरी झाउला म
कति नाली सामलकी[१६] कति दिनको बासो[१७]
दश नाली सामलकी बीस दिनको बासो
अनारी रात उजाली होली
चिपलीबाट असखरी[१८] झाली
एकुरे[१९] पाटन हिड्यो दोसरा पाटन
नसीगयो[२०] सुवा चरो निम्तो जगाउनु
वाइरेपर भिटीहाल्यो गोठालो चेलो
होइन गोला चेला मेरा बलु[२१] लेउन
जोशीज्यूका घरी झान्या बाटो जताइ[२२] देउन
भैसी पसन जानु विन्डी[२३] घुमाउन जानु

१ पृथ्वी २ देवता ३ मण्डप ४ मान्छे ५बाहुन ६ घर ७ सुनको गेट ८ चादीको ढोका ९ जाउनु १० दिनु
११ केही फल १२ मुख १३ चाँदी १४ अध्यारो १५ चिप्लो १६ खाने कुरा १७ बास बस्ने काम १८ सुक्न १९ एक
२० गई सक्यो २१ खबर २२ चिनाइ २३ दूघ पस्ने भाँडा

मइक्या जानु जोशीज्यूको बात[२४]

दोसरा पाटन हिड्यो तेसरा पाटन

वाइरेपर भिटीहाल्यो पतारी[२५] चल्यो

पात टिपनु जानु बिटी[२६] बानुन जानु

मइक्या जानु जोशीज्यूकी बात

तेसरा पाटन हिड्यो चौथा पाटन

वाइरे पर भिटी हाल्यो घसारी चेली

होइन घसरी चेली मेरो बलु लेउन

जोशीज्यूका घरी जाने बाटो जताइ देउन

घाँस काटन जानु, पिठी बानुन जानु

मइक्या  जानु जोशीज्यूकी बात

चौथा पाटन हिड्यो पाँचौ पाटन

वाइरेपर भिटि हाल्यो घट्टालो चेलो

घट्टाला चेला मेरो बलु लेउन

जोशीज्यूका चरी झान्या बाटो जताइ देउन ।

घट्ट पिनन जानु धुली पाजन[२७]

मइक्या जानु मइक्या जानु जोशीज्यूकी बात

पचाँउ पाटन हिड्यो, वाइबाट भिटिहाल्यो दौरालो चेलो

होइन, दौरालो चेलो मेरो बलु लेउन

जोशीज्यूका घरी झान्या वाटो जताइ देउन

दाउरा भाँचन जानु बिटी बानुन

मइक्या जानु जोशी ज्यूकी बात

वाइरेपर भिटि हाल्यो ओख्लारी[२८] चेली

होइन,  ओख्लारी चेली मेरो बलु लेउन

जोशीज्यूका घरी झान्या बाटो जताइ देउन

धान कुटनु जानु धान बताउनु जानु

मइक्या जानु जोशीज्यूकी बात

वाइरे पर भिटि हाल्यो पनेरी[२९] चेली

२४ कुरा २५ पात टिप्ने २६ मुठा २७ पुजाउन, राख्नु  २८ धानु कुट्ने २९ पानी भर्ने

होइन पनेरी चेली मेरो बलु लेउन
जोशीज्यूका  घरी झान्या बाटो जताइ देउन
दाइनो[३०] वाटो झाला  सुवा जोशीज्यूकी घरी
बाउँ[३१] बाटो झाला पाउ केदार
नसी गयो  सुवा चणी जोशी ज्यूका घरी
वसी गयो  सुवा चनी बेणवन्नानी[३२]
होइन बामनी जीजा[३३] तिमीहरु बोल
तुमरा त बालावर्मा घर छनकि नाइप[३४]
हमरा त बालावर्मा गङ्गीका तीर
गङ्गीका तीर केउकाम[३५] गया
जपनी जपन्ना, वेदन पठन्ना, स्नान सालना[३६]
कोरेबाटो झाला जिया[३७] गङ्गीका तीर
दाइनोबाट झाला सुवा गङ्गीका तीर
बाँया बाटो झाला सुवा पिपाल चुम्रणी
सुया न विया[३८] छिरन होला
बाया[३९] न धागा तरन होला
नसी गयो सुवा चणो गङ्गीका तीर
पुगी गयो सुवा चणो गङ्गीका तीर
क्यू काम आया गङ्गीका तीर
मन्तोक इश्वर देउले जग्यो उठायो
विन्नतनै[४०] बालावर्मा जग्योइन हुनो
एकेर छै मेरा कास्यान नलीउर
एकुरे छै मेरा भारी पुस्तक
एकुरे छै मेरा मुत्तिया[४१] हारो
एकुरे छै मेरा वेदन खरी
कसरी झाउला तेरा थमुथी मन्तालोक
वेदन खणी हेयाणी[४२] हाल
मुतीया हारो टाटुउनो[४३] हाल

३० दाया ३१ बाया ३२ पर्खालमा ३३ बज्यै ३४ छैन ३५ के कामका लागि ३६ नुहाउने काम ३७ आमा
३८ शियोको प्वालमा धागो छिरे झै ३९ डोरीको कण ४० तपाई बिना ४१ मोटी ४२ हृदय ४३ घाँटी

भारी न पुस्तक झोलीउनी हाल
कास्याउनी नलीउऱ्या जाबीउनी[४४] हाल
चलौततमे बालाबर्मा मेरा मन्तालोक
सुयान बिया छिरना गया
बाल न धागा तरना भया
आइरे गया बालाबर्मा यसुई[४५] मण्डप
का तिमे  बालाबर्मा नाई घोइ व आया
का तिमे बालाबर्मा प्रसिद्धि भया
नाबीका थान नाइ धोइ आइयाउ
शी देउका थान झाइशीर पछि आइयाउ
पदमका थान झाइ प्रसिछ भइयाउ
का तुमे धनेर्नाकी[४६] नाइ धोइ आया
का तिमे शीर पुछी आया
का तिमे पुजाराकी प्रसद्धी भा[४७]
नावीका थान नाइ घोइ प आइयाऊ
शीर देउका थान शी पछि आइयाउ
का तिमे निबकाजी[४८] नाइ घोइय आइयाउ
नावीका थान नाइघोइ प आयाऔं
शीर देउका थान शीर पुछि आयाऔं
पदका थान झाइ प्रसुद्धि भयाऔं

४४ जोगीले समाउने झोला ४५ यस ४६ देउकी ४७ भएर  ४८ गाउँका मुख्य मान्छे

## परिशिष्ट ख

बाठपाला देवताको मागल

यस शोधपत्रको अध्याय ४ मा बाठपाला देवताको मागलको चर्चा गरिएको भइसकेको छ । सो चर्चाका क्रममा लेखिएका कुराहरुको थप पुष्टिका लागि यहा सो मागलको पूर्णपाठ प्रस्तुत गरिएको छ । यो मागल बझाङ जिल्ला सैनपसेला ६ तल्देन पुर्ख्यौली घर भई हाल डडेल्धुरा जोगबुडा तातोपानी बस्ने बर्ष ६८ का मान बहादुर सिंह 'पहाडी' द्वारा रुपमा प्राप्त गरी तथा बझाङ जिल्ला सैनपसेला निवासी ४० बर्षिया जसुदेवी थापाका मुखबाट तयार पारिएको छ ।

माल जनम्यादेवी, परबत आया
परबत आयादेवी बैसेकु[१] भयो
बैसेकु भयो देवी हेरो फेरो च्वायो[२]
डिड[३] राख्यो थली ज्यूलो[४] भिटा[५] राख्यो कुलो
अव देवी पैरन लाग्या कमलैको फूल
एक फूल फुल्यो, दुई फूल फुल्या
दुई फूल फुल्या तीन फूल फुल्या
चार फूल फुल्या, पाँच फूल फुल्या
अब देवी माता, रजरैप[६] गया
तीन मास[७] बाठपाला, गर्भ सिटी गया
तब देवी दुरुगा[८] सरदुँ[९] लाग्या
पाँच मास बापठपाला, पंच कल्ल्यानी
आठमास बाठपाला भुई झडी गाया
कसुका सुबर बाठे, कैकोखी जाया[१०]
महालिङ्ग बुबा बाठे, दुर्गाकोखी जाया
जाया जाया, चिता भलु[११] जाया
सुनका भौराणा[१२] फोडी मन्ता लोक आया
मन्ता लोक आइ गासाई, हेरो फेऱ्यो च्यायो
हेरो फेरो च्वावी गोसाई, बैसुक भयो

१ बस्ने काम २ नजर लगायो ३ तल तिर ४ खेत भएका ठाउँ ५ माथि तिर ६ गर्भ ७ महिना ८ दुर्गा ९ गर्भका लक्षण पूर्ण रुपमा देखिने १० जन्मिए ११ भलो होस् भन्ने भावना १२ गेट

बैसेकु भयो मोसाई, धर्ती, गैट्यो[१३] किला
धरतीको गैट्यो किलो मने रक्षा पाल
होचिया  दैत्यकि  खन्नी कोदाल[१४]
अब भया बाठपाला, थाङणी वाला
थाङणी वाला गोसाई, वरकना[१५] भया
वरकना भया गोसाई, फरकना भया
भया गोसाइ बाठपाला हिलो मलना
हिलो मलना गोसाई धुलो खेलना
भया गोसाइ बाठपाला गाईका ग्वाला
गाईका ग्वाला गोसाई बेजो[१६] खेलना
बेजो खेलना गोसाई बेजो मारमा
बेजो मारना गोसाई बागुबोलना[१७]
भया गोसाई बाठपाला भैसी गोठाला
भैसी गोठाला गोसाई  खाणो[१८] खेलना
खाणो खेलना गोसाई खाणो मारना
अब भया वाठपाला सुवला तरना
अव लाग्यो  बाठपाला चौकाको[१९] धोको
इन्द्राबन वृन्दावन चोको चिठौना[२०]
नगरका ग्वाला संग ढुङ्गी बोकाउना
ढुङ्गी बोकन्या माथ बाउली[२१] दिना
ढुङ्गी नबोकन्या चपाकी[२२] लाउना
रतन कामली विछाई आफू बैठीरना
रतन कामली विछाई आफू बैठीरना
नगरका ग्वाला त्यति वया दुवला
नगरकी बुढीया सोधन लागि
की तिमी ग्वालाका गोरू हराया
की तिमी ग्वालाका बन्ताडी[२३] लाग्यो
किरे नितमी गला खरी[२४] भोकु लागी

१३ गढ्नु १४ दुख दिने काम  १५ अलिकति सर्ने १६ डण्डीबियो १७ बाबुको छोरा हु भन्ने धाक
१८ तरवारद्धारा खेलिने खेल गर्भ १९ चौताराका महिना २० चिनाउने काम २१ स्याबासी दिने
२२ थप्पड २३ बनमा लाग्ने रोग  २४ धेरै

किरे नितमी ग्वालाको दैत्य  लाग्यो
नै हामी  ग्वालाका गौरू हराया
नै हामी ग्वाल खरी भोक् लागी
नै हामी ग्वाला  बन्ताडो  लाग्यो
नै हामी ग्वाला कोई दैत्य लाग्यो
तमरो सबलो बाठे ढुङ्गी बोकाउनो
ढुङ्गी नबोकन्या माथ बाउली दिनो
ढुङ्गी नबोक्या चापकी लाउनो
रतनी कामली बिछाई आफूल बैठी रनो
भोल तिमी ग्वाला घर बसी राख
भोलका गोरू मै हेरी दिउला
अब बोलिन् बुढिया बाठपाला देखि
तँ बूढो बाठे ग्वालाको राजा
त्यतीको सुवलों बाठे सीजो[२५] न्यूराइ[२६] लैजा
नगरकी बुढयाले बचन दियो
नगरकी बुढीयाका बचन लाग्या छाती
अब लाग्यो बाठपाला  माण्डौको[२७] धोको
सैन पसेला भटीमा कटायो
ल्वाडा लैकगाँउ डाडी छेकायो
चवान, कडायत चिङरा खटायो
खतेडा मदन जोशी कटेणो कटायो
काणा गाई बटोला सङग धुरी ढलायो
सोल दिन माघ मण्डो छयायो
छै छायो माण्डो छिपी लायो गेरू
सोल दैत्य चलि आया कै बटी हेरू
कहाँ बैठ्यो लुवाडी  कहाँ धामपि गाउँ
यसु गाउँकी धमेनीको क्याहो  नाउँ
तली बैठ्यो लुवाडो माथी धामी गाउँ

२५ सिंजा भन्ने ठाउ २६ जितेर २७ मन्दिरको

युसु गाउँकी धमेनीको बीर्मामति नाउँ
लेक गाउँ लुवाडा  पानीका छाया
बिर्मा धमेनी तिमी चोखा निम्ता रह्या
कुणैं पुजारी कोट गौतको सेज[२८]
बीर्मा धमेनी तिमी मेरो बोलु लेउन
मै सिजा जान्छु दियो बाली देउन
बाँसका साँझ दियो बाली दियो
भोल[२९] प्रभात पाठ बसि दियो
पाठ बसि दुरुगा सत्य खार काट
जीया ज्यू दुरुगा देवी एक बिन्ती लेउन
मै सिजा जान्छु दिन हेरी देउन
बुध र बिफैको[३०] जनम वार
आइत बारका साइत सार
बासीका दूधले लुकुणा[३१] भिजायो
सगौता[३२] दूधले लुकुणा सुजायो
सुजायो लुकुणा  चिन्डीको फूल
यतिको सकुनो बाठे सीजो आयो हात
जीया ज्यू दुरुगा देवी उक बिन्ती देउन
मै सिजा जान्छु चिउणी कुटी बेजन
कुटेछ चिउणी रुपाको[३३] प्वाँख
यतकिो सकुलो बाठे सिजो आयो हात
जिया ज्यू दुर्गा देबी एक बिन्ती लेउन
मै सिजा जान्छु लडुवा बाटी देउन
बाटेछ लडुवा बेलको गेडो
जिया ज्यू दुर्गा देबी एक बिन्ती लेउन
मै सिज जान्छु  ज्यूनार साली देउन
साल्यो छ ज्यूनार साली देउन
साल्यो छ ज्यूनार सपुर भुटे साग

२८ औछ्यान २९ भोलि ३० बिहीबार ३१ चामलकाबाट बनेको खाने कुरा ३२ ताजा ३३ मौरी

सपुरको[३४] साग कपुरको[३५] बास

जिया ज्यू दुरूगा देबी एक बिन्ती लेउन

मै सिजा जान्छु तिलकु लगाई देउन

लगायो तिलकु दहीचावल बिन्दु

उडगड्या बाठपाला पूर्णिमा चन्द्र

धौली ठामर[३६] ध्याडो[३७] रातो पाखर

राती पाखरमा मै सेतो बाठे

जीया ज्यू दुरुगा देवी एक बिन्ती लेउन

मै सिजा जान्छु ध्यडो परलाई देउन

क्यौंको छ ध्याडो बाठे केको छ पर्सानी

अकुल गोकुलको[३८] ध्याडो लायो

श्री खण्ड चाननकी पर्सानी[३९] च्वायो

आफु साइत सारन बजी बणाई

घोडो साइत सारना धरती कम्याई

थली है बाठपाला चलुमलु खयो

तम्तोली पुगी गीसाई बैसेक भयो

तम्तोली भगुजोशी घरछौकि नाई

क्या आदेश हुँन्छ घरै छु गोसाई

मै सिजा जानो दिन हेरी देउ

हाल्यो छ घुलौंटो उफऱ्यो पाती

आज भोली बाठपाला दिनु लैन आछी

तुक्या जान कुहेढाँट दिनैकी बात

बिना हेराउनर्का जोशी न साछी

बाठलीको हरेरौदा धुलौटा राख्यो

फेरी हाल्यो धुलौटो फेरी हाल्यो पाती

बुध र बिफैको जनम बार

आइत बारका साईत सार

दिन भयो दियो मंगल बुध राती

३४ धुप सल्काउने बातो ३५ घिउ ३६ घोडा माथि राख्ने करेली ३७ घोडाको पिठ्युमा राख्ने सामान ३८ धुप
३९ प्रसाद

ताहे बाठपाला चलुमलु खया
डाडा माउँजोर बैसेकु भयो
महालिङ्ग बाबा एक बिन्ती लेउन
मै सिजा जान्छु माथ बालउी दउन
दियो छ माथबाली जियाको भिच
ताह्रै बाठपालाचलु भुल खयो
बान्नी मष्टा माण्डौ गै बसेकु भयो
मष्टा ज्यू एक बिन्ती लेउन
मै सिजा जान्छु परख्या[४०] लाई  देउन
परख्या किन लाउला आफै पाया जाउला
बाला भानिज साग दहीमात्र खाउला
ताहै[४१] बाठापाल चलुभलु लियो
बझाङ कोट गै बैसेकु भयो
बझाडी विष्णुपति मेरो  बोलु लेउन
मै सिजा जान्छु भात बाखो देउन
भात बाखो हामी दिउला क्यो वर पाउला
 नौरे गढको छन्ने बोलउला
ताहै बाठपाला चुलभलु लाया
झ्टेडा गई गासाई बैसेकु भयो
झुटेडी बुढथापा मेरो बोलु  लउेन
मे सिजा जान्छु भातबाखो देउन
भातबाखो हामी दिउला क्यो वर पाउः
 नोरे गडको लौंड बोलाउला
ताहे बाठपाला चलुमलु लियो
परिडाल गै गोसाई बैसेकु भया
सुडाला परिडाली  मेरो बोलु लेउन
 यसु घाट  यसु नदी तारु लाई दउन
तारु हामी लाउली  गोसाई क्यो बर पाउली

४० संगै हिड्ने मान्छे (साथी) ४१ त्यहाबाट

खुङाला परिङला पकैलो लाउला
क्यौको छ लडी जेउडी क्यौको छ तार
बाबीयाको लडी जेउडी घोडीयाकी तार
माझ मिना लवाजौडी लुसुक्क पारी
नै रज्या रजवली ने रूज्या पाउ
धन्य गोसाई बाठपाला तिमी बडो  राउ
ताहै बाठपाला चुलभलु लिया
छात्रा बासकाटुटे भै नसेकु भयो
बाँस काटुया कारोकाय मेरो बोलु लेउन
मै सिजा वान्छु भात बाखो  दऊन
भात बाखो हामी दिउलाक्यो वर पाउला
बास काट्टे मितरी मण्डाी चिठाउला
बाँस काटुटे भितरी पैकोलो लाउला
ताहे बाठपाला चुलभुल खयो
मोत्वा[४२] नगरी गै बैसेकु भयों
मोत्वा नगरी सिंह मेरो बोलु लेउःन
मै सिजा जान्छु भाबाखो देउन
बाखो हामी दिउला क्यो वर पाउला
मोत्वा नरीमा पैकेलो पाउला
ताहे बाठपाला चुभुल लियो
तुणतुणे पानी गै बसेकु भयो
बैसेकु भयो गोसाई हेरोकेकरो च्वायो
बाह्रै भारी लाडुचिउरी फाकी ओरायो[४३]
असीमनको लवागुर्ज बाऊली फेरायो
फेरायो लवागुज निस्कयो[४४] पानी
तुण तुणे पानी ज्यूनारु साल्यो
ताहै बाठपाला चुलभुल खयों
चौखटुटे लेकगइ गोसाइ बैसुक भयो

४२ बझाङ जिल्लाको एक ४३ मुखमा राख्यो ४४ निकाल्यो

बैसकु भयो गोसाइृ हरोफरो  च्वयो

हेराफेरो च्वायो गोसाइ  फरोफेरा चवयायो

ताहै आपाला चुलमुल खयो

परम्या लेक गै बसेकु भया

बैसेकु भयो गासाई चौको चिठायो

चौको चिठायो ज्यूनारू साल्यो

भला भला दैत्य हामीसँग लाग जसा तसा दैत्य घरफर्की जाओ

तापर[४५] भेटयो बटौन्या[४६] चेलो

बटौन्या चेला मेरो बालु लेऊन

तेरा सीजा जाने बाटो बताई दऊन

ही किन[४७] लाई गोसाई ढेढ वरीषा

तिमी कित गासाई लाइृ ाडढौ वेग

तापर भेट्यो गोठालो चेलो

गोठाला चेला मेरा बोलु लेउल

आजकी छ्रास हामी खान देउन

आजकी छ्राम सिजा महाराजा

अब तेरा सीजाकी सचु भिचु राखु

खुडकि[४८] थोरी रुख उफाल्यो

बनकी भेसी भीर कोट्यार्‍यो

गोठाला चेला ठाडै कसायौं

तापर भेट्यो खोल्यारी चेली

खौखल्यारी चेली मेरो बोलु लउउन

आजको तेल हाम्रो  ज्यूनार

आजको तेल सिजा महराज

अब तेरा सीजाकी सचु भलु राखु

औंखल्यारी चेली कम्पननखायों

सीजाका लामा घडा कोंरे दैत्य लाग्यों

चलन्या धामी चलाऊन लाग्या

४५ त्यही पर ४६ बटुवा ४७ लाई ४८ खुडमा बाँधेकी

हेरन्या बह्मा हेराउन लाग्या
चलन्या धार्मा थम्मन लाथयो
हे।न्या ब्रम्मा कों हात रौकीयों
हेरन्या ब्रम्हमा कों  हात रो.कीयौ.(
दैत्य सैत्या कौं हाइ  म ब बबूढो बाठड
यतीको सवालृा बाठे, सिजो. आयां हात
सुन गोंसाई बाठपाला मेरो बोलु लेऊन
सुन रुपमा बन उला कम्प थामी देउन
एक पाखों तिम्रो सुनले छापुला
तँ पापी छऱ्याको[४९] दण्डैन भक्तो[५०]
मेरा इजुकी  परब[५१]  आउनु पडला
तमरा  इजुकी परब कब पडन्छ
सोल दिन माघ कुणीछैया[५२] होली
सोल दिन फागुन साइस  चललो
बीस दिन भदौ बीर्सती होली
मेरो इजुका परब यतिनै हुन्ना
छास खान माग्दा दही खान दियो
दही खान माग्दा  दही खान दियो
दूध खान माग्दा घिउ खान दियो
सबलो वुढो बाठे फर्की आइप गयो
भीरकी  भैसीली सैन ओराल्यो
रुखकी थोर्रा खुणा कोट्यायो
गोठाला चेला फुकाई  दियो
पतारा चेला फुकाई  दियो
ओखल्यारी चेलीको थम्मन खोल्यो
बुवाकि ल्यायो चढन्या घोडो
इजुकी  ल्यायो सुन घुमटी
आफुलाई ल्यायो शंख, डमरु

४९ तल्लो दर्जाको ५० दिदैन ५१ मेला ५२ एक प्रकारको रुख काटेर लाकुरी लाउने मेला

आफुलाई ल्यायो सुन अवाडो
थलीका ज्यूला घोडो हाल्यो धाप
साचो पुतु बोलाई महालिङ्ग बाबा
लोगन  लस्कर ल्याई सिजा महाराज
इजुकी परब आया सिजा महाराज
एकएकै पत्थरले खुट्कुणी[५३] चिठायो
जुमलाका नरलोक थली पौचायो[५४]

५३ सिढी ५४ पुऱ्यायो

## परिशिष्ट ग

## महालिङ्ग देवताको मागल

यस शोधपत्रको अध्याय ४.४४ मा महालिङ्ग देवताको मागलको चर्चा गरिसकिएको छ र सो चर्चाका क्रममा भनिएका कुराहरुको पृष्टि गर्नाका लागि यहाँ सो मागलको पूणृ पाठ प्रस्तुत गरिएको छ । यो माफल बझाङ्ग जिल्ला लेकगाउँ गा.वि.स. बस्ने वर्ष ३घ का हृदय पुजाराद्धारा लिखित रुपमा र ऐ बझाङ्ग थली नौविस सैनपसेला गा.वि.स. वार्ड नं. ८ वस्ने वर्ष ६३ का श्रीमति भुजीदेवी दौल्यानवल र सोही ठाउँ वस्ने वर्ष ४८ का मनलाल दौल्यालको मुखबाँ उपलब्ध भएको हो । ।

हिउका हिमा जल पानीका छाया
सातैइ भाइस महालिङ्ग उथपन्त[१] भया
उथपन्न भया मानारया गया
मानारया गया सुन गुफा बस्या
सुनु गुफ बस्या सुन दिया बाल्यो
छयई दिया छयई दयिा निरपन्त[२] भया (निभ्यो)
ऐ दयिो एके दयिा भर्भरती[३] भयो
छयई भाइ महालिङ्ग दानवले खायो
एक्लै भाइ महालिङ्ग ओलाना डोलाना[४]
अबलागयो महालिङ्ग जोगी हुन्या धोका
कति हात गजिनाका[५] झोलियाया छेकायो
कति धन्नी ल्वाखरको चिम्टा सजायो
कति स्वाणा[६] सपुरकी[७] भगवा[८] रंगायो
दशहात गजिनाकी झोलिया[९] सिलायो
दशैं धान्नी ल्वाखरको चिम्टा सजायो
सोह्र स्वाणा सपुरकी भगवा रङ्गायो
माथ पैरउः महालिङ्ग बगैकका[१०] टोपी
चाँद[११] पैरउ महालिङ्ग धुगतटीकी[१२]
टाटु[१३] पैरउ महालिङ्ग रुद्रक्षमाला

१ उत्पन्न २ निभ्नु ३ राम्रोसंग जल्नु ४ डुल्दै ५ एक किसिमको कपडा ६ कपडाको इकाई ७ एक किसिमको कपडा ८ जोगीले लगाउने कमीज ९ झोला १० बाघको छाला ११ निधार १२ खरानी १३ घाटी

लोल[१४] पैरउ महालिङ्ग मातीमटेङ्गा[१५]

लोल पैरउ महालिङ्ग रुद्रक्षमाला

कुना पैरउ महालिङ्ग अभ्रुत चिन्नी[१६]

कुम पैरऊ महालिङ्ग झोली न थैली

बाउली[१७] समाउ महालिङ्ग ल्वाखर चिम्टा

गाथ[१८] पैरउ महालिङ्ग बगैको बाग

जाङ[१९] पैरउ महालिङ्ग बगैको राग

हात समाऊ महालिङ्ग बगैका मोचा

अवलाग्यो महालिङ्ग आलङालौणी[२०]

पाया[२१] पैरउ महालिङ्ग जोगी हुनया धोका

माथीबाट गैरे गया महालिङ्ग देउ

बाटकी अघौलीबाट[२२] भिटु भइरे गैछ

भिटु भली भैरे गइछ सोधा भेटी[२३] भइछ

कारे झाना कारे झाना महालिङ्ग देउ

कारे झान कारे झफना मष्टालिङ्ग देउ

ज्याइ खोज्न झानो महालिङ्ग देउ

बरु[२४] रे खोज्न झानो महालिङ्ग देउ

सोल वैनी दुरुगाकी हाम्रा घर छन् रे

मालका डाणा झाइ धुइ बाली[२५] बस

मालमुनि झाना अलक जगाया[२६]

सोल वैनी दुरुगाकी चौभेडा[२७] खेलनी

मालका डाणा धुई बाली बस्या

हेर हेर सोल बैनी जोगी धाकडो आयो

तमे[२८] हमे[२९] जोगी धाकडा जुव पासा खेलौं.

जुवापासा खेलौली त क्याको बार्जा थापौ.

तमे जुवा जितौला त ममराई पैल झाउली[३०]

हामी जुवा जितौंली त कौड्या[३१] बनाउली

एकातिर बसिरया सोल बैनी दुरुगा

१४ कान १५ कान लगाउने एक किसिमको गहना १६ कुममा लगाउने एक डोरी १७ हात १८ शरीर १९ जाग्रा
२० जोगीले समाउने एक डण्डा २१ खुट्टा २२ अपरझट २३ सोधपुक्ष २४ कन्या २५ धुन जगाएर २६ बीउझाउन
२७ सयल २८ तपाई २९ हामी ३० विवाह गरैली ३१ नोकर

एकातिर बसिगाये पभर्थतयो[३२] जोगी

एक वाचय दुई वाच त्री वाच बोल

जो वाच्य टलाउला[३३] सोक नकृ पण[३४]

हान कहात सोल बैनी तमई बढी[३५] हान

पहिलु[३६] ढालनी ढाल्यो कन हान्यो जित्या्

पहले ढालनी ढालयो जगेलीलैन जित्यो

दोसरी ढालनी ढाल्या् कन हाऱ्यो जित्यो

तेसरी ढालनी ढाल्यो कन हाऱ्यो जित्यो

चौथी ढालनी ढाल्यो कन  हाऱ्यो जित्यो

चौथी ढालनी ढाल्यो जोगीलैले जितया

पाँचौ ढालनी ढाल्यो जोगीलैले जित्या

सोल बैनी दुरुगाले गूयलो[३८] मृत्यु छोड्यो[४०]

अव भ्याएँ[४१] दिदी मेरी जोगकी जोग्यानी[४२]

तमु दिदी गुरुवाको भलो जन होउ[४३]

कान्सी वैनाी लखमाले महालिङ्ग चिन्यो

जोगी सोगी होइन महालिङ्ग देउ

अब जोगी भेष छोडेर सन्यासीका लुगाा फुकाल्छनु र महालिङ्गले आफ्नो रुप देखाउँछन्  (लय परिर्वतन हुन्छ) ।

वगैको[४४] टोपी भुइपर[४५] राख छोड गोसाई आफ्नो रुप

वगेको टोपी भुइपर राख्यो देख्या सनुोलो माथ

धुगुत टिंकी[४६] भुइपर राख छोड गोसाई आफ्नो रुप

धुगुत टिकी भुइपर राख्यो देखिया सुनौलो चाँद

रुद्रक्षमाला भुइपर राख छोड गोसाई आफ्नो रुप

रुद्रक्षमाला भुइपर राख्यो देखियो सुनौलो टाटु

माटी मटेङग्रा[४७] भुइपर राख छोड गोसाई आफ्नो रुप

माटी मटेङग्रा भुइपर राख्योदेखियो सुनौलो लोल[४८]

अभरुत चिन्नी भुइपर राख्यो  देखियो सुनौलो कुना

अभरुत चिन्नी भुइपर राख छोड देखियो सुनौलो आफ्नो रुप

३२ पहाडी ३३  उंलघन गर्ला ३४  नरक जाओस  ३५ पहिले ३६ शुरुवाट ३८ गहन  ३९  विचार
४० सोच्यो भयो ४२ योगीनी ४३ राम्रो नहोस् ४४ बाधको  ४५ भुईमा  ४६ खरानी टिका
४७ कानमा लगाउने गहना  ४८ कान

भोलि न थैलाा भूइपर राख छोड गासाई आफ्नो रुप
भोलि न थैलाा भूइपर राख्या देखियो सुनौलो कुम
ल्वाखरे चिम्टा भूइपर राख छोड गोसाई आफ्नो रुप
ल्वाखरे चिम्टा भूइपर राख्यो देखियो सुनौलो बाउली
बगैको बाग भूइपर राख छोड गोसाई आफ्नो रुप
बगैको राग भूइपर राख्यो देखियो सुनौलो गाथ
बगैको राग भूइपर राख छोड गोसाई आफ्नो रुप
बगैको राग भूइपर राख छोड देखियो सुनौलो जाँच
बगैको मोचा भूइपर राख छोड गोसाई आफ्नो रुप
बगैको मोचा भूइपर राख्यो देखियो सुनौलो पाँऊ
आलङ्गा लौरी भूइपर राख छोड गोसाई आफ्नो रुप
हिड हिड सोल बैनी परभत[४९] झाउँ
मालको दस्तुर[५०] क्यारोतु[५१] लैझाउ[५२]
सयधान माभलको को होला जेठो
सयधान माभलका[५३] सालीधान जेठो
सयधान माझको पराल पुलो जेठो
वृक्ष माझको को होला जेठो
वृक्ष माझको को पागरु जेठो
सवै अन्न माफको को होला जेठो
सवै अन्न माफको जौं अन्न जेठो
टिप्यो छ पागर गेणी छ[५४] हाल्यो गोजली
चुडिहेल्यो परालपुलो हाल्यो गोजली[५५]
चुडिहल्यौ जौ बाली हाल्यो गोजली
मालका डाणा है गौसाई चुल वलु भयो
पारि मण्डी झाई गोसाई चुल वलु भयो
बैसेगु भयो हेरो फेरो च्वायो
पारि मण्डी झाई गोसाई बैसेक भयो
बैसेगु भयो हेरा फेरो च्वायो

४९ पहाड ५० नमूना ५१ नयाँ ५२ लिएर जाउ ५३ मध्यको (बिचको) ५४ दाना ५५ खल्ती

यहाँ मुणेघाटका तारु लगाई देउन
तारु लगाई हामी दिउँली क्या वरु पाउँली
यही गुणघाटको दान भराउला
के को छ लणा[५६] जेउणी के को छ तार[५७]
बाबियको लरि जेउली मुडियाको तार
माझमिना लुवालौणी लसुक्कै वारि
नै रुफ्या खथवाला[५८] नै रे रुफ्भया पाऊ
धान गोसाई महालिङ्गभया पाऊ
धान गोसाई महालिङ्ग तै बडो ह्याउ[५९]
वारि मण्डी आइ्र गासाई बैसकु भयो
दोकान लगायो गोसाई बञ्ज ढलायो
वारि मण्डीबाट चुलवुल भयो
हात्ती ढुङ्गाबाट गोसाइ्र चुलवुल भयो
गरउनीगाण आइ्र बसेके भयो
गरउनी गाणका चिपला लोणा
चिपला लोडा वोकायो घोणा
रगाउनी गाण है चलुवुल भया् कल्याणी खोला वैसकु भयो
माणु लगायो भण्ट चढायो
क्यानी खोला हे चलुवलु भयो
अमल्लके झाड्र बसेकु भयो
अमल्लेकी साद मेरो बुलउेउन
पर्वत झानो छुरे बाटो जताई दृेन
बाटो जतार्य हामी दिउली क्याउ रोतु पाउली
अमल्लेर्का साउद पइकेलो[६१] लाउँला
अमल्लेकबाट चुवलु भयो
रम सुल्ला आई बैसेकु भयो
भोक भोकाया पानी तिसाया
हान्यो लवागुर्जो नक्सायो[६२] पानी

५६ डोरी ५७ टने साधन ५८ खराउ ५९ साहस ६० व्यापारको शुरुवाट गरियो ६१ पहलवान (बलियो मान्छे)
६२ निस्कयो

खाव[६३] खाव लोक मेरा धाव पानि खाव

वारमाना लवा चिउणी[६४] फाँकी[६५] सुइरायो

रम्सुल्ला पानी है चलुवलु भयो

तेल्याका क आई बैसकु भयो

फुकायो केश हेर हेर लोग मेरा डोटीका देश

तेल्याका लेक है चलुवलु भयो

पिका माणु आई वैसेकु भयो

हिमाली हलायो हमाली  खेलायो

पिको माणु है चलुवलु भयो

तिन्मणी नाउ आई बसैकु भयो

बैसेगु भयो गोसाई  हेरोफेरा च्वाया

तिन्मणी नाउ घाणा चढायो

तिन्मणीबाट चलुवलु भयो

तिलाणी बगढा बैसके भाुये

तिलाणी बगड तिल्यो दैत्य मायो

मष्टाकी माणु आई बसेकु भयो

ज्यूनारी साल्यो[६६] चलवुल भयो

लोण्या ओघार आई बैसेकु भयो

लोण्या ओष्ढार लोण्या दैत्स य मायो

फणिल्या पण आई बैसेगु भयो

फणिल्या पण आई बैसेगु भयो

फिणल्य आई पहण फुटायो

देउरा बगडा आई बैसेकु भयो

देउरा बगड देउरो लयालगायो

बड्डी ज्यावन है बैसेकु भयो

बार देउ ज्यावन ती साथ लाग्या

मराणको चौर बैसेकु भयो ।

हान्यो लवागुर्ज[६८] नक्सायी [६९] पानी

६३ खाउ ६४ फलामका चिउरा ६५ फाँक बनाएर खायो ६६ खायो ६७ एउटा  बझाङको हिमाली क्षेत्रको ठाउ
६८  लुवाको त्रिशुल ६९ निकाल्यो

दश नाली लाडुचिउरा फाकी ओइरायो[७०] ।
ताहोइ तनु[७१] देवीदेउको चलुबल भयो
बेन्देली झाट[७२] द्धि 'छि' बलियो
ताहोइ तनु देवी देउकी चलबल भयो
कटपातया लेक होइ बैसेकु भयो
कटपात्यालेक होइ फकायो केश
हेर ! हेर ! दिदि मेरा सैनको देश
ताहोइ तुन देवी देउको चलुबलु भयो
मुङग्राका पानी बैसकु भयो, मुङग्राा चिठायो[७३]
ताहोइ तन्नु देवी देउको चलुबुल भयो
सैन ठूला घर बैसेकु भयो,
होइन कडायाती आमा मेरो भलु लेउनु[७४]
पाण छ ढुटा हार्डा खपेटी
गोठ छ मेरा थाणी गवल[७६]
चारै कुना चारे दिशा लियपी घसी देउन
दिाया पनि बार्ला देउन
ढुटा कोखीका चमाल फर्क्या
कोरखीका चामल फर्क्या
हाडी खपेटीका ताउली फर्कि
थाणी गावल धिनाली[७७] भई
अव रस्या लाग्या
तोहोइ तनु देवी देउको चलुबलु भयो
थलीका थान बैसेकु भयो ।

७० खायो ७१ तिनी ७२ उज्योलो हुने बेला, समय ७३ दात मिलेका जस्ता धारा बनायो ७४ भलो गरन ७५ खान देउ ७६ बाझो गाई ७७ दुध दिने

# परिशिष्ट घ

## राजा गोपीचन्नको  मागल

यस शोधपत्रको अध्याय ४ मा राजा गोपीचन्नको मागल बारेमा चर्चा गरि सकिएको छ। सो चर्चाको क्रमा  भनिएका  कुराहरुको थप पुष्टिका लागि  यहा  सो मागलको  पूर्ण पाठ प्रस्तुत गरिएको छ।  यो मागल  बझाङ जिल्ला दहबगर गाविस गोइचन बस्ने  वर्ष ३१ का जय बहादुर बोहराद्धारा हस्तलिखित तथा  सैनपसेला गाविस १ बस्ने  ५७ वर्षिया धौलीदेवी रौकायाको उपलब्ध भएको हो।

अजुध्यायका[१] कोटुकाणा[२] गोपीचन्न राजा जन्म्या
कैसा[३] जन्म्या गोपीचन्न
झाउन  झाउन जोली चेला जोशीज्यूका घर
फाग[४] बान चाम्ल्या[५] मानु
एकाखल्टी[६] हाली हेल्यो केलाको कोसो
एकाखल्टी हाली हेल्यो चचालमको मानु
घाउना घिउना[७] नसीगया जोली चेला
नसीगया जोशीज्यूकी दिनहेरी देउन
पहिलो पर्सन  हाल्यो  मार्थेव[८] ढुल्कायो[९]
दोस्रो पर्सन  हाल्यो  मार्थेव ढुल्कायो
तेश्रो पर्सन  हाल्यो  मार्थेव ढुल्कायो
चोथो पर्सन हाल्यो  मार्थेव ढुल्कायो
पाँचौ पर्सन हाल्यो मार्थेव ढुल्कायो
अन्नको अनिलो गोपी धनको  धनिलो
धाकको धकिाले गोपी  तपको तपिलो
वाह वर्ष गोपीचन्न जोगी होरो पऱ्यो
घाउना घिउाना जोली चेला घर फर्कि गया
एक वर्ष पाल्याको गोपी दुई वर्षको जसो
दुई वर्ष पाल्याको गोपी चार वर्षको जसो
चार वर्ष पाल्याको गोपी छ वर्षको जसो

१ पवि ठाउँको नाम २ दरबार ३ कस्ता ४ कुटिरा ५ चामलको ६ एउटा खल्ती ७ खोज्दा खोज्दै  ८ टाउको
९ हल्लायो

छ वर्ष पाल्याको गोपी आठ वर्षको जसो
आठ वर्ष पाल्याको गोपी दश वर्षको जसो
दश वर्ष पाल्याको गोपी बाह्र वर्षको जसो
केला रानी बेला रानी बिहा अऱ्यो
बाह्र वर्ष गोपीचन्न जोगी होरा पऱ्यो
देउरानी जेठानी मेरा जुठा भाँडा आन
नाराङ्ग्याकी[१०] माण्डजीमा[११] गुरुज्यू बस्याका
नाराङ्ग्याकी माण्डजीमा भक्तै मान्या स्वाइलो[१२]
होइनु बाबा गोपी चन्द तुक्यालाग्यो धानु
बाह्र वर्ष बावा मेरा जोगी होरा पऱ्यो,
नाराङ्ग्याकी माण्डजीमा भक्तै मान्या स्वाइलो
मुरे झानाने बुवा मेरा नारङग्याका माणु[१३]
होइन बुवा गोपीचन्न क्या लाग्यो  धानु[१४]
मेरो पऱ्यो बुवा गोजी हुन्या होरा
नसी गयो गोपीचन्न  जोगीकी जमात
जोगीकी जमात गयो झोली न मखेली पैऱ्यो
वल्ली देली पल्ली देली  "अलोग" जगाइहेल्यो

१० नाङ्गै जोगीको  ११ कुटीमा १२ सुहाएको १३ मन्दिर १४ मतलव (कसैको बारेमा जानकारी लिने काम)

## परिशिष्ट ङ

## छैट तथा खैटीपूजाको मागल

यस शोधपत्रको अध्यया ४ मा छैट तथा खैटीपूजाको मागलका बारेमा चर्चा भइसकेको छ । सो चर्चाका क्रममा भनिएका कुराहरुको थप पुष्टिका लागि यहाँ सो मागलको पूर्ण पाठ प्रसतुत गरिएको छ । यस मागललाई बझाङ जिल्ला थली नौबिस अन्तर्गत सैनपसेला ८ निवासी ७२ वर्षिया चंखादेवी दौल्यालको मुखारविन्दुबाट तयार पारिएको हो ।

कासा[१] डाली ठूली पाण[२] बालो जन्म्यो छ
रुपा[३] डाली ठूली पाण बालो जन्म्यो छ
बालो क्या जन्म्यो बालो भक्तै रुवस[४]
बालाले रुपकी[५] छोड्यो[६] माथ जोली[७] बाट
माथाजोली धेकाउ बाला बेलेको गेणो[८]
बालाले[९] रुपकी छोड्यो चुन्नी[१०] जोलीबाट
चुन्नी जोली घेकाउबाला उदय सुर्ज
बालो रुपकी छोड्यो आँखी जोलीबाट
आँखी जोली घेकाउ बाला परेवा नजर
बालाले रुपकी छोड्यो नाक जोलीबाट
नाबजोली घेकाउ बाला छुरीको अनार[११]
बालाले रुपकी छोड्यो ओठ जोलीबाट
ओठ जोली धेकाउ बाला वटाऱ्यापिउला[१२]
बालाले रुपकी छोड्या दन्त जोलीबाट
दन्तजोली धेकाउ बाला दाणिमको[१३] बीउ छ
बालाले रुपकी छोड्या जीब्बा[१४] जोलीबाट
जीब्बाजोली धेकाउ बाला काकलको[१५] पात
चिउडा जोली घेकाउबाला पिपलको पात
बालाले रुपकी छोड्यो टोटली[१६] बाट
टोली घेकोउ वाला जलेवन टोली

१ कासको २ भूई ३ चाँदी ४ रुपवान ५ रुप ६ देखायो ७ भाग ८ दान ९ बालकले १० निधार ११ नक्कल
१२ एप प्रकारको फुल १३ अनारको १४ जिब्रो १५ एक प्रकारको पवित्र रुख १६ घाँटी

बालाले रुपकी छोड्यो कुमुजोलीबाट
कुमु जोनी घेकाउ वाला चिठ्याका देवल
वालाले रुपकी छोड्यो छाती जोलीबाट
छाती जोली धेकाउ बाला बिवरको[१७] गेडा
बालाले रुपकी छोड्यो कन्न[१८] जोलीबाट
कन्नजोली धेकाउ बाला कमलीको छाँट
बालाले रुपकी छोड्यो जाङ जोलीबाट
जाङजोलि धेकाउ बाला केलाइका रङ्छन्
बालाले रुपकी छोड्यो घुडा जोलीबाट
घुडा जोली धेकाउ बाला सुन दियाणा[१९]
बालाले रुपकी छोड्यो पिरणीबाट[२०]
पिरणीत घेकाउ बाला दुवा मुङणी[२१]
बालाले रुपकी छोड्यो पैतलीबाट
पैतलीमा हेरौ बाला मैरा पुतली
बालाले रुपकी छोड्यो अङौठीबाट
अङौठीमा हेरौ बाला सुपेली मुण[२२]
बालाले रुपकी छोड्यो कुर्कुच्चीबाट
कुर्कुच्ची धेकाउ वाला कुखुरी फुल
मागलका यी हरफहरु गाइसकेपछि खैटीका पुजाका मागल गाउने क्रम सुरु हुन्छ ।
छैठीका त रातेघर[२३] खैटीपूजा होली
खैटी पूजा होइरेभ्काली वियामाइरे[२४] आन्ना[२५]
कारेतुम वियामाइको जरमुन[२६] भयो,
चन्द्र र सुरीज हामरो जन्मुनभयो
चलौतमे वियामाइय मेरा ठुली पाण
कारेतुम वियामाइको जन्मुन भयो
चन्द्र र सुरी होइ सर्क्यालोक[२७]
सर्क्या लोक होइ तारीमण्डल
आइरे पौछ्राय[२८] वियामाइरे बादली मण्डल

१७ एक प्रकारको फल गुलियो तथा अमिलो फल १८ कम्मर १९ दियालो २० पिडुला २१ मुठी
२२ सपेली जस्तै शरीर २३ रातको समयमा २४ भगवान २५ आउलान २६ जन्म २७ आकाश २८ पुग्नु भयो

आइरे पौछ्या वियामाइरे नाउली मण्डल

आइरे पौछ्या वियामाइरे नाउली मण्डल

आइरे पौछ्या वियामाइरे तुलाणीगणा[२९]

देलकी देलठेली[३०] है उसई ठूली पाण

कारेतिर बिसाइ हाल्यो पञ्चघणुली[३१]

कारेतिर[३२] बिसाइ हाल्यो कासीको पट

कारेतिर बसिगया वियानमाइय

दाइनेतिर बिसाइहाल्यो पञ्चघणुली

बाँयातरि बिसाइहाल्यो बासको पट

मामु पाण बसिगया बियानमाइय

छैटीका त रातघेर खैटीपूजा भैछ

खैटी पूजा भैरे गैछ वियामाइ आया

वियामाइरे आइरेगया होरो हालन्ना

हाल तमे वियामाइय निकै होरो हाल

माथजोली हालयो होरो बेलको गेणी

चन्नीजोली हाल्यो होरो चानी चनरामा

हाल तमे वियोमाइयनिकै होरो हाल

आँखा जोली हाल्यो हारो परेवा नजर

नाक जोली हाल्यो होरो छुरीको अनार

ओठ जोली हाल्यो होरो बटाऱ्या पिउल

दन्त जोली हाल्यो होरो दाणिमको बीउ

जीव्वा जोली हाल्या होरो सरस्वती वाक्या

चिउडा जोली हाल्यो होरो पिपलको पात

हाल तमे वियोमय पूरै होरो हाल

टोटलीमा हाल्यो होरो जेवला टोटली

कुमु जोली हाल्यो होरो चिठाका देवा[३३]

पिठीमाथि हाल्यो होरो पिठ्यूको भैयालु[३४]

कोखीमुनी हाल्यो होरो कोखीको बालो

२९ अन्न फल्ने खेत ३० ढोकाको बिचमा ३१ पाँच ओटा गाग्री ३२ कतातिर ३३ ढोका मिलाए जस्ता ३७ भाइ

छातीमाथि हाल्यो होरो बिवरका गेडा
खातमुथि हाल्यो होरो सरस्वत्या रानी
हाल तमे वियामया पूरै हौ हाल
कन्न जोली हाल्यो होरो कमलकिो छाँट
जाङजोली हाल्यो होरो केलाइका रङ छन्
घुडा जोली हाल्यो होरो सुन दियाणा
पिरणीमा हाल्यो होरो दुवा मुङणी
हाल तमे वियोमाइय पूरै होरो हाल
पैतलीमा हाल्यो होरो मौरी पुतली
अडैठीमा हाल्यो होरो सपेलीमुण
कुर्कुच्चीमा हाल्यो होरो कुखरी फुल
खरखर लेख्यो होरो खरखर पढ्यो
हालतमे वियामाइय निकै होरो हाल

## परिशिष्ट 'च'

## विवाहको मागल

यस शोधपत्रको अध्याय ४ मा विवाहको मागलको सामान्य विश्लेषण र चर्चा गरिसकिएको छ । सो चर्चाका क्रममा भनिएका कुराहरुको पुष्टिका लागि यहाँ, सो मागलको पुर्ण पाठ प्रस्तुत गरिएको छ । यस मागललाई बझाङ जिल्ला लेकगाउँ गाविस वाड नं. ३ खोरी निवासी बर्ष ३२ का कृष्ण बहादुर बोहराद्धारा हस्तलिखित रुपमा प्राप्त गरी तथा सोही गाविस वडा नं. १ निवासी ८० वर्षिया टसीदेवी बुढाको मुखबाट तयार गरिएको हो ।

लङ्का गण[१] राजा घर बेटी जन्मी
त्यो बेटी कसु भण सुदीआई[२]
जेठा भाइय रामचन्द्र, कान्छा लछुमन[३]
माझिल्ला[४] त अर्जुन सुदीआई
बट्याउ बट्याउ[५] जीया मेरा पायाका मोछा[६]
बट्याउ बट्याउ जीया मेरा धन न धरप[७]
मुरे झानो लंका बेटी ब्याउनु

१ लङ्का भन्ने ठाउँ  २ कसका जुरेकी छ ३ लक्ष्मण ४ माहिला ५ तयार पार ६ जुत्ता ७ धन सम्पत्ति

बट्याउ बट्याउ जीया मेरा उरन घाघरी[८] पडालो
बट्याउ बट्याउ जीया मेरा टाटुउानो पडालो[९]
बट्याउ बट्याउ जीया मेरा नाख न वेसरी[१०]
बट्याउ बट्याउ जीया मेरा मुन्टा न मनेठी[११]
मुरे भानो मुरे भानो लंका वेटी व्याउन
दिभा बाला दिभा बाला दूधणीको[१२] मोल
तब भाउला लेका वेट व्याउनु
बेटी वियाइ जिया मेरा धेरे प लैजाउ
तब वेटी नातामाता[१३] धोली
तब तिरु दूधणीको मोल
छुपुकी छुपुकी[१४] पौछी[१५] जन्त वऱ्यात
तनकी[१६] चाइयो तनकी चाइयो सुनघेर मट्टी
तनकी चाइयो तनकी चाइो दुवे रे दैचामल[१७]
तनकी चाइो तनुकी चाइयो पैयालो[१८]
छाण[१९]  छाण नन्न[२०] मेरा देलीको वथान
मुरे भानो मुरे भानो आफ्नो भराण
मुरे भानो मुरे भानो बत्ती जुवार[२१]
मुरे भानो मुरे भानो स्वामी जुवार
छाण छाण नन्न मेरा देलीको वथान
ओर मही परमही पदमका फूल
माभ्रु[२२] मही उदय सुरिज
रोप रोप बाबा मेरा सुनधेरा खुम्बु
तन तिमे नत हिमे आसनै वस्ता
सनुघेर खुम्बु बाला धनीलडुका हुन्न ।
हमरा हुन्न, हमरा हुन्ना केलाडु खुम्बु
रोपरोप बाबा मेरा सुनघेर खुम्बु
हमरा हुन्न ड्डश्खुइका[२३] खुम्बु
तन हिमे आसनै न बस्ता

८ गुन्यू चोली  ९ पोतेको  हारो  १० नाकमा लगाउने गहना ११ टाउकोमा लगाउने कपडा १२ दुधको १३ कपडा  १४ बिस्तारै  १५  आइपुगी १६  तिनीहरुलाई  १७ अक्षता १८  पहेलो  १९ छोड २० नन्द २१ पुज्नु २२ विचको २३ उँखुका

हरा हुन्ना हमरा हुन्ना पैयाइका खुम्बु
आनआन बोवा मेरा सुनकी सुतली[२४]
सुनकी सतली बाला धनीलाइका होली
हमरा होली हमरा होली सुनकी सुतली
जोलो न सुपारी समाइ कन्न[२५] बादी हेल
जोलो [२६] न हदेली समाइ कन्न बादी हेल
सुन सुपारी समाइ कन्न बादी हेल
नत कन्या तन कन्या अवियाउ[२८] प रहन्छ
पहिली भाउरी रिटी अझ्र कन्या माइतैको धोको
दोसरी भाउरी रिटी अझ्र कन्या इजुइका कोल
तेसरी भाउरी रिटी अझ्र कन्या गोरुइकी ग्वाली
चौथी भाउरी रिटी अझ्रकन्या संगीको साथ
पाँचौ भाउरी रिटी अबकन्या स्वामीका साथ

२४ धागो २५ कम्मरमा २६  बाधले काम २७ जोडा २८ अविवाहित २९ घुम्ने काम (विवाह मण्डपमा)

## परिशिष्ट 'छ'

## न्वारनको मागल

यस शोधपत्रको अध्याय ४ मा न्वारनको मागलको बारेमा चर्चा गरिसकिएको छ। सो चर्चाका क्रममा लेखिएका कुराहरुको थप पुष्टिका लागि यहाँ, सो मागलको पूर्ण पाठ प्रस्तुत गरिएको छ। यो मागल बझाङ जिल्ला जाफ्री बस्ने वर्ष ३४ का जय बहादुर कडायतद्धारा हस्त लिखित तथा बझाङ सैन वस्ने ५७ बर्षिया धौलीदेवी रोकायको मुखाविन्दुबाट तयार गरिएको हो।

यसो[१] तनु[२] ठूली पाण क्या जग्यो रोपायो
क्रास डाली ठूली पाण बालो जन्म्यो
उसैकाम उसैकाम जगाये रोपाये
यसो जग्या यसो जग्या क्याउ थोक[३] चाइयो,
यसो जग्या यसो जग्या बत्ती देउ चाइयो,
यसो जग्या यसो जग्या गणेश देउ चाइयो,
कारे तुम गणेश देउको जरमनु भयो
कारे तुम गणेश देउको अवतार भयो,
परभत देउका थान जरमनु भयो,
यो जग्या ठुली पाण अवतार भयो
यसो जग्या केउथोकु, चाइयो,
यसो जग्या कलश देउ चाइयो,
कारे तुमु कलश देउको जरमनु भयो,
कारे तुमु कलश देउको अवतार भयो,
माल न मनेश[४] हमरो जरमनु भयो,
यसै जग्या ठूली पाण अवतार भयो
कारे तुमु नौग्रहको जरमनु भयो
कारे तुमु नौग्रहको अवतार भयो
कालंगाका देश हमारो जरमुन भयो
यसुड्ड्जग्या ठूला पाण हमरो अवतार भयो
तुमु[५] नवै ग्रहकाको हुन्ना बाबु

१ यस २ त्यस ३ के चिज ४ मधेश ५ तपाई

तमु नर्वै ग्रहका को हुन्ना माया

हुमु नवै ग्रहका आत्यि बाबु

हुमु नवै ग्रहका मातृदेउ माया

## परिशिष्ट 'ज'

## अन्नप्रसानको मागल

यस शोधपत्रको अध्याय अध्याय ४ मा अन्नप्रसानको मागलको बारेमा विश्लेषण गरिसकिएको छ । सो विश्लेषण का क्रममा गरिएका कुराहरुको पृष्टिका लागि यहाँ, सो मागलको पूर्ण पाठ प्रस्तुत गरिएको छ । यो मागल बझाङ जिल्ला सैनपसेला गाविस वडा न. ८ निवासी शिक्षिका बेलुदेवी दौल्यालद्धारा लिखित रुपमा प्राप्त गरी तथा सोही ठाउँ निवासी ४३ वर्षिया धनादेवी दौल्याल र ५१ वर्षिया बीर्मादेवी दौल्यालको मुखबाट तयार पारिएको हो ।

कास डाली ठूली पाण बालो जन्मयो

रुपाडाली ठूली पाण अन्नचखाई[1] भइछ

दुलहरी[2] बालाकी त केउ थोकु चाइयो

दुलहरी बालाकी त असरुपी चाँदी

कारे उब्जी गयो असरुपी चाँदी

माल रे उष्णी गयो असरुपी चाँदी

आन तमे बाबा मेरा असरुपी चाँदी

दुलहरी बालाकी त अन्न चखाइ होली

उसई काम उसई काम असरुपी चाँदी

दुलहरी बालाकी त केउथोकु चाइयो

दुलहरी बालाकी त रुपाघेर थाली

कारे उब्जी गाये रुपाघेर थाली

मालरे उब्जी गयो रुपाघेर थाली

दुलहरी बालाकीत अन्नचखाइ भइछ

उसैकाम रुपाघेर थाली चाइयो

१ अन्न खुवाउने काम २ दुधे बालक ३ पुफू ४ ढोग सलाम ५ आर्शिवाद ६ दीर्घजीवि ७ बज्यै

बालबाका पैजाले[३] अन्न चखाइ भइछ
जद्देउ[४] जद्देउ पैजा मेरा पाउकी ढोक छ
जिरेइ[५] बाला मानसिकी अजैमरु[६] भएइ
बालाका दिदीले अन्न चखाइे अऱ्यो
जद्देउ जद्देउ दिदी मेरा पाउकी ढोग्छ
जिरैभौला[७] मानिसकी अजैमरु भएइ
बालाका त वाज्याले अन्न चखाइ अनयो
बालाका त जिजाले अन्न चखाइ अनयो
जद्देउ जद्देउ वाज्या मेरा पाउकी ढोक छ
जद्देउ जद्देउ जिजा मेरा पाउकी ढोक छ
जिरेछ वाला मानिसकी अजैमरु भएइ
वालाका त बोवाले अन्न चखाइ अऱ्यो
जद्देउ जद्देउ बाज्या मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,
बालाका त जिजाले[८] अन्न चखाइ अऱ्यो
जद्देउ जद्देउ जिजा मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,
बालाका त बोवाले[९] अन्न चखाइ अऱ्यो।
जद्देउ जद्देउ बाबा मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,
बालाका त आमाले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ आमा मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,
बालाका त काकाले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ काका मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,
बालाका त नानीले[१०] अन्न चखाइ अऱ्यो,
बालाका त दाजुले अन्न चखाइ अऱ्यो,

३ पुफू ४ ढोग सलाम ५ आर्शिवाद ६ दीर्घजीवि ७ भाइ ८ बज्यै ९ पिता १० काकी

बालाका त बौजूले अन्न चखाइ अऱ्यो,
जद्देउ जद्देउ नानी मेरा पाउकी ढोक छ
जद्देउ जद्देउ बौजू मेरा पाउकी ढोक छ
जिरै वाला मानिसकी अजैमरु भएइ,

## परिशिष्ट 'झ'
## चूडाकर्मको मागल

यस शोधपत्रको अध्याय ४ मा चूडाकर्मको मागलको बारेमा सामान्य विश्लेषण भइसकिएको छ । सो विश्लेषणका क्रममा भनिएका कुराहरुको थप पृष्टिका लागि यहाँ, सो मागलको पूर्ण पाठ प्रस्तुत गरिएको छ । यो मागल बझाङ जिल्ला लेकगाउँ गाविस वडा न. ८ पुजारी कोट बस्ने ६२ बर्षिया  लालमती देवी पुजाराको  मुखबाट  तयार पारिएको हो ।

दुलहरी बालाकी त केश कटाइ भैछ
दुलहरी बालाकी त केउ थोकु चाइयो,
दुलहरी बालाकी त सुनहाऱ्या[१] कैची
कारे उब्जी गैछ सनहाऱ्या कैची
कारे उब्जी गैछ सनुहाऱ्या कैची
माल न मनेश होली सुनहाऱ्या कैची
कोर उब्जी गैछ सुनहाऱ्या काइयू
माल उब्जी गैछ  रुपाघेर काइयू
आनतमे  बोबाज्यूकी सनुहाऱ्या कैची
दुलहरी बालाकी त केश कटाइ भैछ
उसैकाम उसैकाम  सुनहाऱ्या कैची
दुलहरी बालाकी त केउ थोकु चाइयो,
कारे उब्जी गयो रुपाघेर थाली
माल उब्जी गयो रुपाघेर थाली
आनतमे  बोवा ज्यूकी रुपाघेर थाली
दुलहरी वालाकी त केश  कटाइ भइछ

२ सुनको हार जस्तो

कसु[२] महिना कसुबार केश कटाइ भइछ

असाजे महनिा शनिवार केश कटाइ भइछ

मेरा तनु इजुज्यूले धार्नी ध्यू घसायो

धार्नीज्यू घसायो केश भुइँमा जनफाल[३]

राख तमे बोवाज्यूकी रुपाथाली राख

बालाका त बाज्याले केश कटाइ अऱ्यो

बालाका त जिजाले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ बाज्या जिजा पाउकी ढोग्छ

बालाका त बोबाले केश कटाइ अऱ्यो

बालाका त आमाले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ बोबा, आमा पाउकी ढोग्छ

बालाका त काकाले केश कटाइ अऱ्यो

बालाका त नानीले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ काका, नानी पाउकी ढोग्छ

बालाका त दादाले केश कटाइ अऱ्यो

बालाका त बौजूले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ दादा, बौजू पाउकी ढोग्छ

बालाका त पौजूले केश कटाइ अऱ्यो

बालाका त दिदीले केश कटाइ अऱ्यो

जद्देउ जद्देउ दिदी, पौजू नानी पाउकी ढोग्छ

जिरै बाला जिरै बाला अजैमरु भएइ

सुनहाऱ्या केश काटी गङ्गामा सेलाइदेउ

तवैहोली गङ्ग जसी[४] मौल[५]

सुनहाऱ्या केश काटी तुलाणी[६] राख

तवैहोली तुल जसी मौल

सुनहाऱ्या केश काटी काक्रया फ्रुल राख

तवैहोली काक्राइ जसी मौल

सुनहाऱ्या केश काटी केली[७] ठाना राख

२ कुन ३ नफाल ४ जस्तै, समान ५ परिवार ६ अन्न फल्ने खेत ७ केरा

तवैहोली तवैहोली केली जसी मौल
सुनहाऱ्या केश काटी दुवाणी राख
तवैहोली तवैहोली दुवा जसी मौल
सुनहाऱ्या केश काटी फुलाणी राख
तवैहोली तवैहोली फूल जसी मौल
सुनहाऱ्या केश काटी पिपल छाया राख
तवैहोली तवैहोली पिपल जसी मौल

## परिशिष्ट 'ञ'

कन्यादानको मागल

यस शोधपत्रको अध्याय ४ ...... मा कन्यादानको मागलको बारेमा चर्चौ भइसकिएको छ । सो चर्चाका क्रममा उल्लेख गरिएका कुराहरुको पुष्टिकमा लागि यहाँ , सो मागलको पूर्ण पाठ प्रस्तुत गरिएको छ । यो मागल बझाङ जिल्ला व्याँसी गाविस झुटेडा निवासी श्री दुर्गा उच्च माविका प्रधानाध्यापक गंगादत्त जोशीद्धारा हस्तलिखित तथा बझाङ सैनपसेला निवासी ४७ वर्षिया रुणीदेवी दौल्याल एवंम् सोही ठाउँ निवासी ४९ वर्षिया किट्टीदेवी दौल्यालको मुखारविन्दुबाट उपलब्ध भएको हो ।

कसुका नातुर[१] हुन्ना कसुका पुतर[२] हुन्ना
वाज्याका नातुर हुन्ना बोबाका पुतर हुन्ना
कश्यप गोत्रले कन्यादान अऱ्यो
कन्यादान अऱ्यो छैप धर्मे प बोल्यो
कन्याका त बोबाले पाउ छाली[३] हेल्यो
पाउछाली घर्मे प बोल्या
अब भयो अब भयो धर्मको बाटो
अब भयो अब भयो पन्या पाराइन[४]
कन्याका त आमाले पाउ छाली हेल्यो
पाउछाली शिरमुथि राख्यो,
अब भयो अब भयो पन्या पाराइन
अब भयो अब भयो धर्मको बाटो

१ नाति २ छोरा ३ पखाली ४ पाप काटिने काम

कन्याका त बाज्याले पाउ छाली हेल्यो

पाउछाली शिरमुथि हाल्यो

कन्याका त जिजाले पाउ छाली हेल्यो

पाउछाली शिरमुथि हाल्यो

अब भयो अब भयो धर्मको बाटो

अब भयो अब भयो पन्या पाराइन

कन्याका त काकाले पाउ छाली हेल्यो

कन्याका त नानीले पाउ छाली हेल्यो

कन्याका त दादाले पाउ छाली हेल्यो

कन्याका त बौजूले पाउ छाली हेल्यो

कन्याका त दिदीले पाउ छाली हेल्यो

पाउछाली शिरमुथि हाल्यो

अब भयो अब भयो धर्मको बाटो

अब भयो अब भयो पन्या पाराइन

नारायणका जग्यामुनि धर्मै प अऱ्यो

अब भयो अब भयो धर्मको बाटो

सातै पुस्ता अघि सम्भी सातै पुस्ता पछि

गौल[५] दान भन्दा ठूलो बारे कन्यादान
माइतीका पितर ताइमुथि बस

पइलीका[६] पितर ताइमुथि बस

बस तमे पितरकी  ताइमुथि बस

माइतीका पितर आगाबाट[७] भाऊ[८]

पँइलकि पितर पाछाबाट[९] भाऊ

भाउन तमे पितरकी स्वर्गलोक

भान तमे पितरकी चौनन्नी[१०] पारी

सात न समुन्द्र पारी तरीप[११] गया

५ गाई ६ पाइली ७ अगाडि ८ जाऊ ९ पछाडि १० खोला ११ पारहुने काम